# ‘शौर्यगाथा’ महाकाव्यको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


शोधार्थी
श्रीराम पौडेल
शैक्षिक सत्र २०६५-२०६७
त्रि.वि. दर्ता नं. ६-३-१९-६८६-२००९
क्याम्पस रोल नं. २४



नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन
२०७३/२०१६

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी श्रीराम पौडेलले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत **'शौर्यगाथा' महाकाव्यको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| | |
|---|---|
| प्रा.डा. होमनाथ सापकोटा | ________________ |
| विभागीय प्रमुख | हस्ताक्षर |
| प्रा. कपिलमणि शर्मा रेग्मी | ________________ |
| शोधनिर्देशक | हस्ताक्षर |
| सहप्रा. गोविन्दराज विनोदी | ________________ |
| बाह्य परीक्षक | हस्ताक्षर |

मिति : २०७३/०७/२१
६ नोभेम्बर २०१६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र श्रीराम पौडेलले **'शौर्यगाथा' महाकाव्यको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७३/०६/१३


**कपिलमणि शर्मा रेग्मी**

प्राध्यापक

नेपाली विभाग

**वीरेन्द्र बहुमुखी क्याम्पस**

भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

प्रस्तुत **'शौर्यगाथा' महाकाव्यको अध्ययन** शीर्षकको शोधपत्र मैले नेपाली विषयको स्नातकोत्तर दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति आदरणीय गुरु प्राध्यापक कपिलमणि शर्मा रेग्मीज्यूको निर्देशनमा तयार पारेको हुँ । शोधपत्र लेखनका क्रममा आरम्भदेखि अन्तिम बिन्दुसम्म आफ्नो अमूल्य समय दिई महत्त्वपूर्ण सल्लाह, सुझाव र आवश्यक निर्देशन गर्नुहुने शोधनिर्देशक तथा आदरणीय गुरु कपिलमणि शर्मा रेग्मीज्यूप्रति म सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र लेखनका क्रममा स्वीकृति प्रदान गर्नुहुने र आवश्यक जानकारी एवं सम्बद्ध सामग्रीहरू उपलब्ध गराई सहयोग गर्नुहुने विभागीय प्रमुख प्रा.डा. होमनाथ सापकोटाज्यूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी शोध अनुसन्धानका क्रममा आवश्यक लिखित-प्रकाशित लेख रचना र सम्बद्ध सामग्री उपलब्ध गराउनुहुने कवि लकाश पौडेलप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अध्ययन र लेखनका क्रममा उचित सल्लाह, स्नेह र सद्भाव राख्नुहुने नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पसका गुरुजनप्रति आभारी छु ।

शोधपत्र तयारीका क्रममा आवश्यक सहयोग प्रदान गर्ने मित्र सन्तोष सापकोटा, डिल्लीप्रसाद दाहाल र महेश्वर भण्डारीलाई पनि धन्यवाद दिन चाहन्छु । साथै थुप्रै चुनौतीहरूलाई बुद्धिमत्तापूर्वक सामना गर्दै मलाई पढ्ने अवसर दिँदै यहाँसम्म पुऱ्याउनु हुने पूजनीय मातापिताप्रति म सदैव ऋणी छु । शोधपत्र तयारी गर्ने क्रममा लेखनकार्यलाई पूर्ण गर्न आत्मिक सहयोग गर्ने मेरी जीवनसङ्गिनी अनिता पौडेललाई पनि म धन्यवाद दिन चाहन्छु ।

यस शोधपत्रलाई शुद्ध रूपमा टङ्कण गरिदिनुहुने कालिका कम्प्युटर सर्भिसका गोत्रीय मित्र श्री महेश पौडेललाई हार्दिक धन्यवाद अर्पण गर्दछु ।

अन्तमा, प्रस्तुत शोधकार्य आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७३/०६/१३

..............................

**श्रीराम पौडेल**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| एम.ए. | मास्टर अफ आर्टस् |
| क्र.सं. | क्रम सङ्ख्या |
| चि.सा.प. | चितवन साहित्य परिषद् |
| चौ.सं. | चौथो संस्करण |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| त्रि.सा.प. | त्रिवेणी साहित्य परिषद् |
| दो.सं. | दोस्रो संस्करण |
| नं. | नम्बर |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.भा.प्र.सं. | नेपाली भाषा प्रकाशिनी समिति |
| पं. | पण्डित |
| पा.सं. | पाँचौं संस्करण |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| पृ. | पृष्ठ |
| बि.एड्. | ब्याचलर अफ एजुकेशन |
| मा.वि. | माध्यमिक विद्यालय |
| यु.एस.ए. | युनाइटेड स्टेट अफ अमेरिका |
| रु. | रूपैयाँ |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| संस्क. | संस्करण |
| सा.प्र. | साझा प्रकाशन |
| स्व. | स्वर्गीय |

# विषयसूची

**प्रथम परिच्छेद**

**शोधपरिचय**


१.१ विषय परिचय १

१.२ शोध समस्या २

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको विवरण र समीक्षा २

१.५ शोधकार्यको औचित्य र महत्त्व ५

१.६ शोधको क्षेत्र र सीमाङ्कन ६

१.७ सामग्री सङ्कलन विधि ६

१.८ शोधको सैद्धान्तिक ढाँचा ६

१.९ शोधपत्रको रूपरेखा ६


**द्वितीय परिच्छेद**

**महाकाव्यको सैद्धान्तिक परिचय**


२.१ पृष्ठभूमि ८

२.२ महाकाव्यसम्बन्धी पूर्वीय मान्यता ८

२.३ महाकाव्यसम्बन्धी पाश्चात्य मान्यता ११

२.४ महाकाव्यसम्बन्धी आधुनिक धारणाहरू १३

२.५ पूर्वीय र पाश्चात्य महाकाव्य-मान्यताको तुलनात्मक समीक्षा १६

२.६ महाकाव्यका तत्त्वहरू १७

२.६.१ कथानक १८

२.६.२ चरित्र १९

२.६.३ वर्णन वा परिवेश २०

२.६.४ उद्देश्य २०

२.६.५ रस २१

२.६.६ छन्द वा लय २१

२.६.७ भाषाशैली २२

२.७ निष्कर्ष २३

## तृतीय परिच्छेद

## लकाश पौडेलको जीवनवृत्त र उनको महाकाव्यकारिता

३.१ विषय परिचय २४
३.२ जीवनवृत्त २४
३.२.१ जन्म र जन्मस्थान २४
३.२.२ बाल्यकाल २५
३.२.३ शिक्षादीक्षा २६
३.२.४ वैवाहिक जीवन र पारिवारिक स्थिति २६
३.२.५ प्रेरणा र प्रभाव २७
३.२.६ भ्रमण २८
३.२.७ सम्मान तथा पुरस्कार २८
३.२.८ पेसा तथा संलग्नता २८
३.२.९ बसाइँ सराइ २९
३.२.१० व्यक्तित्व परिचय ३०
३.२.१०.१ बाह्य व्यक्तित्व ३०
३.२.१०.२ आन्तरिक व्यक्तित्व ३०
३.२.१०.३ कवि व्यक्तित्व ३०
३.२.१०.४ अनुसन्धाता व्यक्तित्व ३१
३.२.१०.५ सम्पादक व्यक्तित्व ३२
३.२.१०.६ सामाजिक व्यक्तित्व ३३
३.३ लकाश पौडेलको महाकाव्यकारिता ३४
३.४ निष्कर्ष ३६

## चतुर्थ परिच्छेद

## शौर्यगाथा महाकाव्यको अध्ययन

४.१ विषय प्रवेश ३८
४.२ संरचना ३८
४.३ रचना सन्दर्भ ३९

४.४ कथावस्तु ४०

४.४.१ आदिभाग ४३

४.४.२ मध्यभाग ४३

४.४.३ अन्त्यभाग ४४

४.५ पात्रविधान ४४

४.५.१ बलिपाध्या ४५

४.५.२ कीर्तिबम मल्ल ४६

४.५.३ नरसिंह मल्ल ४७

४.५.४ पृथ्वीनारायण शाह ४७

४.५.५ बहादुर शाह ४८

४.६ भावविधान ४९

४.६.१ ऐतिहासिक तथ्यको खोजी ५०

४.६.२ राष्ट्रभक्तिको भावना ५०

४.६.३ राजनीतिक अवस्था ५२

४.६.४ सामाजिक अवस्था ५३

४.६.५ धार्मिक-सांस्कृतिक अवस्था ५४

४.६.६ शैक्षिक अवस्था ५५

४.६.७ आर्थिक अवस्था ५६

४.६.८ प्रशासनिक अवस्था ५७

४.६.९ प्राकृतिक चित्रण ५८

४.६.१० नारी आदर्शको प्रस्तुति ५९

४.६.११ युद्ध वर्णन ५९

४.६.१२ कर्तव्य परायणता ६०

४.६.१३ जातीय पहिचानको प्रस्तुति ६२

४.७ परिवेश चित्रण ६२

४.८ उद्देश्य ६४

४.९ लयविधान ६४

४.१० उक्तिढाँचा ६७

४.११ भाषाशैली ६८

४.१२ रस ६८

४.१२.१ वीर रस ६९
४.१२.२ शृङ्गार रस ६९
४.१२.३ करुण रस ६९
४.१२.४ शान्त रस ६९
४.१३ अलङ्कार ७०
४.१३.१ शब्दालङ्कार ७०
४.१३.२ अर्थालङ्कार ७१
४.१४ शीर्षकीकरण ७२
४.१५ निष्कर्ष ७३

**पञ्चम परिच्छेद**

**निष्कर्ष तथा उपसंहार**

५.१ परिचय ७४
५.२ प्रथम परिच्छेदको निष्कर्ष ७४
५.३ द्वितीय परिच्छेदको निष्कर्ष ७४
५.४ तृतीय परिच्छेदको निष्कर्ष ७५
५.५ चतुर्थ परिच्छेदको निष्कर्ष ७५
५.६ पञ्चम परिच्छेदको निष्कर्ष ७६
५.७ उपसंहार ७६

**सन्दर्भसामग्रीसूची**

क) पुस्तकसूची ७८
ख) पत्रपत्रिकासूची ८०
ग) शोधपत्रसूची ८०

**परिशिष्ट :** शोधनायकको छायाँचित्र ८१

# प्रथम परिच्छेद

# शोधपरिचय

# प्रथम परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

लकाश पौडेल (लक्ष्मीकान्त शर्मा पौडेल) नारायणस्थान-८, गार्लुङ, बलेवा, बाग्लुङमा जन्मिएर भरतपुर-१०, दीपेन्द्रचोक, चितवनमा स्थायी बसोबास गर्दै आएका आधुनिक साहित्य सर्जक एवं महाकाव्यकार हुन् । संस्कृत साहित्यमा स्नातक एवं नेपाली विषयमा बी.एड्. र एम्.ए. समेत गरेका पौडेलमा ४१ वर्ष प्राध्यापन अनुभव पनि रहेको छ । सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर, चितवनमा नेपाली विभागका उप-प्राध्यापक पदमा आसीन पौडेल चितवन साहित्य परिषद्का संस्थापक कोषाध्यक्ष, साहित्य सङ्गम चितवनका पूर्व उपाध्यक्ष, प्रलेस, चितवनका सदस्य एवम् अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्टन डी.सी., यु.एस.ए. का आजीवन सदस्य समेत रहेका छन् । लकाश पौडेल नेपाली साहित्यका मुक्तक, गजल, कविता, कथा, निबन्ध, महाकाव्य जस्ता विविध विधामा कलम चलाउने व्यक्तित्व हुन् । नेपाली साहित्यका विविध विधाहरूमा कलम दौडाए पनि उनको लेखनीको मुख्य धार भने कविता नै हो । निवृत्त शिक्षक समाज, चितवन र नागरिक सरोकार मञ्च, चितवनका संस्थापक अध्यक्ष समेत रहेका पौडेलका विभिन्न विधामा हालसम्म यी ६ वटा कृति प्रकाशित भइसकेका छन् :

क) **पद्माञ्जलि** (२०७०) कवितासङ्ग्रह

ख) **गीताञ्जली** (२०७०) सूक्ति-काव्य

ग) **भावाञ्जलि** (२०७०) कवितासङ्ग्रह

घ) **शौर्यगाथा** (२०७१) महाकाव्य

ङ) **बहरका लहरहरू** (२०७१) (बहरबद्ध गजलसङ्ग्रह)

च) **फेसबुक सन्देश** (२०७१) मुक्तकसङ्ग्रह

चितवन जिल्लामा रहेर गुणात्मक र परिमाणात्मक दुवै दृष्टिले नेपाली भाषासाहित्यको सेवामा समर्पित पौडेलका बारेमा छिट फुटरूपमा अन्तर्वार्ता, संवाद र उनका कृतिका बारेमा केही पत्रपत्रिकामा टीका-टिप्पणी र चर्चा-परिचर्चा भए तापनि उनको

महाकाव्यकारिताको अध्ययन अनुसन्धान आजसम्म भएको देखिँदैन । यस्ता लेखक तथा साहित्यसर्जकका विषयमा खोज-अनुसन्धान गर्नु आजको आवश्यकता हो र उनको प्रतिभा, क्षमता र योग्यताको मापन गर्दै उनको **शौर्यगाथा** महाकाव्य कृतिको अध्ययन गर्नु समय सान्दर्भिक देखिएकाले उनका विषयमा गरिने शोधकार्य महत्त्वपूर्ण हुनेछ । त्यसैले शोधपत्रका निम्ति **'शौर्यगाथा' महाकाव्यको अध्ययन** विषयको चयन गरिएको छ ।

## १.२ शोध समस्या

**शौर्यगाथा** महाकाव्यको अध्ययन गर्नु यस शोध-कार्यको मुख्य समस्या रहेको छ । समस्यालाई विभिन्न बुँदाहरूमा यसरी समेटिएको छ :

क) महाकाव्यको सैद्धान्तिक स्वरूप कस्तो रहेको छ ?

ख) कवि लकाश पौडेलको जीवनवृत्त र उनको महाकाव्यकारिता के-कस्तो रहेको छ ?

ग) **शौर्यगाथा** महाकाव्यका मूलभूत विशेषताहरू के-के रहेका छन् ?

उपर्युक्त समस्याहरूको समाधानमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

शोधसमस्या अनुसार प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) महाकाव्यको सैद्धान्तिक स्वरूपको पहिचान गर्नु ।

ख) कवि लकाश पौडेलको जीवनवृत्त र उनको महाकाव्यकारिताको पहिचान प्रस्तुत गर्नु ।

ग) **शौर्यगाथा** महाकाव्यको अध्ययन गर्नु ।

प्रस्तुत शोधकार्य यिनै उद्देश्य पूरा गर्ने कार्यमा उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

सिर्जना तथा साहित्य भन्नु नै राष्ट्रका सर्जक तथा साहित्यकारहरूको महत्त्वपूर्ण योगदान हो । यसले राष्ट्रको सभ्यता, संस्कृति, रीतिरिवाज, परम्परा, ऐतिहासिकता आदिको

पहिचान गराउँछ । साहित्यका विविध विधाहरूमध्ये महाकाव्य आफैँमा बृहत् एवं महान् विधा हो । यस्तो विधामा कलम चलाई योगदान पुऱ्याउने कवि लकाश पौडेलको **शौर्यगाथा** महाकाव्यको अध्ययन विश्लेषण हुन सकेको छैन तर पनि हालसम्म कवि र महाकाव्यका बारेमा भएका केही महत्त्वपूर्ण अनुसन्धान, पत्रपत्रिकाहरूमा प्राप्त टिकाटिप्पणी र चर्चा-परिचर्चाहरूको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

गोविन्दराज विनोदीले *भावाञ्जलि कवितासङ्ग्रह : एक दृष्टि* नामको लेखमा लामो समयसम्म अध्यापन-प्राध्यापन कार्यका साथै सामाजिक सेवामा प्रवृत्त हुनुभएका लकाश पौडेलमा प्रतिभाको खानी छ र जीवनानुभूत सत्यहरूको निरीक्षण एवं शास्त्रज्ञान पनि छ । उहाँले आफ्नो प्रतिभा र व्युत्पत्तिको अजस्र स्रोतलाई काव्यिक यात्रामा प्रयोग गर्नु भएको छ (पौडेल, २०७० : भूमिका) भन्दै पौडेलको काव्यिक व्यक्तित्वमाथि प्रकाश पारेका छन् ।

लक्ष्मणप्रसाद गौतमले लकाश पौडेल बहुआयामिक व्यक्तित्व हुन् । चितवनका पुराना शिक्षाविद्, शिक्षण पेसामा दीर्घजीवन बिताएका कुशल शिक्षक र प्रशासक, कुशल प्राध्यापक, साजसेवी, मानव अधिकारवादी कार्यकर्ता, तर्कयुक्त बुद्धिजीवी आदि-आदि अनेकौँ विशेषणहरू उनको नामसँग जोडिएर आउँछन् । शालीन व्यक्तित्वका धनी पौडेलको कवि व्यक्तित्व पृथक् रूपमा सार्वजनिक भएको छ । भाव, भाषा र शैलीका बीचको समन्वित संयोजनबाट कथ्यलाई तरल बनाएर प्रस्तुत गरी कथ्यको परिपुष्टतातर्फ सचेत हुने विशेषता उनका कवितामा पाइन्छ (पौडेल, पूर्ववत्) भन्दै पौडेलको कवितात्मक प्रवृत्तिको चर्चा गरेका छन् ।

गोविन्दराज विनोदीले **गीताञ्जली** सूक्ति काव्यमा कवि लकाश पौडेलले जे जति सृजना गर्नुभएको छ ती सुन्दर छन् । उहाँमा राजशेखरले भने जस्तै कारयित्री र भावयित्री दुवै थरी प्रतिभा भएकाले उहाँ सृजन र समीक्षण दुवैतर्फ प्रवृत्त हुनुभएको पाइन्छ । उहाँमा काव्यिक प्रतिभाको मात्रा अधिक छ र त्यो निकै बलशाली पनि छ (पौडेल, २०७० : आवरण पृष्ठ) भनेका छन् ।

**पारदर्शी** राष्ट्रिय दैनिकमा डा. मतिप्रसाद ढकालले *लकाशको फेसबुक सन्देश* शीर्षकमा पूर्वीय साहित्य सिद्धान्तलाई स्वीकार गर्ने कवि व्यक्तित्वका रूपमा पौडेललाई प्रस्तुत गरेका छन् (पारदर्शी, २०७१ : ख) ।

त्यसैगरी **मुक्तिक्षेत्र** राष्ट्रिय दैनिक पत्रिकामा *शौर्यगाथाको लोकार्पण* शीर्षकमा लकाशद्वारा रचित **शौर्यगाथा**ले भाषा र साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ भन्दै भाषा साहित्य र संस्कृतिको जगेर्ना गर्नका लागि लकाशको काव्यिक योगदान महत्त्वपूर्ण रहेको जनाइएको छ (मुक्तिक्षेत्र, २०७१ : १) ।

लेखक मोदनाथ प्रश्रितद्वारा **शौर्यगाथा** महाकाव्यको बाहिरी आवरणको पछिल्लो भागमा साहित्य साधक लकाश पौडेलद्वारा ऐतिहासिक विषयवस्तुलाई टिपेर कल्पनाकलाद्वारा सत्यको निरूपण गरी महाकाव्यकृतिको रचना हुनु गौरवपूर्ण कार्य हो । प्राचीन पर्वतराज्य र यसको परिचय हुने गरी नेपालको इतिहासमा प्रायः ओझेलमा परेका आयामहरूलाई खोजेर सृजना गरिएको **शौर्यगाथा** महाकाव्यको लोकप्रियताको कामना सहित निरन्तर साहित्यिक साधनाको कामना गरिएको छ (पौडेल, २०७१ : आवरण पृष्ठ) ।

त्यसै गरी डा. लक्ष्मणप्रसाद गौतमले प्रस्तुत कृतिको बाहिरी आवरणमै कविका रूपमा परिचित लकाश पौडेल **शौर्यगाथा** कृतिका माध्यमबाट महाकाव्यकारका रूपमा समेत उपस्थित भएका छन् । नेपाली महाकाव्य परम्पराको इतिहासबोधका केन्द्रीयतामा रहेर इतिहास चेतना, संस्कृति चेतना, युगचेतना र वंशपरम्पराका अतीत बोधसमेतलाई समेटेर विचरण गर्ने तथा आजको पुस्तालाई आफ्नो अस्तित्व पहिचान एवम् अतीतका शौर्य र पराक्रमको पाठ पढाउने महाकाव्यकारका अभीष्ट यस महाकाव्यमा पूर्ण रूपले परिलक्षित भएको पाइन्छ । पार्वत्य सभ्यता र संस्कृतिमाथिको व्यापक खोज यस महाकाव्यको सम्प्राप्ति हो र पार्वत्य सभ्यता र संस्कृतिमाथि हामीले गर्व गर्नुपर्ने अभिप्राय यस महाकाव्यमा व्यक्त भएको छ (पौडेल, २०७१ : आवरण पृष्ठ) भन्दै विविध दृष्टिकोण र काव्य अभिप्रायलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत कृतिको प्रकाशकीय खण्डमा प्रा.डा. नारायणप्रसाद खनालले धवलागिरी अञ्चल पर्यटकीय दृष्टिले मात्र होइन, ऐतिहासिक, धार्मिक आदि अनेक दृष्टिले महत्त्वपूर्ण छ । यहाँको बृहत् पर्वतराज्य र यसका वरपर रहेका वर्तमान बाग्लुङ, म्याग्दी, पर्वत र मुस्ताङ तथा यिनका भित्र रहेका भुरे-टाकुरे राज्यदेखि आजको नयाँ नेपालसम्म आइपुग्दा यिनको इतिहास बेलाबखत प्रकाशन हुने गरेको हो तर बाग्लुङको बलेवामा आई बसेका

आफ्ना आत्रेयवंशीय पुर्खाको राज्य सञ्चालनमा रहेको योगदान, वीरता, साहस, वैदुष्य, सामर्थ्य जस्ता कुराहरूलाई कविता कलाका माध्यमबाट छन्दोबद्ध भाषामा आवद्ध प्रस्तुत महाकाव्य आफ्ना क्षेत्रको अपूर्व एवं प्रथम महाकाव्य नै हो भनेका छन् (पौडेल, २०७१ : आवरण पृष्ठ) । यसरी **शौर्यगाथा** महाकाव्यको महत्तामाथि प्रकाश पार्दै यसको चौतर्फी महत्त्वको पक्षमा जोड दिइएको छ ।

त्यसैगरी लेखक गोविन्दराज विनोदीले **शौर्यगाथा** महाकाव्यको प्रदक्षिणा शीर्षकमा प्रस्तुत काव्यकृतिले विषयवस्तुको विस्तृतता र गहनतालाई आत्मसाथ गर्दै उदात्त विषय, उदात्त पात्र र उद्देश्यगत उदात्तलाई समेत बहन गरेकाले महाकाव्यकै कोटिमा आफूलाई निशङ्कोच उभ्याउन सकेको छ भन्दै देकवोटा, सोमनाथ सिग्द्याल, बालकृष्ण सम र लेखनाथ हुँदै लकाश पौडेलसम्मको महाकाव्य यात्राले नेपाली वाङ्मयलाई ऊर्जाशील बनाएको छ (पौडेल, २०७१ : भूमिका) भन्ने तथ्य अघि सार्दै कृति र कृतिकारको महत्त्वगान गरेका छन् ।

यसरी कवि लकाश पौडेल र उनको काव्यिक व्यक्तित्व एवं **शौर्यगाथा** महाकाव्यको जति पनि पूर्वकार्य भएका छन् ती सबैको अध्ययन गर्दा उनको काव्यिक व्यक्तित्व र **शौर्यगाथा** महाकाव्यले समय-समयमा थोरबहुत स्थान र चर्चा पाएको भए पनि नेपाली साहित्यको उत्थानमा महत्त्वपूर्ण अभिभारा बोकेको प्रस्तुत महाकाव्यको चौतर्फी रूपमा अध्ययन-विश्लेषण अपेक्षित रूपमा ज्यादै कम मात्रामा भएको पाइन्छ । भएका अध्ययन पनि प्रायः सबै अपूर्ण नै देखिन्छन् । अतः हालसम्म स्थापित महाकाव्यगत मूल्य, मान्यता र बदलिँदो परिवेशअनुसार **शौर्यगाथा** महाकाव्यको अध्ययनमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

कवि लकाश पौडेलको **शौर्यगाथा** महाकाव्यको अध्ययन-अनुसन्धान नभएको र सो कार्यमा यो शोध अघि बढेकाले यसको महत्त्व बढी रहेको छ । **शौर्यगाथा** महाकाव्यको महाकाव्यगत अवस्थालाई नजिकबाट नियाल्दै त्यसका विविध पक्षमाथि जानकारी प्रस्तुत गरी अध्ययन गर्न खोज्ने जिज्ञासुहरूका लागि यो थप सामग्री बन्ने छ । यसका अतिरिक्त

यस शोधकार्यबाट ओभ्फेलमा परेका तथा मोफसलका प्रतिभा र काव्यकृतिको पहिचान समेत हुनेछ । त्यसैले यस शोधकार्यको औचित्य र महत्त्व स्वतः सिद्ध भएको छ ।

## १.६ शोधको क्षेत्र र सीमाङ्कन

कवि लकाश पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका आलोकमा **शौर्यगाथा** महाकाव्यको अध्ययन गर्नु यस शोधपत्रको मुख्य क्षेत्र रहेको छ भने उनको **शौर्यगाथा** महाकाव्यबाहेक अन्य पक्ष र कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कनमा नजानु यस शोधकार्यको सीमाङ्कन रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रका निम्ति सामग्री सङ्कलन पुस्तकालयीय पद्धतिबाट गरिएको छ । स्रष्टा एवं कृतिकारका बारेमा प्रकाशित विभिन्न पुस्तक, पत्रपत्रिका आदिमा प्रकाशित लेख, रचना, समीक्षा, समालोचना आदिलाई शोध सामग्रीका रूपमा प्रयोग गरिएको छ । साथै क्षेत्रीय पद्धतिका आधारमा शोधनायकसँगको मौखिक अन्तर्वाताका माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ । यसरी यस शोधकार्यका लागि मूल रूपमा पुस्तकाध्ययन विधि र आंशिक रूपमा क्षेत्रीय विधिको समेत प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ ।

## १.८ शोधको सैद्धान्तिक ढाँचा

कवि लकाश पौडेलको जीवनी र व्यक्तित्वको अध्ययनका लागि जीवनीपरक समालोचनाको पद्धतिलाई स्वीकार गरिएको छ भने **शौर्यगाथा** महाकाव्यको अध्ययनमा विधासिद्धान्त अर्थात् महाकाव्यका प्रमुख तत्त्व वा घटकहरूलाई सैद्धान्तिक आधार बनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको आन्तरिक संरचनालाई व्यवस्थित रूप दिनका लागि पाँच परिच्छेदमा विभाजन गरिएको छ :

**प्रथम परिच्छेद : शोध परिचय**

यस परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ । यस अन्तर्गत विषय-परिचय, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधक्षेत्र र सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधको सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**द्वितीय परिच्छेद : महाकाव्यको सैद्धान्तिक स्वरूप**

यस परिच्छेदमा महाकाव्यको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ । यस अन्तर्गत विषयप्रवेश (पृष्ठभूमि), महाकाव्य सम्बन्धी पूर्वीय मान्यता, पाश्चात्य मान्यता, महाकाव्यसम्बन्धी आधुनिक धारणा, पूर्वीय र पाश्चात्य महाकाव्यका तत्त्वहरू र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**तृतीय परिच्छेद : लकाश पौडेलको जीवनवृत्त र उनको महाकाव्यकारिता**

यस परिच्छेदमा काव्यकारको जीवनवृत्त र उनको महाकाव्यकारिता प्रस्तुत गरिएको छ । यस अन्तर्गत लकाश पौडेलको जीवनवृत्त, स्रष्टा व्यक्तित्व, उनको महाकाव्यकारिता र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**चतुर्थ परिच्छेद : शौर्यगाथा महाकाव्यको अध्ययन**

यस परिच्छेदमा **शौर्यगाथा** महाकाव्यको अध्ययन प्रस्तुत गरिएको छ । यस अन्तर्गत विषय प्रवेश, संरचना, कथानक, पात्रविधान, भावविधान, परिवेश चित्रण, उद्देश्य, लयविधान, उक्ति ढाँचा, भाषाशैली, रस, अलङ्कार, शीर्षकीकरण आदि आधारमा विश्लेषण र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**पञ्चम परिच्छेद : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा उपसंहार तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी शोधपत्रको पूर्वभागमा निर्देशकको मन्तव्य, स्वीकृति पत्र र कृतज्ञता ज्ञापन समावेश गरिएको छ भने पश्चभागमा सन्दर्भसूची र परिशिष्ट समेत समावेश गरी साङ्गोपाङ्ग रूपमा शोधपत्र प्रस्तुत गरिएको छ ।

# द्वितीय परिच्छेद

# महाकाव्यको सैद्धान्तिक परिचय

# द्वितीय परिच्छेद

# महाकाव्यको सैद्धान्तिक परिचय

## २.१ पृष्ठभूमि

साहित्य अन्तर्गत पर्ने विविध विधाहरूमध्येको एउटा विधा महाकाव्यलाई चिन्नुअघि साहित्यका बारेमा जान्नुपर्ने हुन्छ । पश्चिममा 'लिटरेचर' र पूर्वमा 'काव्य' शब्दको पर्यायवाची बनेर यो शब्द आएको छ ।

हजारौं वर्ष पहिले छापाखानाको अभाव हुँदा साहित्यिक प्रतिभाहरूले कैयौं वर्ष लगाई हातैले पुस्तक तयार गर्दथे । यस्तो बेलामा नाटक आदिलाई मञ्चन गराउने र महाकाव्य, खण्डकाव्य आदिलाई सुनाउने गर्दथे । यसै आधारमा काव्यलाई दृश्य र श्रव्य गरी दुई हाँगामा विभाजित गरिएको पाइन्छ । हाल आएर 'साहित्य' शब्दले 'काव्य' शब्दको भन्दा व्यापक अर्थ समेट्न थालिसकेको छ । 'काव्य' शब्द महाकाव्य, खण्डकाव्य, गीतिकाव्य आदिमा रुढ हुन पुगेको छ । तर यी दुवैको अर्थमै फरक भने भएको छैन । अझैसम्म पनि 'काव्य' शब्द साहित्यको रूपमा प्रयोग भइ नै रहेको छ ।

साहित्यका व्यापक र सीमित गरी दुई अर्थहरू रहेका छन् । व्यापक अर्थमा यसले समस्त वाङ्मयलाई बुझाउँछ भने सीमित अर्थमा केवल गद्य, पद्य र चम्पूलाई बुझाउँछ । यीमध्ये पद्य अन्तर्गत पर्ने प्रबन्ध काव्य र मुक्त काव्यमध्ये प्रबन्ध काव्यको बृहत, बृहत्तर रूपलाई नै महाकाव्य भनेर चिनिएको छ ।

महाकाव्यलाई चिनाउनका लागि पूर्वीय तथा पाश्चात्य साहित्य चिन्तकहरूका विचारहरू अघि सारिएको छ । यसै गरी महाकाव्य सम्बन्धमा व्यक्त भएका अन्य धारणाहरूलाई पनि यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## २.२ महाकाव्यसम्बन्धी पूर्वीय मान्यता

पूर्वीय साहित्यमा एकैपटक महाकाव्य चिन्तनको थालनी भएको देखिँदैन । सबभन्दा पहिले **अग्निपुराण**को कथनअनुसार - "सङ्क्षेपमा अभीष्ट अर्थ व्यक्त गर्ने दोषरहित,

गुणसहित पदावली नै काव्य हो" (उपाध्याय, १९६२ : ३०) भन्दै सिङ्गो काव्यको परिचय दिइएको छ । त्यसपछि मात्रै साहित्यका विधा विशेषको चिन्तन भएको पाइन्छ । यसरी **अग्निपुराण**ले सिङ्गो काव्यलाई चिनाएझैँ नाटकको क्षेत्रमा आचार्य भरतमुनिले प्रशस्त चिन्तन गरेका देखिन्छन् ।

महाकाव्य विधाका पहिला चिन्तक आचार्य भामह (पाँचौँ शताब्दी) हुन् । उनका अनुसार - "लामो कथानक नभएको, महान चरित्रमा आधारित नाटकीय पञ्चसन्धि समन्वित, उत्कृष्ट एवम् अलङ्कृत शैलीमा रचित तथा जीवनका विविध रूप र कार्यहरूको वर्णन गर्ने सर्गबद्ध र सुखान्त काव्य नै महाकाव्य हो" (भामह, २०३८ : १९-२०) ।

आचार्य भामहको यो परिभाषाले तत्कालीन **रामायण** र **महाभारत** जस्ता ग्रन्थहरू लक्ष्यग्रन्थ बनेको अनुमान गर्न सकिन्छ । लामो कथानकलाई मान्यता नदिनुले केही विवाद उब्जाए पनि यसले महाकाव्यको अनावश्यक विस्तारतर्फ मात्रै सङ्केत गरेको अनुमान गर्न सकिन्छ ।

भामहपछि महाकाव्यका बारेमा केही विस्तृत रूपले आचार्य दण्डीले परिभाषा दिएका छन् । उनका अनुसार - "महाकाव्य आशीर्वाद, नमस्कृया वा वस्तुनिर्देशमध्ये कुनै एकबाट थालिएको हुनुपर्छ । सर्गबद्ध र इतिहास प्रसिद्ध कथानक भएको, सदाश्रयी, चतुर्वर्गफलप्राप्ति, चतुर एवम् उदात्त किसिमको कथानक हुनुपर्दछ । नगर, शैल, सागर, चन्द्रोदय तथा उत्सवादि वर्णन गरिएको हुनुपर्छ । त्यस्तै मन्त्रदूतप्रयाणादि र नायकको उदयको वर्णन गरिएको अलङ्कृत, सङ्क्षिप्त, रसनिरन्तरतायुक्त, सन्तुलित सर्गयुक्त, पञ्चसन्धि समन्वित एवं लोकरञ्जक कथानक भएको स्थायी हुन्छ" (दण्डी, २०२८ : १४-१९) ।

दण्डीले यस परिभाषामा महाकाव्यलाई केही व्यापक र व्यवस्थित विधाका रूपमा देखाउन खोजे पनि 'संक्षिप्त' शब्दको प्रयोगले भामहकै अनुसरण गरेको देखिन्छ ।

दण्डीपछि आचार्य रुद्रटले महाकाव्यलाई यसरी चिनाएका छन् :

"महाकाव्यमा कथानक कल्पित वा अकल्पित जुनसुकै भए तापनि महान् हुन्छ । यस कथानकभित्र अवान्तर कथाहरू पनि समाविष्ट हुन सक्छन् । यसले युग र जीवनको विविध चित्रण गर्दछ । नायक सर्वगुण सम्पन्न, द्विजकुलोत्पन्न र शक्तिमान हुनुका साथै युद्धमा विजय समेत हाँसिल गर्नसक्ने खालको हुन्छ" (रुद्रट, २०३२ : ५-७) ।

रुद्रटका अनुसार महाकाव्यमा नायक र कथा-उपकथाहरूको उपस्थिति विशेष किसिमको हुनुपर्दछ ।

रुद्रटपछि हेमचन्द्रले महाकाव्यलाई यसरी परिभाषित गरेका छन् :

“पद्यबद्ध रूपमा प्रायः संस्कृत, अप्रभंश आदि भाषामा विभिन्न कथानकलाई लिएर शब्दवैचित्र्य, अर्थ वैचित्र्य, रसयुक्त, छन्दोबद्ध एवं लोकरञ्जक गुण बोकेको काव्य नै महाकाव्य हो” (हेमचन्द्र, १९३४ : ३९५) ।

आचार्य हेमचन्द्रले पहिलोपटक संस्कृतेतर भाषालाई पनि महाकाव्योचित भाषा मानेका छन् । महाकाव्यमा शब्द वैचित्र्य र अर्थ वैचित्र्यको प्रसङ्ग पनि उल्लेख गरेका छन् । त्यसैले यस परिभाषामा केही नयाँपन र समसामयिकता भेटिन्छ ।

संस्कृत साहित्यका अर्का चिन्तक आचार्य विश्वनाथले महाकाव्यलाई यसरी चिनाएका छन् -

“महाकाव्य सर्गबद्ध हुन्छ र त्यसको नायक सुर, सदवंशी, क्षेत्रीय एकै वंशको वा एकै वंशका धेरै पनि हुन सक्छन् । शृङ्गार, वीर र शान्तमध्ये कुनै एक अङ्गी र अन्य अङ्गरस हुनुपर्दछ । इतिहास प्रसिद्ध र सज्जनाश्रित हुनुपर्दछ । सुरुमा वस्तुनिर्देशन वा नमस्कृया वा आशीर्वाद रहनुपर्दछ । सज्जनको गुणगान र दुर्जनको निन्दा गरिएको हुनुपर्दछ । न धेरै लामा, न धेरै छोटा र कम्तिमा आठ वटा सर्गहरू हुनुपर्दछ । सर्गान्तमा भावीसर्गको सूचना दिनुपर्छ । सम्पूर्ण कालचक्र (सन्ध्या, प्रभात, इन्दु, रजनी, ध्वान्त, मध्याह्न्न आदि) सम्पूर्ण ऋतुचक्र, स्वर्गदेखि धरतीसम्मको र धरतीदेखि स्वर्गसम्मको सम्पूर्ण परिवेशको वर्णन गरिनु पर्दछ । सम्भोग, विप्रलम्ब, पुत्रोत्पत्ति आदिको वर्णन गरिनु पर्छ र सत्को विजय देखाइनु पर्छ । नायक, कथानक वा कविको नामबाट काव्यको नामकरण गरिनुपर्छ । विविध छन्दको प्रयोग गरिनुका साथै सर्गान्तमा छन्द बदल्नु पर्दछ” (विश्वनाथ, सन् १९६३ : ५४९) ।

आचार्य विश्वनाथको यस परिभाषाले महाकाव्यका प्राचीन लक्षणसूत्रहरूलाई समर्थन मात्र नगरी केही समसामयिकतालाई पनि समेटेको देखिन्छ । महाकाव्यमा चतुर्वर्गफलमध्ये कुनै एउटाको कलासिद्धिको सङ्केत गर्नुले परिभाषा बढी ललित काव्यतर्फ झुकेको देखाउँछ । त्यस्तै अङ्गीरसको प्रयोगमा करुण रसको उल्लेख नगर्नुले पनि आर्ष महाकाव्यलाई

वेवास्ता गरी ललितकाव्यतर्फ स्वीकृति जनाएको देखाउँछ । यिनै कारणहरूले गर्दा विश्वनाथको यो परिभाषा बढी उपयुक्त बन्न पुगेको छ ।

विश्वनाथपछि आचार्य जगन्नाथले सिङ्गै काव्यलाई परिभाषित गरेकाले भामहदेखि विश्वनाथसम्मका परिभाषालाई मात्र महाकाव्यका परिभाषाका रूपमा लिन सकिन्छ । यिनीहरूमा क्रमशः युगानुकूल परिवर्तन वा समसामयिकताको प्रवेश भएको देखिन्छ । यी सबै परिभाषाहरूलाई समग्रमा भन्नुपर्दा भामह र दण्डीका परिभाषाले आर्ष महाकाव्यलाई लक्ष्यग्रन्थ बनाएका छन् र अन्य आचार्यका परिभाषाहरूले ललित महाकाव्यलाई नै आफ्ना परिभाषाका आधारग्रन्थ बनाएका देखिन्छन् ।

संस्कृत आचार्यहरूले दिएका यी सबै परिभाषाहरूलाई समेटेर भन्नुपर्दा - "युग र जीवनका विविध पक्षको विशाल चित्रण भएको, संस्कृत र संस्कृतेतर भाषामा लेखिएको कुनै उच्च कुलीन महान् चरित्रको उदात्त कथानकयुक्त सर्गबद्ध, छन्दोबद्ध र पञ्चसन्धि समन्वित श्रुतिरम्य र आलङ्कारिक शाश्वत काव्यकृति नै महाकाव्य हो" भन्न सकिन्छ ।

## २.३ महाकाव्यसम्बन्धी पाश्चात्य मान्यता

पाश्चात्य साहित्यमा युनानी कवि होमरका **इलियट** र **ओडेसी** जस्ता प्रसिद्ध महाकाव्यहरूद्वारा साहित्य सिर्जनाको सुरुवात भएको पाइन्छ । त्यस्तै सिङ्गो साहित्य चिन्तनको पम्परा प्लेटो (इ.पू. ४२७-३५७) ले बसाएको पाइन्छ (सुवेदी, २०३० : १) तर महाकाव्यका पहिला चिन्तकका रूपमा भने अरस्तु (इ.पू. २८४-३२२) देखापरेका छन् । अरस्तुले महाकाव्यकै निम्ति छुट्टै चिन्तन नगरे पनि ट्रेजेडीको चर्चाका क्रममा आफ्नो ग्रन्थ काव्यशास्त्र (पेरिपोइटिकेस) को अध्याय २२, २३ र २४ मा ट्रेजेडी र महाकाव्यका बीच तुलना गरेका छन् । यसै क्रममा उनी भन्छन् - "महाकाव्यमा आफ्ना सीमामाथि विस्तार गर्ने विशिष्ट क्षमता हुन्छ" (चतुर्वेदी, सन् १९८१ : ४६) । त्यस्तै अर्को प्रसङ्गमा उनी भन्छन् - "जहाँसम्म यस्तो काव्यकृतिको प्रश्न छ, जसको रूप आख्यानात्मक तथा छन्द एउटा मात्र प्रयोग भएको हुन्छ । कथानकको विकास आदि, मध्य र अन्त्य भएको एक पूर्ण घटनाको उल्लेख हुनुपर्छ र यसले एउटा जीवन्त प्राणीले जस्तै आनन्द प्रदान गर्दछ" ( चतुर्वेदी, सन् १९८१ : ४६) ।

अरस्तुको यो परिभाषालाई महाकाव्यका चिन्तनका क्रममा भएको पहिलो आवाजका रूपमा निकै महत्त्वपूर्ण रूपमा लिइन्छ ।

अर्का पाश्चात्य काव्यचिन्तक एबर क्रम्बेले महाकाव्यलाई साहित्यिक र ऐतिहासिक हाँगाहरूमा विभाजन गर्दै "आलङ्कारिक रूपमा मनोरञ्जक पाराले लेखिएकोलाई साहित्यिक र ऐतिहासिक पाराले कथानकमा समयानुरूप लिएको महाकाव्यलाई ऐतिहासिक महाकाव्य" भनेका छन् (क्रम्बे, सन् १९६० : २५) ।

अर्का विद्वान् आइ.टी. मेयर्सले - "महाकाव्यको नायक उच्च एवं उदात्त गुणयुक्त र सद्भावले पूर्ण हुनुपर्छ" भन्दै महाकाव्यमा काव्योचित नायकको अपेक्षा गरेका छन् (मेयर्स, १९२८ : १९) ।

समालोचक सी.एम. बाबराका विचारमा - "त्यो बृहदाकार कथात्मक काव्य महाकाव्य हो, जसमा महत्त्वपूर्ण र गरिमामय घटनाहरूको वर्णन हुन्छ तथा जसमा केही पात्रहरूको क्रियाशील एवं भयङ्कर कार्यले भरिएको जीवनकथा हुन्छ । त्यो पढ्दा हामीलाई घटना र पात्रहरूले हाम्रो हृदयमा मानवीय उपलब्धिहरू तथा गौरव र महत्त्वप्रति दृढ आस्था उत्पन्न गरिदिन्छन्" (बाबरा, सन् १९४५ : १६) ।

इन्साइक्लोपेडिक डिक्सनरीले - "नायकका चामत्कारिक कार्यहरूका बारेमा लेखिएको वर्णनात्मक कविता नै महाकाव्य हो" भनी महाकाव्यको गुण निर्धारण गरेको छ (वेष्टर इन्साइक्लोपेडिक डिक्सनरी अफ इङ्गलिस ल्याङ्वेज, १९७०) ।

पश्चिमी विद्वान् स्टिन वर्गले सम्पादन गरेको विश्वकोषमा "वीरतापूर्ण कार्यको सुविस्तृत रूपमा वर्णन गरिएको वर्णनात्मक कविता नै महाकाव्य हो । यसमा नायक प्रायः एउटै हुन्छ । उच्चतर राष्ट्रियता, सार्थकता, शौर्य प्रमाण एवं अति मानवीय विस्तृत वर्णन समेत हुन्छ" भन्दै महाकाव्यको चिनारी दिएको छ (स्टिनवर्ग, सन् १९९५ : ९७) ।

त्यस्तै अर्को ग्रन्थ ग्लोसरी अफ लिटरेरी टर्मका अनुसार - "यो गम्भीर रूपमा लेखिएको, आख्यानात्मक एवं आलङ्कारिक पदावलीहरूको प्रयोग गरिएको, दैवी वा अर्धदैवी पात्रको समावेश भएको औपचारिक शैली एवं वृत्ताकारमा लेखिएको हुन्छ" (अ ग्लोसरी अफ लिटरेरी टर्म, १९९३ : ५३) ।

यी सबै परिभाषाहरूबाट महाकाव्य निम्नलिखित विशेषताहरूले भरिएको विधाविशेषका रूपमा रहेको देखिन्छ :

क) वर्णनात्मक कविता

ख) महान् नायकको महान् कथानक

ग) छन्दोबद्ध एवम् आलङ्कारिक संयोजन

घ) सिङ्गो युग, समाज, सभ्यता र संस्कृतिको प्रतिबिम्ब ।

यी सबै परिभाषाहरूलाई समेटेर भन्नुपर्दा "महान् नायक र महान् कथानक बोकेको आलङ्कारिक, छन्दोबद्ध अनि लामो वर्णनात्मक कवितायुक्त पद्यमय रचना नै महाकाव्य हो" भन्न सकिन्छ ।

## २.४ महाकाव्यसम्बन्धी आधुनिक धारणाहरू

महाकाव्यका सन्दर्भमा व्यक्त भएका पूर्व र पश्चिमका धारणाहरू बाहेक केही भारतीय एवं नेपाली विद्वान्हरूका परिभाषाहरूलाई पनि यहाँ उल्लेख गरिएको छ ।

भारतीय समालोचक एवं पूर्वीय साहित्यशास्त्रका व्याख्याकार नागेन्द्रले महाकाव्यलाई उदात्त कथानकयुक्त, उदात्त नायक भएको, उदात्त उद्देश्ययुक्त, उदात्त भाव एवं शैलीयुक्त छन्दोबद्ध काव्यग्रन्थका रूपमा चिनाएको देखिन्छ (नागेन्द्र, सन् १९८१ : १२७) ।

भारतीय विद्वान् विश्वम्भर 'मानव'ले कामायिनीको समालोचना गर्ने क्रममा महाकाव्यलाई यसरी चिनाएका छन् -

"महाकाव्यले जीवनको विराट् चित्र प्रस्तुत गर्दछ । यो जातीय कथा, इतिहास, पुराणमाथि आधारित रहनाले यसको कथा विशेष वा संस्कृतिको वाहक हुन्छ" (विश्वम्भर, सन् १९६२ : १३४) ।

अर्का भारतीय समालोचक भगीरथ मिश्रले महाकाव्यलाई चिनाउने क्रममा महाकविलाई समेत चिनाएका छन् -

"महाकविको कल्पना संयम तर प्रबल हुन्छ, उभित्र नव निर्माणको चेतनाका साथै हरेक वस्तुहरूका विशेषताहरू अत्यन्तै सूक्ष्म रूपमा निरीक्षण गर्नसक्ने क्षमता रहन्छ ।

महाकविभित्र रहेको शब्दावलीको जादुले गर्दा महाकवि र अन्य कविका बीचमा भिन्नता पाइन्छ । अतः महाकाव्य आफ्नो महत्तामा अक्षुण्ण रहन्छ" (मिश्र, २०४७ : ५५) ।

यसरी भारतीय विद्वान् तथा समालोचकहरूले महाकाव्यलाई बृहत् युग वा संस्कृतिको सन्देशवाहक शाश्वत कृतिका रूपमा लिन चाहेको देखिन्छ ।

यता नेपाली साहित्यका विद्वान् एवं केही समालोचकहरूले पनि महाकाव्यका सन्दर्भमा आ-आफ्ना धारणाहरू अभिव्यक्त गरेका छन् ।

यसै क्रममा आफ्नो महाकाव्यलाई मूल्याङ्कनको दृष्टि दिँदै महाकवि देवकोटा भन्छन् - "..... तर छ साधारण सामाजिक औपन्यासिक सामग्री र युक्तिको कल्पनाद्वारा रचना गरिएको कविता, उपन्यास जसलाई महाकाव्य भन्ने साधारण समझको उपाधि सायद उपाधि नै हुने गरी दिइएको छ ।" त्यस्तै अर्को ठाउँमा उनी भन्छन् - "सायद महाकाव्य भन्नु नपर्ने, कति मात्रामा सुहाउँछ म भन्न सक्दिनँ" (देवकोटा, २००३ : भूमिका) ।

यी विचारहरूले महाकाव्यको परिभाषाभन्दा पनि आलोचनामै जोड दिएको देखिन्छ । त्यस्तै समालोचक वासुदेव त्रिपाठीका दृष्टिमा महाकाव्यसम्बन्धी धारणा यस्तो रहेको छ :

"वस्तुतः सामयिक-सामाजिक धरातलमा टेकेर मानसिक, भावात्मक र वैचारिक चिन्तनात्मक स्तरमा महत्तम कविता छविद्वारा जीवनको विस्तृत-व्यापक, अझ विराट अभिव्यञ्जना गर्नु नै मेरो दृष्टिमा महाकाव्य हो" (त्रिपाठी, २०२७ : १०९) ।

त्यस्तै अर्को ठाउँमा त्रिपाठीको भनाइ यस्तो देखिन्छ - "कविता जब एउटा सिङ्गो जिन्दगानीलाई बोकेर हिँड्न थाल्छ र अनुभूतिको महानदी जब वहन थाल्छ, यो महाकाव्य विधा प्रकट हुन्छ" (जोशी, २०५३ : ५) ।

यसरी त्रिपाठीले महाकाव्यलाई एउटा पूर्णकथानकयुक्त विराट अभिव्यञ्जनायुक्त काव्यात्मक कृतिका रूपमा लिएको देखिन्छ ।

**नेपाली कविता** भाग-४ का अनुसार "महाकाव्य कविता विधाको सबभन्दा विशाल त्यस्तो बृहत तथा बृहत्तर उपविधागत भेद हो जसमा साङ्गीतिक भावप्रवाहको रूपमा कविताको प्राधान्य रहने गरी आख्यानको माध्यमबाट समग्र जीवन-जगत्को विस्तृत कथन प्रायः सर्गबद्ध बृहत् भाषिक सूचनाद्वारा गरिन्छ । महाकाव्यको रचनामा विपुल लय प्रवाह र विशाल भावराशी तथा समग्र जीवन-जगत्को आख्यानीकरण र वृहत् भाषिक संरचनाका

मुख्य चार पक्षका रूपमा रही यिनले कवित्वको विस्तृति र व्याप्तिका साथै घनत्वलाई अभिव्यक्त गर्दछन्" (त्रिपाठी : २०४६ : ११२) ।

प्रस्तुत भनाइबाट महाकाव्यमा विपुल लयप्रवाह, वृहत् भाषिक संरचना, व्यापक आख्यान र विशाल भावराशी समेटिएको हुन्छ भन्ने स्पष्ट हुन्छ ।

**बृहत् नेपाली शब्दकोश**ले महाकाव्यलाई यसरी चिनाएको छ - "काव्यशास्त्र अनुसार कथासूत्रमा आबद्ध प्रख्यात विषयवस्तुमा आधारित सर्गबद्ध तथा रसयुक्त ठूलो गहन काव्य नै महाकाव्य हो" (बृहत् नेपाली शब्दकोश, २०५२ : २०५८) ।

समालोचक नारायणप्रसाद खनालका अनुसार "जहाँसम्म कविताको प्रश्न छ, त्यो त मठको तुलसी हो र खण्डकाव्य हो एउटा वाटिका, अनि महाकाव्य हो घनाजङ्गल" (खनाल, २०४९ : ९) । यस कथनले पनि महाकाव्यको व्यापकतालाई बुझाएको छ ।

त्यस्तै नेपाली साहित्यकोशमा महाकाव्यको परिभाषा यसरी दिइएको छ - "कुनै पनि राष्ट्र वा जातिका महत्त्वमा आदर्श संस्कार, संस्कृति, इतिहास, जीवनदर्शन र नीति जस्ता सम्पूर्ण राष्ट्र वा जातिद्वारा गौरव गरिने र सम्पूर्ण राष्ट्र वा जातिकै स्वाभिमानको प्रतिनिधित्व गर्ने सम्पदाहरूको सङ्गठन भएको सर्वाङ्गरूपेण परिमार्जित उत्कृष्ट काव्य भन्ने अर्थ महाकाव्य शब्दबाट ध्वनित हुन्छ" (बराल, २०५५ : ५९७) । यो परिभाषाले पनि महाकाव्य विधालाई जीवनजगतका विविध पक्ष समेट्ने आदर्श र गरिमामय बृहद् विधाका रूपमा चिनाएको छ ।

यसै गरी समालोचक कृष्ण गौतमका शब्दहरूमा महाकाव्यलाई यसरी चिनाइएको छ- "कुनै कृतिले ठूलो हुँदैमा महाकाव्यको अभिधान पाउँदैन । महाकाव्यका निम्ति उच्चता हुनुपर्छ, भव्यता हुनुपर्छ, गरिमा हुनुपर्छ र एउटै शब्दमा भन्ने हो भने गाम्भीर्य हुनुपर्दछ" (गौतम, २०५५ : ३) । यो परिभाषाले पनि महाकाव्यको काव्यात्मक उच्चतामा विशेष जोड दिएको देखिन्छ ।

यसरी माथि उल्लेख गरिएका सबै परिभाषाहरूलाई समेटेर भन्नुपर्दा "युग र जीवनको व्यापकतालाई समेट्न सक्ने महान् नायकको महान् कथामा आधारित भव्य आख्यानयुक्त, महाकाव्यात्मक उच्चता र भव्यतालाई वहन गर्नसक्ने गरिमामय बृहद् अनि शाश्वत कृति नै महाकाव्य हो" भन्न सकिन्छ ।

## २.५ पूर्वीय र पाश्चात्य महाकाव्य-मान्यताको तुलनात्मक समीक्षा

पूर्वीय आचार्य भामह र पाश्चात्य अरस्तुका विचारहरू नै महाकाव्य चिन्तन परम्परालाई डोऱ्याउने प्रथम उद्‌गमबिन्दु हुन् । यी दुवैको मान्यता र चिन्तन परम्परामा समसामयिकताका साथ उत्तरवर्तीहरूले थप चिन्तन मनन गर्दै आजको अवस्थासम्म आइपुगेका छन् । पूर्व र पश्चिममा आ-आफ्नै तरिकाले महाकाव्यलाई परिभाषित गर्दा यी दुईथरी विचार र मान्यतामा केही समानता र केही असमानताहरू देखापरेका छन्, जसलाई निम्न तरिकाले देखाउन सकिन्छ :

भामह र अरस्तु दुवैले महान् चरित्रको वर्णन भएको, परिमार्जित र बोलचालको भाषाभन्दा भिन्न आलङ्कारिक भाषाशैलीमा रचिएको र एउटै मूल कथावस्तु भएको पद्यमय रचनालाई महाकाव्य मानेका छन् ।

भामह र अरस्तुका क्रमशः सुखान्त र दुःखान्तको धारणा भने भिन्न देखिन्छ । न अति व्याख्येय हुनुपर्ने तथा नानाप्रकारको वर्णनसम्बन्धी मान्यतामा अरस्तुले विभिन्न उपाख्यानहरू मूलसूत्रमा गुम्फित हुनुपर्ने तर्क दिएबाट आयामसम्बन्धी मान्यता पनि मिल्न गएको देखिन्छ । भामह र अरस्तुपछिका मान्यताहरूमा भने विस्तारै परिवर्तन आएको देखिन्छ ।

पूर्वमा दण्डीले इतिहास प्रसिद्ध र सत्यकथामा आधारित कथानक र रुद्रटले काल्पनिक कथा पनि हुन सक्ने मान्यतासँग विभिन्न उपाख्यानको योग हुनसक्ने सम्भावना महाकाव्यीय मान्यतामा व्यक्त गरे भने पश्चिममा अरस्तुको कथानकसम्बन्धी मान्यतामा बाबराको महत्त्वपूर्ण र गरिमायुक्त घटना वर्णनलाई समर्थन गरे । त्यसै गरी दण्डीको विभिन्न वर्णनले देखाएको विपुलाकारको कथानकसँग पश्चिमका अरस्तु, बाबरा आदिका बृहत् आकार मिलेका छन् ।

पूर्वमा महाकाव्यको नायक चतुर एवं वीर तथा धीरोदात्त गुणयुक्त हुनुपर्ने धारणा छ भने पश्चिममा पनि यथार्थभन्दा श्रेष्ठतर जीवन व्यक्त गर्ने उदात्त गुणयुक्त नायक आवश्यक मानिएको छ । यसरी हेर्दा दुवैतिरका विद्वान्‌हरूले उदात्त गुणयुक्त, साहसी एवं विद्वान् नायक महाकाव्यमा हुनुपर्ने मान्यतालाई स्वीकारेका छन् ।

महाकाव्यले युग जीवनका विविध घटना र वस्तुहरूको वर्णन गर्ने तथा जीवनका व्यापक कार्यहरूको सम्यक चित्रण हुनुपर्ने मान्यता पूर्वमा भएजस्तै पश्चिममा पनि व्यक्त भएको पाइन्छ । अरस्तुको शान्ति, बाबराको मानवीय हृदयमा उत्पन्न गराउने गम्भीर प्रभाव पूर्वको चतुर्वर्गफलसम्बन्धी मान्यताजस्तै देखिन्छ । भामहको लोकरञ्जनात्मक महाकाव्य उद्देश्य, बाबराको विशेष प्रकारको आनन्द दिने उद्देश्यसँग मिल्दछ ।

यी बाहेक कुनै विचारहरू पूर्वीय र पाश्चात्य विद्वान्का अनुसार फरक बनेर महाकाव्य चिन्तनमा देखापरेका छन् । पूर्वमा छन्दोविविधतालाई स्वीकारिएको छ भने पश्चिममा केवल एक छन्द (वीर छन्द) को अपेक्षा गरिएको छ । पूर्वमा शृङ्गार, शान्त र वीरमध्ये एक रसलाई महाकाव्यको अङ्गीरस मानिएको छ भने पश्चिममा करुण रसलाई यस्तो मान्यता दिइएको छ । पूर्वमा महाकाव्यभित्र आदर्श विचारहरूको अपेक्षा गरिएको छ भने पश्चिममा जीवन-जगत्को यथास्थिति, दुःखान्तता र भौतिक विचारहरूको बाहुल्य हुनुपर्ने मानिएको छ ।

तुलनात्मक रूपमा भन्नुपर्दा पूर्वमा भामहदेखि विश्वनाथसम्म आइपुग्दा महाकाव्य चिन्तनमा जति विकास भएको छ, त्यस्तो पाश्चात्यमा भने देखिँदैन तर महाकाव्य मान्यताको स्थापनामा भने पश्चिमको पनि उत्तिकै महत्त्व देखिन्छ ।

पूर्व र पश्चिम दुवैथरी काव्यमान्यतालाई लिएर निष्कर्षमा भन्नुपर्दा "गम्भीर कथानक बोकेको, उच्च नायकको चरित्रमा आधारित, युग, सभ्यता, समाज र संस्कृतिका विविध पक्षहरू समेटिएको छन्दोबद्ध एवम् आलङ्कारिक भाषा भएको, पञ्चसन्धि समन्वित बृहत् आयामयुक्त सर्गबद्ध कृति नै महाकाव्य हो" भन्न सकिन्छ ।

## २.६ महाकाव्यका तत्त्वहरू

कविताको बृहत् वा बृहत्तम रूप महाकाव्य हो । पूर्वीय एवं पाश्चात्य महाकाव्य मान्यताबाट महाकाव्यका आवश्यक तत्त्वहरूको विवेचना पूर्व र पश्चिमका अनेकौं व्यक्तिहरूबाट भएको पाइन्छ ।

पूर्वमा महाकाव्यका लागि वस्तु, नेता, रस, उद्देश्य र शैली गरी ५ तत्त्व आवश्यक मानिएको छ भने पश्चिममा अरस्तुबाटै स्वीकृत कथानक, चरित्र, उद्देश्य र शैली गरी ४

तत्त्व मान्य ठानिएको छ । **नेपाली कविता** भाग-४ ले कवितामा मुक्तकदेखि महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राखी विभिन्न घटकतत्त्व देखाएका छन् । जसमा शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, केन्द्रीय कथ्य वा भावविधान, बिम्बविधान एवम् अलङ्कार प्रविधि, व्यञ्जना र विधागत स्वरूप तथा आयाम पर्दछन् (त्रिपाठी र अन्य, २०४८ : १७) । त्यस्तै गरी नरेन्द्र चापागाईंले नवीन महाकाव्य तत्त्वहरूलाई व्यक्त गर्दै शीर्षक, सर्गविधान, छन्दोबद्धता वा लयबद्धता, मङ्गलाचरण, कथावस्तु, चरित्र वर्णन, उद्देश्य, जीवनदर्शन, पदावली र रसभावलाई देखाएका छन् (चापागाईं, २०५२ : ७४-७९) ।

त्यसै गरी मोहन हिमांशु थापाले आधुनिक महाकाव्यका सन्दर्भमा कथा, पात्र, भाषाशैली, वातावरण र जीवनदर्शनलाई आवश्यक तत्त्व मानेका छन् (थापा, २०३६ : ५६) ।

यहाँ प्रस्तुत गरिएका विभिन्न मान्यताहरूका आधारमा महाकाव्यीय तत्त्वहरूको वर्गीकरण गरी समग्र रूपमा चिनाउन सकिन्छ । महाकाव्य सफल र प्रभावकारी बनाउन यी तत्त्वहरूलाई आवश्यक आधार मानिने र विश्लेषणको कसी पनि ठानिने गरेको देखिन्छ । निचोडमा महाकाव्यका तत्त्वहरू निम्न रूपमा देखापर्दछन् :

क) कथानक

ख) चरित्र

ग) वर्णन वा परिवेश

घ) उद्देश्य

ङ) छन्द वा लय

छ) भाषाशैली

### २.६.१ कथानक

पूर्वीय धारणा अनुसार महाकाव्यको कथानक ऐतिहासिक, पौराणिक तथा कवि कल्पनाजन्यमध्ये कुनै एक हुनुपर्दछ । कथावस्तुमा प्रकृतिका विविध ऋतुचक्र, सन्ध्या, सूर्य, रजनी आदि तथा व्यापक परिवेश (स्वर्गदेखि धर्तीसम्म) को वर्णन हुनुपर्दछ । त्यस्तै

मङ्गलाचरणद्वारा आरम्भ भएको पञ्चसन्धि समन्वित कथानक महाकाव्यका लागि आवश्यक मानिन्छ (विश्वनाथ, सन् १९६३ : ३१८-३१९) ।

पाश्चात्य मान्यतानुसार ऐतिहासिक, दन्त्यकथात्मक तथा सत्यकथामा आधारित कुनै पनि घटनायुक्त कथानक महाकाव्यको कथानक हुन सक्दछ तर यसमा एकान्विति, पूर्णता, सम्भाव्यता, सहज विकास, कुतूहल र साधारणीकरण जस्ता कथानकीय गुणहरूले परिपूर्ण हुनुपर्दछ (चापागाईं, २०५२ : ७४-७९) ।

आवश्यकता अनुसार महाकाव्यको कथानक आधिकारिक र प्रासङ्गिक पनि हुने गर्दछ । आवश्यकता अनुसार घटनाहरूलाई डोऱ्याउनका लागि मूलकथाका अलावा कतैकतै सहायक कथाको पनि सिर्जना भएको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा महाकाव्यको कथानक कुनै उदात्त र गम्भीर कथावस्तुमा आधारित आलङ्कारिक भाषाशैली भएको सङ्गठित र सुव्यवस्थित हुनुपर्ने देखिन्छ ।

## २.६.२ चरित्र

चरित्र वा नायक भन्नाले महाकाव्यको मुख्य चरित्र भन्ने बुझिन्छ । पूर्वीय मान्यतानुसार महाकाव्यको नायक उत्तम कुलको धीरोदात्त हुनुपर्दछ भनिएको छ । नायक पराक्रमी, क्षमावान्, प्रतिद्वन्द्वीप्रति विजय हाँसिल गर्न सक्ने गम्भीर, दृढप्रतिज्ञ र सज्जन भएमा मात्र उसको प्रशंसा हुन सक्दछ । त्यसैले यस्तो नायक त्याग, पुरुषार्थ, यौवन, उत्साह आदिले भरिएको धीरोदात्त नै हुनुपर्ने देखिन्छ ।

पात्रविधानका सम्बन्धमा पश्चिमका विद्वान्हरूको मतअनुसार नायक कुलीन, भद्र, उदात्त, नैतिकवान्, यशस्वी र शक्तिशाली हुनुपर्दछ साथै अन्य सबै पात्रहरू पनि भद्र हुनुपर्दछ भनेका छन् तर आजभोलि जीवन-जगत्को व्यापकतालाई समेट्ने व्यक्तित्व भएको यथार्थ चरित्र हुनुपर्दछ भनिएको छ (आचार्य, २०६४ : ६०) ।

चरित्रले नै कथानकलाई डोऱ्याउने हुँदा कथानकमा आवश्यक पर्ने धीरोदात्त नायक, स्वकीया नायिकाका अलावा अन्य पात्रहरू पनि हुनुपर्दछ । त्यस्तै महाकाव्यजस्तो व्यापक विधामा सत् असत् दुवै किसिमका पात्रहरू हुनुपर्ने पनि आवश्यक नै देखिन्छ ।

### २.६.३ वर्णन वा परिवेश

ऐतिहासिक, पौराणिक र कवि काल्पनिक कथावस्तुलाई डोऱ्याउने देशकाल-परिवेश पनि जीवन-जगत्‌का विविध युग, संस्कृति र वातावरणलाई वहन गर्न सक्ने व्यापक, विश्वजनीन र वर्तमान, भूत, भविष्यत् दर्शाउने खालको हुनुपर्दछ ।

परिवेशविधान अन्तर्गत नगर, समुद्र, पर्वत, ऋतु, चन्द्रोदय, सूर्योदय, उद्यान, जलक्रीडा, सुरापान, सम्भोग, उत्सव, विप्रलम्भ, विवाह, कुमारजन्म, मन्त्रदूतप्रयाण्का साथै रात्रि, प्रदोष, दिवस, अन्धकार, प्रातःकाल, मध्याह्न, सिकार, युद्ध, वन, भूमि, स्वर्ग, पुर, यज्ञ, सायङ्कालिक आदि परिवेशका बारेमा मनोहर वर्णन गरिएको हुनुपर्छ (अवस्थी, २०६४ : २२-२३) । महाकाव्यीय परिवेशका बारेमा पश्चिममा छुट्टै धारणा पाइँदैन तथापि पात्र चरित्रको व्यक्तित्व र सामाजिक, सांस्कृतिक जीवनचक्रलाई महाकाव्यमा उतारिने हुनाले देश, काल, परिवेश उत्रिएकै हुन्छ भनी उल्लेख गरेको पाइन्छ (आचार्य, २०६४ : ६०) ।

### २.६.४ उद्देश्य

महाकाव्यको उद्देश्यका सम्बन्धमा धर्म, अर्थ, काम, मोक्षमध्ये कुनै एउटाको फल प्राप्ति हुनुपर्दछ । धर्म, अर्थ, काम, मोक्ष यी मानव जीवनका चतुर्वर्ग वा पुरुषार्थ चतुष्टय हुन् र यसैलाई महाकाव्यको उद्देश्यका रूपमा पूर्वीय आचार्यहरूले स्वीकारेका छन् (अवस्थी, २०६४ : २३-२४) ।

पश्चिममा मनोवेगहरूको समायोजन गर्ने वा तत्जन्य मनः शान्ति नै महाकाव्यको उद्देश्य स्वीकारिएको छ । समयको गतिसँगै यी उद्देश्य सम्बन्धी मान्यताहरूमा परिवर्तन आई युग जीवनका व्यापकतम अनुभूतिहरू व्यक्त गर्न प्रभावकारी उद्देश्य आवश्यक ठानिएको महसुस हुन्छ । जातीय स्वाभिमान, जातीय संस्कृतिको संरक्षण तथा जीवन-जगत्सम्बन्धी ज्ञान आदिलाई महाकाव्यले पनि यस परिवर्तित सन्दर्भमा उद्देश्यको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । त्यसै गरी अधिकार प्राप्ति, मानवतावाद, जातीय तथा आर्थिक, सामाजिक असमानताको यथार्थ, वैयक्तिक स्वतन्त्रताको माग, कर्मवाद, शोषण र दमनबाट मुक्ति, यथार्थको धरातलमा सुखी र समृद्धशाली जीवनभोग आदि उद्देश्यहरू पनि महाकाव्यले ग्रहण गर्न सक्छ (चापागाईं : २०५२ : ७७) ।

### २.६.५ रस

काव्यबाट साधारणीकृत भावको सम्प्रेषण हुन्छ र त्यसबाट मनमा स्फुटित हुने रागात्मक अनुभूतिलाई रस भनिन्छ । त्यसैले पाठकको चित्तवृत्ति काव्यमा केन्द्रित गरी रसानुभूति गराउने रसतत्त्व पनि महाकाव्यको एउटा तत्त्वका रूपमा रहेको छ । यसमा एकल र सकल रसको चर्चा गरिएको छ । शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एकलाई अङ्गी र अन्य अङ्गरसका रूपमा अभिव्यक्त हुनुपर्दछ । जीवन समग्रताको अभिव्यक्ति महाकाव्यमा हुने हुँदा यसमा रस समग्रता पनि अपरिहार्य हुन्छ भन्ने रहेको छ (अवस्थी, २०६४ : २३) । पाश्चात्यमा यसको बारेमा त्यति चर्चा नभए पनि अरस्तुले महाकाव्यमा करुण रस नै हुनुपर्ने बताएका छन् । पूर्वीय र पाश्चात्य दृष्टिकोणले महाकाव्यभित्र रसको स्थापनामा समानता ल्याएको देखिँदैन ।

### २.६.६ छन्द वा लय

कविताको मुख्य परिचायकतत्त्व नै लयात्मकता हो । भाषाको स्वर-व्यञ्जन, वर्णको ध्वनिगत साम्यवैषम्य र चरण, पाउ वा हरफहरूको क्रममा विभक्त लयप्रवाह नै छन्द वा सङ्गीत हो । यसैका आधारमा वार्णिक, वर्णमात्रिक र मात्रिक जस्ता छन्दगत विविधता छुट्याउन सकिन्छ । गद्य कवितामा छन्दगत मुक्तता पाइए पनि विभिन्न पङ्क्ति र भावको बीचमा अन्तर्सङ्गीत प्रस्तुत भएको हुन्छ । यस्तो विशेषतायुक्त लयात्मकता कविताको बृहत् रूप महाकाव्यमा पनि आवश्यक मानिन्छ ।

साहित्यका अन्य विधामा प्रयुक्त लय सामान्य लय हो भने कविता काव्यमा प्रयुक्त लय विशिष्ट लय हो । यसै विशिष्ट लयका कारणले महाकाव्य गेयात्मक हुन्छ र स्रोतवर्गमा श्रुतिसुख हुन्छ (श्रेष्ठ, २०५१ : ४७) । यसैले पूर्व र पश्चिमका विद्वान्हरूले महाकाव्य छन्दोबद्ध वा लयात्मक हुनुपर्छ भन्ने कुरामा जोड दिएका छन् । महाकाव्यमा विभिन्न लय र छन्दको प्रयोग गरिन्छ ।

यसमा शास्त्रीय छन्दअन्तर्गत वर्णमात्रिक छन्द र मात्रिक तथा लोकछन्द अन्तर्गत झ्याउरे, गीति, मुक्त छन्दको प्रयोग गरिन्छ । महाकाव्यका विभिन्न सर्गमा विभिन्न छन्द वा

लय प्रयोग गरेको पाइन्छ । एउटै सर्गमा एउटै छन्द र सर्गान्तमा छन्द परिवर्तन गर्ने पूर्वीय मान्यता रहेको छ । पाश्चात्य आचार्य अरस्तुले एउटै षट्पदी वीरछन्दको प्रयोग गर्ने कुरा बताएका छन् तर पनि भावअनुकूल छन्द प्रयोग गरेमा राम्रो मानिन्छ । यसर्थ छन्द वा लय महाकाव्यको आवश्यक तत्त्व मानिन्छ ।

### २.६.७ भाषाशैली

महाकाव्य साहित्यको सर्वोच्च बृहत् तथा बृहत्तर विधा भएकोले यसको भाषा स्तरीय, महाकाव्योचित र शैली सुदृढ, सुसङ्गठित, श्रुतिमधुर र गरिमामय हुनुपर्दछ । महाकाव्यका तत्त्वहरूको संयोजनदेखि आख्यानीकरण, संरचना, लयविधान आदिको सङ्गठन सबै शैलीभित्र पर्दछन् (चापागाईं, २०५२ : ६९) । पौराणिक, ऐतिहासिक, प्राकृतिक, सामाजिक आदि क्षेत्रबाट झिकिएका बिम्बालङ्कारको प्रयोगले र विविध छन्दहरूको सङ्गीतमय झङ्कार, प्रकृतिको मानवीकरण, सुललित पदसङ्घटना र गुणहरूले युक्त महाकाव्यीय शैली उदात्त हुनुपर्दछ । प्रसाद गुणयुक्त र अलङ्कृत, परिष्कृत शब्द एवं पदावलीहरू, वर्णनात्मक र समाख्यानात्मक एवं नाटकीकृत शैलीको प्रयोग पनि महाकाव्य कथनको सन्दर्भमा देखा पर्दछ । जीवन-जगत्को समग्रता व्यक्त गर्ने महाकाव्यको स्वरूपमा आख्यानीकरणको समानान्तर संरचनाको विस्तार हुँदै जाँदा आवश्यकता अनुसार अन्तर्नाटकीकरण अँगाल्दछ (त्रिपाठी र अन्य, २०४८ : ९०) । यसबाट शैलीले वस्तु-सङ्गठन र अनुभूतिको वस्तुमय स्वरूपलाई चिनाएको देखिन्छ ।

महाकाव्यको सफलता र विफलता शैलीबाट नै निर्धारित हुन्छ । यस्तो मुख्य भूमिका खेल्ने शैली उदात्त हुनुपर्दछ । महाकाव्यमा शैलीलाई उदात्त तुल्याउन कर्मपद्धति, घटकतत्त्वहरूको संयोजन, बिम्बालङ्कारको आयोजना आदि विशेषताहरूले सहयोग गरेका हुन्छन् ।

महाकाव्यको भाषा उच्च तर सर्वसाधारण ग्राह्य हुनुपर्दछ । अति न्यूनस्तर र अतिपरिष्कृत भाषाले महाकाव्यको गरिमा उकास्न सक्दैन । विभिन्न भाषाबाट शब्दहरू ग्रहण गरी सरल, तत्सम, झर्रा र अनुकरणात्मक शब्दहरूको प्रयोग गर्ने र उखान टुक्का आदि लोकप्रचलित भाषा प्रयोग गर्दा महाकाव्य बढी हृदयस्पर्सी र बोधगम्य हुन पुग्दछ ।

## २.७ निष्कर्ष

यसरी निष्कर्षमा कविताको बृहत् रूप महाकाव्यका सन्दर्भमा पूर्वीय एवं पाश्चात्य आचार्यहरूले आ-आफ्नै किसिमबाट परिभाषित गरेका छन् । पूर्वीय संस्कृत महाकाव्य चिन्तन परम्परामा भामह, दण्डी, रुद्रट र विश्वनाथ गरी यी चार आचार्यहरूका धारणाहरू विशेष उल्लेखनीय रहेका छन् । यिनीहरूले प्रतिपादन गरेका महाकाव्यका अभिलक्षणहरूलाई नियाल्दा महाकाव्य कम्तिमा पनि आठ सर्गमा सर्गबद्ध, छन्दोबद्ध, पञ्चसन्धिले युक्त, अलङ्कृत भाषिक संरचना भएको, ख्यात वा कल्पित विषयवस्तुको उपयोग गरी महान् वा सत्पात्रको चरित्र चित्रण गरिएको, चतुर्वर्गको अभिव्यक्तिमा रसभाव निरन्तरता कायम राखी नायकको अभ्युदय वा सुखान्तताको विशद अभिव्यक्ति हो भन्ने निचोड निस्कन्छ ।

पश्चिममा महाकाव्य चिन्तन परम्परामा अरस्तु, एबर क्रम्बे, आइ.टी. मेयर्स, सी.एम. बाबरा लगायतका विद्वान्हरूका धारणा विशेष उल्लेखनीय रहेका छन् । पूर्वीय र पाश्चात्य विद्वान्हरूका महाकाव्यगत मान्यतालाई तुलना गर्दा धेरैजसो महाकाव्य मान्यताहरू मिल्दाजुल्दा नै देखिन्छन् ।

पूर्वीय, पश्चिमी र नेपाली विद्वान्हरूले दिएका महाकाव्यका तत्त्वहरूको तुलना गर्दा कथानक, चरित्र, वर्णन वा परिवेश, उद्देश्य, रस, छन्द वा लय र भाषाशैली गरी सातवटा तत्त्वहरूलाई दुवै पक्षले स्विकारेको पाइन्छ ।

# तृतीय परिच्छेद

# लकाश पौडेलको जीवनवृत्त र उनको महाकाव्यकारिता

# तृतीय परिच्छेद

# लकाश पौडेलको जीवनवृत्त र उनको महाकाव्यकारिता

## ३.१ विषय परिचय

व्यक्तिका हरेक पक्षसँग चासो राख्ने जीवनी जीवनयात्राका क्रममा घटेका घटनाहरूको शृङ्खलाबद्ध अनुरेखाङ्कन हो । मासिनसले आफ्नो जीवनमा गरेका विविध क्रियाकलापको क्रमबद्ध प्रस्तुति यसमा गरिन्छ र व्यक्तिको विभिन्न क्षेत्र र रुचिसँग सम्बन्धित पक्षलाई जीवनी अन्तर्गत अध्ययन गर्ने गरिन्छ । महाकाव्यकारका रूपमा सुपरिचित कवि लकाश पौडेलको जीवनीसँग सम्बन्धित पक्षहरूले प्रेरणा र जीवनदायिनी शक्तिका रूपमा काम गर्न सक्ने भएकाले उनको जीवनी सम्बन्धी घटना र क्रियाकलापलाई यहाँ जीवनवृत्त र व्यक्तित्वका आलोकमा महाकाव्यकारका रूपमा यिनको व्यक्तित्वको पहिचान गरिएको छ ।

## ३.२ जीवनवृत्त

जीवनवृत्तकै गोरेटोमा व्यक्तिको स्रष्टा व्यक्तित्व प्रस्फुटित र आलोकित हुने गर्दछ । यहाँ कवि लकाश पौडेलको **शौर्यगाथा** महाकाव्यको अध्ययनको पृष्ठभूमिमा यिनको जीवनवृत्तको समेत सङ्क्षिप्त अध्ययन गरिएको छ । जन्म र जन्मस्थान, बाल्यकाल शिक्षादीक्षा, वैवाहिक जीवन र पारिवारिक स्थिति, प्रेरणा र प्रभाव, भ्रमण, सम्मान तथा पुरस्कार, पेसा तथा संलग्नता, बसाइँ-सराई र व्यक्तित्वका विविध आयामहरूलाई प्रस्तुत गरिएको छ ।

### ३.२.१ जन्म र जन्मस्थान

पर्वत राज्यका राजगुरु पौड्यालहरू पुलापातले खेत बिर्ता पाई पछिसम्म त्यहीँ बसी राजगुरु बलि पाध्याको बलेवा आगमनसँगै पौडेलको वंश बलेवामा निवास गर्न लागेको हो । बलेवाका प्रसिद्ध पण्डितहरूमा माधव पाध्या, ऋषिराम पाध्या हुँदै लक्ष्मीकान्त शर्माको वंश

विस्तार भएको हो । पं. विद्यापति त्यस क्षेत्रका प्रसिद्ध विद्वान् थिए र उनका छोरा मनोरथ पछि पं. षडानन्दका छोरा पं. नीलकण्ठ पाध्याका एकमात्र छोरा हुन् लक्ष्मीकान्त शर्मा पौडेल ।

यस प्रकारको आदर्शमय पारिवारिक पृष्ठभूमिमा स्व. माता पञ्चकला उपाध्याय र स्व. पिता पं. नीलकण्ठ उपाध्यायका सुपुत्र लक्ष्मीकान्त शर्मा पौडेलको जन्म वि.सं. २००४ साल माघ ६ गते नारायणस्थान-८, गार्लुङ्ग, बलेवा, बाग्लुङमा भएको हो । जन्मभूमिप्रति अगाध आस्था राख्ने उनी नेपाली साहित्य क्षेत्रमा भने लकाश पौडेलका नामले सुपरिचित छन् ।

## ३.२.२ बाल्यकाल

बलेवाको रमणीय परिवेशमा ममतामयी हजुरआमाको वात्सल्यप्रेम र भौतिक सुखसुविधा सम्पन्न पारिवारिक पृष्ठभूमिमा पौडेलको बाल्यकाल बितेको देखिन्छ । शोधनायकको मौखिक अन्तर्वार्ता अनुसार बाल्यकालको धेरै जसो समय मावली घरमै बिताएको पाइन्छ । कुस्मी सेराको टार भन्ने गाउँमा उनका मावली हजुरबुवा गङ्गाधर आचार्य डाँडाघरे साहुका नामले प्रसिद्ध थिए । जन्मघर र मावलीघरको परिवेश आर्थिक हिसाबले सम्पन्न भएको हुनाले पौडेलले आर्थिक समस्या बेहोर्नु परेको थिएन । पौडेलको मूल घरमा देशभरका विभिन्न क्षेत्रबाट धेरै व्यक्तिहरू ज्योतिष, कर्मकाण्ड र व्याकरण अध्ययनका लागि आउने गर्दथे । घरमा नै एक प्रकारको गुरुकुलीय शैक्षिक परिवेश उनले प्राप्त गरेका थिए । दाजु पं. उमाकान्त र गणेशप्रसाद तथा पिता पं. निलकण्ठ उपाध्यायको आदर्शमय जीवनशैलीबाट प्रभावित भएका पौडेलमा उमाकान्तको लयात्मक वाचनशैली र गणेशप्रसादको न्यायिक र सामाजिक कार्यशैलीको प्रभाव परेको देखिन्छ ।

आफ्नै घरमा पढ्न आउने विभिन्न व्यक्तिहरूसँगको भेटघाट, गुरुकुलीय संस्कार र प्रभावले अनुशासन र मिलनसारिताको गुण विकास गरेका पौडेलमा बाल्यकालदेखि नै धार्मिक र आध्यात्मिक प्रभाव परेको देखिन्छ । साथै पिता र दाजुहरूको धार्मिक क्रियाकलाप र आध्यात्मिक चिन्तनबाट पनि उनको बाल्यकाल निकै प्रभावित भएको देखिन्छ ।

### ३.२.३ शिक्षादीक्षा

गुरुकुलीय शैक्षिक परिवेशमा हुर्किएर वि.सं. २००७ सालको श्रीपञ्चमीको दिन आफ्नै घरमा ज्येष्ठ पिता (ठुलाबा) पं. त्रिलोचन उपाध्यायबाट अक्षरारम्भ गरेका पौडेलको अनौपचारिक शिक्षा घरबाटै सुरु भएको थियो । शोधनायकको कथन अनुसार प्रारम्भिक शिक्षा दिने सबालमा घरमा नै 'पदमपाणि पौडेल' गुरु राखेर उनलाई पढाउने व्यवस्था मिलाइएको थियो । औपचारिक शिक्षा अगावै **अमरकोश, चण्डी, रघुवंश** जस्ता संस्कृत काव्यका श्लोकहरू लयात्मक पाराले कण्ठस्थ सुनाउन सक्ने सामर्थ्यका धनी लकाश पौडेलको औपचारिक शिक्षा भने गाउँकै नारायणस्थान प्राइमरी स्कुलबाट वि.सं. २०११ सालमा एकै चोटी कक्षा तीनबाट सुरु भएको थियो । वि.सं. २०१६ मा भवानी विद्यापीठ, फलेवासबाट कक्षा आठ, पालिवाल संस्कृत महाविद्यालय, हरिद्वारबाट प्रथमा, सन् १९६५ मा अग्रवाल संस्कृत महाविद्यालय, वाराणसीबाट पूर्वमध्यमा, सन् १९६६ मा अग्रसेन महाजनी ई. कलेज, वाराणसीबाट हाइस्कुल परीक्षा, सन् १९६७ मा साधुवेला संस्कृत महाविद्यालयबाट उत्तर मध्यमा, सन् १९६८ मा हरिश्चन्द्र कलेज, वाराणसीबाट इन्टरमिडियट, सन् १९६९ मा वाराणसेय संस्कृत विश्वविद्यालयबाट शास्त्री, वि.सं. २०२९ मा एम्.ए. (नेपाली) र वि.सं. २०३३ मा त्रिभुवन विश्वविद्यालयबाट वि.एड. उत्तीर्ण गरेका छन् ।

### ३.२.४ वैवाहिक जीवन र पारिवारिक स्थिति

चार आश्रम व्यवस्था मध्ये वि.सं. २०१४ वैशाख १४ गते गृहस्थाश्रममा प्रवेश गरेका पौडेलले बलेवा-अमलाचौर गा.वि.स. कान्ले निवासी, अत्री गोत्रोत्पन्न टीकाराम शर्माकी छोरी भद्रकला शर्मासँग हिन्दू परम्पराअनुसार विधिवत् रूपमा विवाह गरेका थिए । भद्रकलाको शारीरिक असक्तताका कारण वि.सं. २०२६ फागुन ३० गते मुडीकुवा, पर्वत निवासी गौतम गोत्रोत्पन्न देवीदत्त तिवारीकी छोरी गीताञ्जली तिवारीसँग दोस्रो विवाह गरेका हुन् । स्व. भद्रकला शर्माबाट एक छोरी ईश्वरी शर्मा र एक छोरा रमेशकान्त शर्मा जन्मिएका छन् भने गीताञ्जलीबाट दुई छोरी बिन्दु शर्मा र सर्मिला शर्मा, अनि दुई छोरा

तेजसकान्त शर्मा र भूपेश शर्मा जन्मिएका छन् । उनका सबै छोराछोरीको विवाह भइसकेको छ र छोरा बुहारी, नातिनातिनी सबै अमेरिकाको टेक्सास शहरमा बस्दै आइरहेका छन् ।

### ३.२.५ प्रेरणा र प्रभाव

गुरुकुलीय पद्धतिबाट शिक्षा प्राप्त गरेका लक्ष्मीकान्त शर्मालाई असल एवं चरित्रवान् व्यक्तित्व निर्माण गर्न सर्वप्रथम आफ्नै पिता र घरपरिवारबाट प्रेरणा प्राप्त भएको देखिन्छ भने गुरुकुलीय शिक्षा पद्धतिले पनि उनको जीवनमा धेरै प्रभाव परेको पाइन्छ । वेद, व्याकरण, साहित्य नीति ग्रन्थ आदिको अध्ययनबाट उनको व्यक्तित्व निर्माण सफल भएको छ भने साहित्यिक व्यक्तित्व निर्माणमा पनि विभिन्न व्यक्ति, कृति, घटना एवं सङ्घसंस्थाले प्रेरणाको काम गरेको पाइन्छ । पिताहरूले पुराणवाचनमा अपनाएको शैली र आचरणबाट प्रभावित भएका पौडेलमा **दुर्गा सप्तशती, रघुवंश, रामायण, गीता, पुष्पाञ्जली स्तोत्र, स्वस्थानी व्रतकथा** आदि काव्यकृतिका श्लोक, मन्त्र एवं नीति श्लोकको लय र साङ्गीतिकताले महत्त्वपूर्ण प्रभाव पारेको पाइन्छ ।

साहित्य लेखनमा पौडेललाई आफ्नै पैत्रिक आदर्श र वनारसीय शैक्षिक गतिविधिले प्रेरणाको काम गरेको पाइन्छ । वनारसमा हुने गरेका विभिन्न साहित्यिक कार्यक्रमहरूमा भाग लिँदै आफ्ना कविता वाचन गर्ने र त्यहाँबाट निस्कने पत्र-पत्रिकाहरूमा आफ्ना कविता प्रकाशन गर्ने गरेका पौडेलले वि.सं. २०२२ मा 'नेपाली छात्र परिषद्' वाराणसीको कार्यसमिति सदस्य र धौलागिरी छात्र परिषद् वाराणसीका संस्थापक अध्यक्ष भएर समेत साहित्यिक गतिविधि सञ्चालन गरेको देखिन्छ । धौलागिरी छात्र मण्डलले प्रकाशन गर्ने **सिर्जना** साहित्यिक पत्रिकाका सम्पादक समेत भएर काम गरेका पौडेलले आफ्नो पहिलो रचना भने बनारसबाट प्रकाशन हुने साहित्य मासिक पत्रिका **छात्र प्रभा**मा वि.सं. २०२२ मा मात्रिक छन्दमा रचित *देशभक्त* शीर्षकको कविता प्रकाशन गरी साहित्यिक यात्रा सुरु गरेका थिए । त्यसपछि उनको साहित्य लेखन र प्रकाशन कार्यले अहिलेसम्म निरन्तरता पाइरहेको छ ।

### ३.२.६ भ्रमण

देश-विदेश भ्रमणमा पौडेलको विशेष रुचि रहेको देखिन्छ । पौडेल वंश राष्ट्रिय सम्मेलन २०५६ र पौडेल वंशावली प्रकाशन २०६० को सन्दर्भमा नेपालको मेचीदेखि महाकालीसम्मका धेरै जिल्लाको भ्रमण गरेका पौडेलले भारतका प्रमुख शहर तथा तीर्थस्थलको समेत भ्रमण गरेका छन् । संयुक्त राज्य अमेरिका, बङ्गलादेश, बेल्जियम, चीन, जापान, दुबै र हङ्कङ जस्ता विकसित देशहरूको समेत भ्रमण गरेका छन् (पौडेल, २०६७ : ४) । कुनै पनि ठाउँको भौगोलिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक महत्त्व एवं वैज्ञानिक उन्नति-प्रगतिमा विशेष चासो राख्ने प्रवृत्तिका पौडेलले भ्रमणबाट प्राप्त उपलब्धि एवं जानकारीलाई साहित्यिक विधामार्फत सार्वजनिक गर्ने गरेको पाइन्छ ।

### ३.२.७ सम्मान तथा पुरस्कार

नेपाली साहित्यको कविता विधामा विशेष योगदान पुऱ्याउँदै आएका पौडेललाई विभिन्न संघ-संस्थाहरूले सम्मान तथा पुरस्कार प्रदान गरेका छन् । राष्ट्रिय शिक्षा सेवा पुरस्कार, शिक्षा पुरस्कार-जिल्ला शिक्षा समिति, चितवन (२०४१), ने.रा.शि.सं., निवृत्त शिक्षक समाज, जनजीवन मा.वि. चैनपुर, सीताराम मा.वि. देवघाट, स्रोतकेन्द्र लङ्कु, देवघाट क्षेत्र विकास समिति, भरतपुर नगरपालिका आदि धेरै संस्था र साहित्यिक एवं सामाजिक संघ संस्थाबाट सम्मानित र पुरस्कृत भएका पौडेलको **शौर्यगाथा** महाकाव्यलाई वि.सं. २०७२ वैशाख ४ गते रत्न श्रेष्ठ पुरस्कार गुठी, बाग्लुङले सम्मान एवं पुरस्कार समेत प्रदान गरेको छ (पौडेल, २०६७ : ६) ।

### ३.२.८ पेसा तथा संलग्नता

पौडेलको औपचारिक पेसागत जीवन त्रिभुवन मा.वि., पैयूँपाटा बलेवा, बाग्लुङमा वि.सं. २०२५।५।१ गते आइ.ए. दरबन्दीको नेपाली शिक्षक पदबाट सुरु भएको हो । त्यसपछि निरन्तर अगाडि बढेका पौडेल वि.सं. २०२६।५।१ गते जनता मा.वि., सर्कुवा थन्थापमा मा.वि. शिक्षक हुन पुगे । वि.सं. २०२९।९।१ गते त्रिभुवन मा.वि., बलेवा, बाग्लुङमा सरुवा

भए र २०३३।९।१५ गतेबाट मा.वि. प्र.अ. मा बढुवा भई काम गर्न थाले । वि.सं. २०४०।१२।१ गतेदेखि २०४१।८।३० गतेसम्म जनजीवन मा.वि., चैनपुर, चितवनमा काजमा रहेर आफ्नो शैक्षणिक गतिविधि सञ्चालन गरेका थिए । वि.सं. २०४१।९।१ गतेदेखि सीताराम संस्कृत मा.वि., देवघाटमा कार्यरत रहेका पौडेल वि.सं. २०५३।८।१ गतेदेखि पेन्सनमा निवृत्त भए । शैक्षिक गतिविधिमै रमाउन चाहने उनी २०४८।४।१ गतेदेखि सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरमा उपप्राध्यापक पदमा कार्यरत रही वि.सं. २०६७ असारमा अवकाश लिएका थिए । यसका अलावा २०५१ देखि २०५३ सम्म देवघाट क्षेत्रविकास समिति (रा.प. प्रथम श्रेणी सरह) को कार्यकारी निर्देशक पदमा रही गुरुयोजना तयार पार्ने जस्ता महान् कार्यमा उनको संलग्नता समेत रहेको पाइन्छ (पौडेल, २०६७ : ६) ।

यसका साथै नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य, नेपाल बुद्धिजीवी परिषद्को सदस्य, पत्रकार महासंघ नेपालको सदस्य, मानव अधिकार संरक्षण मञ्च चितवनका सल्लाहकार, निवृत्त शिक्षक समाज चितवनका सल्लाहकार, आत्रेय वंश अनुसन्धान प्रतिष्ठान नेपालका सल्लाहकार, नागरिक सरोकार मञ्च चितवनका अध्यक्ष, नगरस्तरीय टोल विकास संस्था समन्वय समिति, भरतपुरका सल्लाहकार एवम् आजीवन सदस्य, चितवन इन्स्टिच्युट अफ टेक्निकल साइन्सेजको संस्थापक अध्यक्ष र प्रेस चौतारी चितवनको सदस्य जस्ता विविध पदमा रहेर पौडेलले आफ्नो व्यक्तित्वको परिचय दिँदै आइरहेका छन् (पौडेल, २०६७ : ६) ।

### ३.२.९ बसाइँ सराइ

वि.सं. २०२५।५।१ गते त्रिभुवन मा.वि. पैयूँपाटा, बलेवा, बाग्लुङबाट औपचारिक पेसागत जीवन सुरु गरेका पौडेल वि.सं. २०४०।१२।१ गतेदेखि वि.सं. २०४१।८।३० गतेसम्म जनजीवन मा.वि., चैनपुर, चितवनमा काजमा रहेर प्रभावकारी शिक्षणीय कार्य सञ्चालन गरेका थिए ।

शिक्षणकै क्रममा चितवनमा रहिरहँदा यहाँको परिवेशप्रति मोहित भएका पौडेल वि.सं. २०४१ साल पौष १ गते मूलघर बलेवा, बाग्लुङबाट बसाइँ सरी दीपेन्द्रचोक, भरतपुर-१० मा आफ्नै घर निर्माण गरी स्थायी बसोबास गर्दै आइरहेका छन् ।

### ३.२.१० व्यक्तित्व परिचय

मानिससँग सम्बन्धित उसका गुण, स्वभाव र विशेषताको समष्टि रूप नै व्यक्तित्व हो । व्यक्तिले गरेका कार्य, अपनाएका शील-स्वभाव र चरित्र नै व्यक्तित्व निर्माणका साधन हुन् । आन्तरिक र बाह्य व्यक्तित्व गरी व्यक्तित्व दुई प्रकारका हुन्छन् । बाह्य व्यक्तित्वले व्यक्तिको बाहिरी आकार प्रकारलाई सङ्केत गर्दछ भने आन्तरिक व्यक्तित्वले व्यक्तिका क्षमता, योग्यता र विविध क्रियाकलापलाई समेट्दछ । पौडेलका यिनै बाह्य र आन्तरिक व्यक्तित्वका विविध पाटाहरूलाई यहाँ उल्लेख गरिएको छ ।

#### ३.२.१०.१ बाह्य व्यक्तित्व

कुनै व्यक्तिको उचाइ, मोटाइ, आकारप्रकार, रूप, प्रवृत्ति आदि बाह्य व्यक्तित्वका परिचायक हुन् । यस दृष्टिले हेर्दा लकाश पौडेल गहुँगोरो वर्णका, सलक्क र खाइलाग्दो कदका देखिन्छन् । सामान्यतः पौडेलको शारीरिक बनोट र सौन्दर्य आकर्षक नै देखिन्छ । सधैँ प्रशन्न मुद्रामा देखिने पौडेल कुराकानीका सन्दर्भमा गम्भीर विषयलाई पनि सहज तरिकाले बुझाउन सफल देखिन्छन् । चिन्तनशील र गम्भीर स्वभावका उनी हिन्दू धर्मप्रति आस्थावान् रहेको र सबैप्रति समान व्यवहार गर्ने गरेको पाइन्छ ।

#### ३.२.१०.२ आन्तरिक व्यक्तित्व

विवेक र चेतनाले मानिसको बाह्य सौन्दर्य, गुण र स्वभाव मात्र होइन आन्तरिक शक्ति, योग्यता, क्षमता र सिर्जनशक्तिको पनि विकास गराएको पाइन्छ । जन्मजात प्रतिभा, शैक्षिक योग्यता र सामाजिक व्यवहारले जन्माएका पौडेलका विविध व्यक्तित्वले उनको महाकाव्यीय कलालाई विकसित गरेको पाइन्छ । यसका साथै प्रेरक व्यक्तित्व र सुन्दर समाज निर्माणमा उनका विविध आन्तरिक व्यक्तित्वको अध्ययन महत्त्वपूर्ण हुने देखिन्छ ।

#### ३.२.१०.३ कवि व्यक्तित्व

साहित्यिक भनेको साहित्यसँग सम्बन्ध राख्ने हो भने साहित्यिक व्यक्तित्व भनेको साहित्यिक पक्षसँग सम्बन्धित व्यक्तित्व हो (पोखरेल (नि.), २०५८ : १२७०) । पौडेलको

प्रमुख प्रभावशाली व्यक्तित्व साहित्यिक व्यक्तित्व नै हो । पूर्वीय साहित्य चिन्तनबाट प्रभावित पौडेल गद्य र पद्यका स्रष्टा र द्रष्टा दुवै हुन् । उनले साहित्य सिर्जनाको प्रारम्भ कविता सृजनाबाट गरेको पाइन्छ । उनका अहिलेसम्म दुईवटा कवितासङ्ग्रह, एउटा सूक्तिकाव्य, एउटा बहरबद्ध गजलसङ्ग्रह, एउटा मुक्तकसङ्ग्रह, एउटा महाकाव्य र एउटा निबन्धसङ्ग्रह प्रकाशित भएका छन् (शोधनायकका अनुसार) । एउटा **'विनियोग'** शीर्षकको कवितासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ भने विविध विधाका फुटकर रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् ।

साहित्यकार लकाश पौडेलको प्रमुख व्यक्तित्व नै कवि व्यक्तित्व हो । विद्यालय अवस्थादेखि नै साहित्यतर्फ उन्मुख भएका पौडेलले मनमा उठेका भाव एवं संवेदनालाई आफ्ना कविता मार्फत अभिव्यक्त गरेका छन् ।

खास गरी स्वच्छन्दतावादी साहित्यसँग नजिक रहेका पौडेलले आफ्ना कवितामा प्रकृति, संस्कृति, अध्यात्म, युगीनता, राष्ट्रभक्ति, नैतिकता र स्वच्छन्दभाव व्यक्त गरेका छन् । उनको प्रथम कवितासङ्ग्रह **पद्याञ्जलि** (२०७०) विविध भावभूमिमा केन्द्रित छ । छान्दसिक विविधता र भावगत विविधता **पद्याञ्जलि**को विशेषता भएर देखापरेको छ । त्यसै गरी गद्यलयमा संरचित **भावाञ्जलि** कवितासङ्ग्रहमा मानवीय जीवन, नेपाली जनजीवन, नेपाली प्रकृति, संस्कृति, नेपाली राजनीति, मानवीय कर्तव्य, परिवर्तन, अग्रगमन आदि विषयवस्तु निर्मल र निश्छल रूपमा प्रस्तुत गरिएका छन् । मुक्तक प्रकृतिका २११ गीतमा रचित **गीताञ्जली** सूक्तिकाव्यका सूक्तिहरू जीवनोपयोगी र मननीय रूपमा देखापरेका छन् । आत्रेय वंशीय पुर्खाको राज्य सञ्चालनमा रहेका योगदान, शौर्य र वीरताका पराक्रमी गुणहरूको गान गर्दै वि.सं. २०७१ सालमा **शौर्यगाथा** महाकाव्य प्रकाशन गरी कवि लकाश पौडेल महाकाव्यकार व्यक्तित्वका रूपमा चिनिएका छन् ।

### ३.२.१०.४ अनुसन्धाता व्यक्तित्व

सानैदेखि जिज्ञासु स्वभावका पौडेलको खुलदुली, रहस्य र खोजीनीति गर्ने बानीले उनलाई अनुसन्धाता व्यक्तित्वका रूपमा चिनाएको छ । विशेष गरी पौडेलमा आत्रेय वंश अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित **पौडेल वंशावली**को तयारीको अवस्थादेखि उनमा

अनुसन्धानको जग बसेको देखिन्छ । **शौर्यगाथा** महाकाव्य लेखनका सन्दर्भमा पुरानो पर्वतराज्य क्षेत्रको तीन पटकसम्म भ्रमण गरी त्यहाँको ऐतिहासिकताको रहस्य पत्ता लगाउन उनी सफल भएका थिए । त्यसै गरी अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको तर्फबाट नेपाली भाषा साहित्यको खोज अन्वेषणमा अन्तर्राष्ट्रिय सम्मेलनमा समेत उनको सक्रिय सहभागिता रहेको थियो । अङ्ग्रेजी भाषा तालिम, पाठ्यक्रम विकास केन्द्र र त्रिभुवन विश्वविद्यालय एवं योजना विकास, मानव अधिकार, नेतृत्व विकास, स्काउट तथा सामाजिक सेवाका विभिन्न तालिमहरूमा उनको सहभागिता रहेको थियो । प्रा.वि., नि.मा.वि. तथा मा.वि.को पाठ्यक्रम निर्माण तथा परिमार्जन कार्यदल सदस्य, प्राविधिक शिक्षा व्यवस्थापन, सञ्चालन र सम्भाव्यता अध्ययन कार्यदल सदस्य, स्थानीय विकास संस्था तथा नगर एवं टोल संस्था सञ्चालन, अध्ययन, अनुसन्धान लगायत देवघाट क्षेत्र विकास समितिको सदस्य सचिव भई गुरुयोजना तथा भौतिक विकास योजना तयार पार्ने जस्ता महत्त्वपूर्ण कार्यहरूमा पौडेलको सक्रिय सहभागिता रहेको देखिन्छ (पौडेल, २०६७ : ६) ।

फान (फ्रेस वाटर एक्सन नेटवर्क) इन्टरनेशनल नेपाल च्याप्टर कार्यसमिति सदस्य लगायत सयौँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार, सम्मेलन आदिमा भाग लिँदै विभिन्न संघ-संस्थाबाट खोज-अनुसन्धान र शोधपत्र तयारीमा समेत समर्पित बन्दै आएका पौडेलका कृतिहरू खोज-अनुसन्धानकै उपजका रूपमा देखापरेका छन्, जसले गर्दा एक सफल अनुसन्धाता व्यक्तित्वका रूपमा कवि पौडेलले आफूलाई उभ्याउन सफल भएका छन् ।

### ३.२.१०.५ सम्पादक व्यक्तित्व

विविध व्यक्तित्वका धनी पौडेलको सम्पादक व्यक्तित्व पनि निकै फस्टाएको देखिन्छ । उनको व्यक्तित्व साहित्य सिर्जनाका क्षेत्रमा मात्र होइन, पत्रपत्रिका, स्मारिका सम्पादन कार्यमा पनि गतिशील देखिन्छ । लिखित सामग्रीलाई कलात्मक रूपमा पारख गर्नु र संयोजन गर्नु सम्पादकको कर्म हो । **पौडेल वंशावली** (२०६०), **आत्रेय वंशावली** (२०५६) र **सिर्जना** साहित्यिक पत्रिकाका सम्पादक पौडेलले विभिन्न संघ-संस्थामा आबद्ध रहँदै

**संकल्प, सिर्जना, नौलो राँको, वागीश्वरी, सुधांशु, पारदर्शी** (राष्ट्रिय दैनिक) र धेरै स्मारिकाहरू सम्पादन-प्रकाशन गर्दै आइरहेका छन् ।

यसरी पौडेलले थुप्रै पत्रपत्रिका तथा स्मारिका ग्रन्थको सम्पादन गरेको देखिन्छ । खास गरी बाग्लुङ, चितवन, तनहुँ, नवलपरासी लगायतका जिल्लाहरूबाट निस्कने पत्रपत्रिका र स्मारिका ग्रन्थको सम्पादनबाट उनलाई सम्पादक व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण सहयोग मिलेको देखिन्छ ।

## ३.२.१०.६ सामाजिक व्यक्तित्व

समाजसँग सम्बन्धित रहेको व्यक्ति नै सामाजिक व्यक्तित्व हो । विभिन्न संघ-संस्थामा संलग्न रहेर गरेका सामाजिक कार्यहरूबाट नै व्यक्तिको समाजसेवी व्यक्तित्व स्पष्ट हुन्छ । समाजमा हुने सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आदि कार्यहरूमा संलग्न रहेर कवि पौडेलले आफ्नो सामाजिक व्यक्तित्वलाई झल्काएका छन् ।

कवि लकाश पौडेलको समाजसेवाको प्रारम्भ धौलागिरी छात्र परिषद्, वाराणसीको संस्थापक अध्यक्ष पदबाट सुरु भएको हो । नेपाल राष्ट्रिय शिक्षक संगठनको सल्लाहकार सदस्य (२०३६), नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य, नेपाल बुद्धिजीवी परिषद्को सदस्य, मानव अधिकार संरक्षण मञ्च चितवनको सल्लाहकार, वृद्ध कल्याण सेवा संघको सल्लाहकार, आजीवन सदस्य लगायत विभिन्न संघ संस्थामा रहेर उनले समाजको आर्थिक, सांस्कृतिक एवं धार्मिक र शैक्षिक विकासका लागि आर्थिक सहयोग पनि गरेको देखिन्छ (शोधनायकका अनुसार) । पवित्र तीर्थस्थल देवघाटधाममा कुलदेवताको बराह मन्दिर, कालिका मन्दिर भरतपुर, महाकालेश्वर शिव मन्दिर भरतपुर, मलामी घर बिसाउने पाटी देवघाटको निर्माणार्थ ठूलो आर्थिक सहयोग (दानलाई शब्दमा तोक्न नचाहनु) गरेको देखिन्छ । यसका साथै कवि पौडेलले विभिन्न मठ मन्दिर, विद्यालय भवन, प्राकृतिक उपचार कक्ष लगायत साहित्य, कला र संस्कृतिको विकासार्थ एवं साहित्यिक, सामाजिक व्यक्तित्व सम्मान र असहाय, गरिब तथा जेहेन्दार विद्यार्थी एवं अनुसन्धाताहरूको सम्मानार्थ रु. १० लाख २५ हजारको पं. नीलकण्ठ पौडेल स्मृति प्रतिष्ठानद्वारा सञ्चालित अक्षयकोषको स्थापना समेत गरेका छन् ।

यसरी समाज निर्माणमा मन, वचन र कर्मले समर्पित पौडेलले साहित्यिक, धार्मिक, शैक्षिक र सामाजिक उत्थानमा महत्त्वपूर्ण सहयोग गरेर आफ्नो समाजसेवी व्यक्तित्वको परिचय दिएका छन् ।

## ३.३ लकाश पौडेलको महाकाव्यकारिता

कवि लकाश पौडेल खास गरी साहित्यको कविता विधाका उदीयमान प्रतिभा हुन् । उनले कविता विधाको फुटकर रचनादेखि लिएर महाकाव्यसम्मको लेखनलाई पूरा गरेका छन् । कविता रचनामा विविध विषयवस्तु, रचनाशैली र भावविधानलाई महत्त्व दिँदै काव्यिक मर्म र भावाभिव्यक्तिको बेजोड प्रस्तुति दिने पौडेललाई उनको **शौर्यगाथा** (२०७१) महाकाव्यले महाकाव्यकारका रूपमा परिचित गराएको छ । ऐतिहासिक विषयवस्तुमा आधारित यो महाकाव्य कविको पहिलो महाकाव्य भए पनि यसमा विषयवस्तु, भावविधान, शैलीरचना र काव्यगत चमत्कार भने विशिष्ट रहेको देखिन्छ । उनको यही **शौर्यगाथा** महाकाव्यका आधारमा नै उनको महाकाव्यकारिताको विश्लेषण गर्न सकिन्छ । उनले जीवनवृत्तमा अनुभव गरेका विविध प्रसङ्गहरू, पुर्खाहरूद्वारा अवशिष्ट वंशगत अनुभवलाई सिर्जनधर्मिताको परिवृत्तमा आधारित रहेर यो महाकाव्य सिर्जना गरेको पाइन्छ ।

### क) ऐतिहासिक विषयवस्तुको प्रस्तुति

**शौर्यगाथा** महाकाव्य इतिहाससम्बद्ध पक्षसँग सम्बन्धित देखिन्छ । प्राचीन पर्वत राज्य र यसको सेरोफेरोमा परिभ्रमित यो महाकाव्यले नेपालको इतिहासमा प्रायः ओभ्रेलमा परेको ऐतिहासिक तथ्यलाई उजागर गरेको कुरा प्रश्रित भन्छन् : "प्राचीन पर्वत राज्य र यसको परिचय हुने गरी नेपालको इतिहासमा प्रायः ओभ्रेलमा परेका आयामहरूलाई खोजेर सिर्जना गरिएको 'शौर्यगाथा' महाकाव्यको लोकप्रियताको कामना गर्दछु" (प्रश्रित, २०७१ : भूमिका) । पर्वत राज्यको इतिहास, त्यहाँको शासन व्यवस्था र शासकहरूको बहादुरीको प्रशस्तिवर्णन गरिएको यो महाकाव्य नेपालको बाइसे-चौबिसे राज्य अन्तर्गतको पर्वत राज्यमा आधारित छ ।

इतिहासको वस्तुतथ्यात्मक वर्णन गर्न सफल कवि यस महाकाव्यका आधारमा ऐतिहासिक विषयवस्तुको वर्णन गर्ने महाकाव्यकार हुन् भन्ने प्रमाणित गर्न सकिन्छ । यसै कुरालाई पुष्टि गर्दै गौतम भन्छन् : "नेपाली महाकाव्य परम्परामा इतिहास बोधका केन्द्रीयतामा रहेर इतिहास चेतना, संस्कृति चेतना, युगचेतना र वंशपरम्पराका अतीतबोधलाई समेटेर विचरण गर्ने तथा आजको पुस्तालाई आफ्नो अस्तित्व पहिचान एवम् अतीतका शौर्य र पराक्रमको पाठ पढाउने महाकाव्यकारको अभीष्ट यस महाकाव्यमा पूर्ण रूपले परिलक्षित भएको पाइन्छ" (गौतम, २०७१ : भूमिका) । कविले पर्वतको राजवंश आत्रेयगोत्री बम मल्ल राजाहरू, राजगुरु बलिपाध्या र शाहवंशीय राजाको त्रिपक्षीय विषयवस्तुलाई समन्वित गर्दै तत्कालीन पर्वत राज्यको इतिहासको वर्णन गरेका छन्, त्यसैले पौडेल ऐतिहासिक महाकाव्यकार हुन् ।

### ख) आञ्चलिकताको प्रयोग

निश्चित भौगोलिक क्षेत्र र समुदायलाई परिलक्षित गरी रचना गरिएका साहित्यिक विधा आञ्चलिक साहित्य अन्तर्गत पर्दछन् । आञ्चलिकताको प्रयोग बढी मात्रामा उपन्यास विधामा भए पनि महाकाव्यमा पनि यसको प्रयोग देखिन्छ । **शौर्यगाथा** महाकाव्य पर्वत राज्यको सेरोफेरोमा केन्द्रित रहेकाले यसलाई आञ्चलिक महाकाव्य भन्न सकिने आधारहरू भेटिन्छन् । पर्वत राज्यको राज्य सञ्चालन, तत्कालीन समाज व्यवस्था, राजनीतिक र कुटनीतिक सम्बन्ध आदि परिवेशगत वृत्तलाई हेर्दा यसले आञ्चलिकताको भूमिकालाई निर्वाह गरेको छ । निश्चित भौगोलिक क्षेत्रको पहिचान, वंशपरम्पराको इतिहास र राज्यसञ्चालन प्रणालीमा आधारित यस महाकाव्यमा महाकाव्यकारले आञ्चलिकताको प्रयोग गरेका छन् ।

### ग) पूर्वीय काव्यसिद्धान्त र शास्त्रीयतावादी चिन्तनको प्रयोग

कवि लकाश आफ्ना काव्यरचनामा पूर्वीय काव्यसिद्धान्तलाई अनुशरण गर्ने सर्जक हुन् । उनले **शौर्यगाथा** महाकाव्यमा पूर्वीय काव्य मान्यतालाई अनुसरण गर्दै

महाकाव्यमा हुनुपर्ने परिभाषेय महाकाव्यिक तत्त्वहरूको प्रयोग गरेका छन् । महाकाव्य लेखनमा पूर्वीय काव्यसिद्धान्तकै अनुसरण गरी भावगत परिष्कृततामा जोड दिनु, कलात्मकता, प्राञ्जल भाषाशैली, कलात्मक भावसंयोजन, अलङ्कृत भाषाशैली र काव्यगत सौन्दर्यमा जोड दिनु पौडेलको महाकाव्यिक विशेषता हो । हार्दिकतामा भन्दा बौद्धिकतामा जोड दिनु, श्रुतिरम्य र आनुप्रासिक भाषाको प्रयोग गर्नु र वस्तु तथ्यात्मक वर्णन गर्नु जस्ता काव्यगत धर्मिताले उनलाई पूर्वीय काव्यसिद्धान्तका प्रयोक्ता र शास्त्रीयतावादी चिन्तकका रूपमा लिन सकिन्छ ।

### घ) विविध छन्द र अलङ्कारका प्रयोक्ता

कवि लकाश पौडेलले फुटकर कवितादेखि महाकाव्यसम्मका काव्यिक रचनामा विविध शास्त्रीय छन्दको प्रयोग गरेका छन् । उनले **शौर्यगाथा** महाकाव्यमा खास गरी शार्दूलविक्रीडित, अनुष्टुप, शिखरिणी, उपजाति, इन्द्रवज्रा, इन्द्रवंशा, वंशस्थ, वसन्ततिलका, मन्दाक्रान्ता, भुजङ्गप्रयात, स्रग्विणी, स्रग्धरा, पञ्चचामर, वासन्ती, कुसुमविचित्रा, चम्पकमाला, मालिनी, दिक्पाल जस्ता छन्दको प्रयोग देखिन्छ । कविले महाकाव्यमा भावाभिव्यक्तिलाई विशिष्ट र कलात्मक बनाउन अनुप्रास, उपमा, यमक, उत्प्रेक्षा, दृष्टान्त, अर्थान्तरन्यास, श्लेष, अपह्नुति जस्ता अलङ्कार प्रयोगलाई विशेष जोड दिएका छन् । वीररस प्रधान यो महाकाव्य भाषाशैलीका दृष्टिले पनि सरल र सम्प्रेष्य नै देखिन्छ । यी सबै महाकाव्यिक संरचना, छन्दप्रयोग र अलङ्कार विधानलाई हेर्दा उनी विविध छन्द र अलङ्कारको प्रयोग गर्ने महाकाव्यकारका रूपमा चिनिएका छन् ।

## ३.४ निष्कर्ष

कुनै पनि व्यक्तिको खास परिचय उसको व्यक्तित्वबाट हुने गर्दछ । मानिस सामाजिक प्राणी भएकाले उसको व्यक्तित्व निर्माणमा समाजको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपर्युक्त अवस्था र परिवेशमा मान्छेमा अन्तर्निहित व्यक्तित्व प्रस्फुटित भएको

पाइन्छ । पौडेलको बाह्य व्यक्तित्वले रूप, आकारप्रकार, स्वभाव, बानी, रुचि आदिलाई व्यक्त गरेको छ भने आन्तरिक व्यक्तित्वले कवि व्यक्तित्व, अनुसन्धाता व्यक्तित्व, सम्पादक व्यक्तित्व र सामाजिक व्यक्तित्वलाई चिनाएको छ । महाकाव्यकार पौडेलको **शौर्यगाथा** महाकाव्यका आधारमा उनको महाकाव्यगत विशेषता प्रस्तुत गरिएको छ । ऐतिहासिक विषयवस्तुको प्रस्तुति, आञ्चलिकताको प्रयोग, पूर्वीय काव्यसिद्धान्त र शास्त्रीयतावादी चिन्तनको प्रयोग, विविध छन्द र अलङ्कारको प्रयोग पौडेलको मुख्य महाकाव्यकारिता हो ।

# चतुर्थ परिच्छेद

# शौर्यगाथा महाकाव्यको अध्ययन

# चतुर्थ परिच्छेद

# शौर्यगाथा महाकाव्यको अध्ययन

## ४.१ विषय प्रवेश

प्रस्तुत परिच्छेद **शौर्यगाथा** महाकाव्यको अध्ययनमा आधारित छ । लकाश पौडेलको पहिलो र एकमात्र महाकाव्य **शौर्यगाथा**को महाकाव्यगत संरचना, शिल्प र तत्त्वगत आधारमा अध्ययन गर्नु उपयुक्त देखिन्छ । संरचना, कथावस्तु, पात्रविधान, भावविधान, परिवेश चित्रण, उद्देश्य, लयविधान, उक्तिढाँचा, भाषाशैली, रस, अलङ्कार र शीर्षकीकरणका आधारमा शौर्यगाथा महाकाव्यको विश्लेषण गर्न सकिन्छ । महाकाव्यका प्रमुख मान्यताका सेरोफेरोमा गरिएको विश्लेषणबाट महाकाव्यको मूल मर्म र भावाभिव्यक्ति स्पष्ट हुन्छ ।

## ४.२ संरचना

लकाश पौडेलद्वारा लिखित **शौर्यगाथा** महाकाव्य मझौला आयाममा संरचित छ । यसमा १३ सर्ग र ७२२+११ गरी जम्मा ७३३ श्लोक छन् । पहिलो सर्गमा ४५, दोस्रोमा १००, तेस्रोमा ८५, चौथोमा ६१, पाँचौंमा ४१, छैटौंमा ४०, सातौंमा ४७, आठौंमा ५८, नवौंमा ६५, दसौंमा ४८, एघारौंमा ६१, बाह्रौंमा ३९, तेह्रौंमा ३२ र उपसंहार खण्डमा ११ वटा श्लोकहरू राखिएका छन् । विविध छन्दको प्रयोग गरी लेखिएको यस महाकाव्यमा सर्गान्तमा छन्द परिवर्तनको नियमलाई पालना गरिएको छ । प्रत्येक सर्गको अन्त्यमा स्रग्धरा छन्दको प्रयोग गरिएको छ ।

त्रिवेणी साहित्य परिषद्ले प्रकाशन गरेको यो महाकाव्य १४८ पृष्ठमा विस्तारित छ । आत्रेय वंशप्रवर्तक तथा पूर्वजहरूमा समर्पित यस पुस्तकको प्रारम्भमा आधुनिक नेपालको नक्सामा प्राचीन पर्वत राज्यलाई सचित्र देखाइएको छ । त्यसपछि प्रकाशकीय लेख, गोविन्दराज विनोदीको *शौर्यगाथा महाकाव्यको प्रदक्षिणा* भूमिका लेख र लेखकको आत्मकथा प्रस्तुत गरिएको छ । महाकाव्य प्रारम्भ गर्नुपूर्व महाकाव्यभित्रका प्रत्येक सर्गको मुख्य

कथावस्तुलाई एक दुई लाइनमा प्रस्तुत गरी महाकाव्य बुझ्न सरलीकरण गरिएको छ । मङ्गलाचरणबाट प्रारम्भ भएको यो महाकाव्य १३ सर्ग र उपसंहार खण्डमा विस्तारित हुँदै अन्त्यमा पर्वत राज्यका पुरातात्विक दृष्टिले महत्त्वपूर्ण केही ऐतिहासिक स्थलहरूको तस्वीर राखिएको छ । यसले गर्दा कृतिभित्रका स्थानगत वर्णनका साथै दृश्यगत सामग्रीको उपलब्धताका कारण पाठकलाई कृतिको वास्तविक भावबोध गर्न सहज भएको देखिन्छ ।

आकर्षक बाह्य आवरणमा निर्मित **शौर्यगाथा** महाकाव्यको आवरणको अग्रभागमा पर्वत राज्यका शासक राजाहरूको अर्धकदको तीनवटा तस्वीरहरू क्रमबद्ध राखिएको छ भने पश्चभागमा मोदनाथ प्रश्रित र लक्ष्मणप्रसाद गौतमका छोटा-छोटा भूमिका लेख र लेखकको तस्वीर सहितको व्यक्तिवृत्तलाई प्रस्तुत गरिएको छ । समग्रमा प्रस्तुत महाकाव्यको संरचनागत बनोट र बुनोट आकर्षक, ग्राह्य र सान्दर्भिक देखिएको छ ।

## ४.३ रचना सन्दर्भ

**शौर्यगाथा** महाकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित छ । महाकाव्यकारको पुर्ख्यौली थलो तत्कालीन पर्वत राज्यको शासन व्यवस्था, शासकतन्त्र, कुटनीतिक र राजनीतिक व्यवस्था, अर्थतन्त्र र सामाजिक परिवेशबाट परिचित पौडेलले आफ्नै पितापुर्खाका अवशेष इतिहासलाई पुनर्जीवित गर्न तत्कालीन ऐतिहासिक महत्त्वका धरोहरलाई परिचित तुल्याउन महाकाव्यको सिर्जना गरेका छन् । यही महाकाव्यबाट ऐतिहासिक सत्यतथ्यको सिर्जना गरेका छन् । यही महाकाव्यबाट ऐतिहासिक सत्यतथ्यको उजागर गरी तत्कालीन राज्यव्यवस्थाको जानकारी गराउनु पनि यस महाकाव्यको अभीष्ट देखिन्छ । खास गरी पर्वत राज्यमा आत्रेयवंशी शासकहरूको शासन व्यवस्था र कवि स्वयम् पनि आत्रेयवंशी परम्पराका भएकाले उक्त राज्य वर्णनको रचना सन्दर्भ पनि अनुकूल देखिन्छ । कविलाई महाकाव्य सिर्जना गर्न पनि आफ्नै वंशपरम्पराको महत्त्वपूर्ण योगदानले घच्घच्याएको पाइन्छ । यिनै विविध सन्दर्भ, परिवेश र कवि अनुकूलको वातावरणले यो महाकाव्य सिर्जना हुन गएको देखिन्छ ।

## ४.४ कथावस्तु

**शौर्यगाथा** महाकाव्यको विषयवस्तु इतिहास सम्बद्ध छ । यसमा पर्वत राज्यको इतिहास र शासन व्यवस्थालाई वर्णनात्मक किसिमले प्रस्तुत गरिएको छ । आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा गतिशील रहेको यस महाकाव्यको आदि भागमा कथावस्तुको आरम्भ, मध्यभागमा सङ्घर्ष, विकास र अन्त्यभागमा उपसंहार रहेको छ । पूर्वीय महाकाव्य सिद्धान्तअनुसार कथावस्तुमा हुनुपर्ने महाकाव्यिक तत्त्वहरू समाविष्ट छन् । कथावस्तुको वर्णनमा वर्णनात्मक र दृश्यात्मक पद्धतिको अवलम्बन गरिएको छ । महाकाव्यमा वर्णित कथावस्तुलाई कविले तेह्र सर्गमा विस्तार गरेका छन् ।

महाकाव्यको पहिलो सर्ग मङ्गलाचरणबाट गरिएको छ । महाकाव्यका पात्र विद्यापति पौडेलकी आँबोई (हजुरआमा) पार्वतीलाई सरस्वतीसँग समीकरण गर्दै 'पाउ लागी' अभिवादनद्वारा काव्यारम्भ भएको छ । विद्यापति पौडेलले आफ्नी हजुरआमा पार्वतीसँग आफ्ना पूर्व पुरुष र वंशका बारेमा विभिन्न प्रश्न गरेका छन् र हजुरआमाले आफ्नो वंशका बारेमा सङ्क्षिप्त इतिहास बताएकी छिन् । महाकाव्यको दोस्रो सर्गमा आत्रेयगोत्री राजगुरु बलिपाध्याको जन्म र किशोरावस्थाका क्रियाकलापको वर्णन गरिएको छ । बलिपाध्याको जन्म समयमा निकै हर्षउल्लास भएको, अक्षरारम्भ, व्रतबन्धसम्बन्धी संस्कारको उल्लेख गरिएको छ साथै बलिपाध्याले वेदादि, कर्मकाण्ड, व्याकरणसिद्धान्त, साहित्य न्याय र ज्योतिषशास्त्र अध्ययन गरेको चर्चा दोस्रो सर्गमा पाइन्छ । महाकाव्यको तेस्रो सर्गमा शिक्षा ग्रहणका लागि बलिपाध्याको काशीगमन र फर्केपछिको गृहस्थ जीवन प्रवेश प्रसङ्गलाई प्रस्तुत गरिएको छ । काशी जाने बेलामा आमाको मन चिन्ताग्रस्त भएको बलिपाध्याले सम्झाइ-बुझाइ गरेका र काशी प्रस्थान गरी शिक्षा ग्रहण गरेका छन् । काशीबाट पर्वत राज्यमा फर्केपछि उनको विवाहको चर्चा चलेको 'सुभद्रा' नामकी सर्वगुण सम्पन्न कन्यासँग उनको विवाह भएको, धुमधामसँग वैवाहिक कार्यक्रम सम्पन्न भएको प्रसङ्गलाई तेस्रो सर्गमा कथावस्तुका रूपमा समावेश गरिएको छ । काव्यको चौथो सर्गमा पर्वतको राजवंश आत्रेयगोत्री बम बल्ल राजाहरूको इतिहास र शौर्यको वर्णन गरिएको छ । पर्वत राज्यको राजधानी ढोरालठानाको वर्णन गर्दै काली र म्याग्दीबिचको वेणीको सौन्दर्यको उल्लेख छ । बम मल्ल राजाहरूको पुर्ख्यौली थलो डोटीबाट आएका र बम मल्लका आठ सुपुत्रमध्ये

'अनम्म'लाई राजा बनाएर पर्वत राज्यको स्थापना भएको कुरा उल्लेख गरिएको छ । चौथो सर्गमा पाल्पा, गल्कोट, मुस्ताङ, कागबेनी जस्ता क्षेत्रलाई एउटै पर्वतराज्यमा एकीकृत गरिएको प्रसङ्गलाई पनि उल्लेख गरिएको छ ।

महाकाव्यको पाँचौं सर्गमा राजा प्रियवर्त बम मल्लले कीर्तिबमलाई राज्य हस्तान्तरण गरेका र कीर्तिबमले गद्दी आरोहण गरेको प्रसङ्गलाई उल्लेख गरिएको छ । सर्गको प्रारम्भमा पर्वत राज्यको सांस्कृतिक, प्राकृतिक र सामाजिक वातावरणको चित्रण गर्दै प्रियवर्तबम राजाले पर्वत राज्यको अभिभारा कीर्तिबमलाई सुम्पिएको र गद्दी आरोहण कार्य बडो धुमधामसँग सम्पन्न भएको चर्चा गरिएको छ । काव्यको छैटौं सर्गमा राजा कीर्तिबमको राज्याभिषेक गरिएको र राजगुरु बलिपाध्यालाई जेठाकाजी पदमा नियुक्ति गरिएको प्रसङ्गलाई समावेश गरिएको छ ।

महाकाव्यको सातौं सर्गमा गोर्खाली राजा पृथ्वीनारायण शाहको नेपाल एकीकरणका अभियानमा विभिन्न राज्यसँग लड्दै गोर्खाली सेना पर्वत राज्यमा पुगेको र पृथ्वीनारायणकै सेना पराजित भई फर्किएको विषयलाई उल्लेख गरिएको छ । पर्वत राज्यमा बलिपाध्याको कुशल नेतृत्व भएकाले गोर्खाली सेनाले आक्रमण गर्दा पनि विचलित नभई युद्ध कौशलद्वारा विजय हात पारेपछि बलिपाध्याको प्रशंसा गरिएको छ । बलिपाध्याले पनि पर्वतका राजा कीर्तिबम मल्ललाई सुशासन, सुमार्ग र सुकीर्तिका लागि सदैव अग्रसर हुन अर्ति उपदेश दिएको प्रसङ्गसँगै सातौं सर्गको अन्त्य भएको छ । त्यसै गरी आठौं सर्गमा राजगुरु बलिपाध्याले राज्य सञ्चालनका लागि पर्वते राजा कीर्तिबमलाई उपदेश दिएको प्रसङ्ग र शत्रुसँग लड्न चाल्नुपर्ने कुटनीतिक सिद्धान्तको चर्चा गरिएको छ । असल राज्य सञ्चालनका लागि सबैमा समान दृष्टि हुनुपर्ने, बन्धुबान्धवलाई चिड्याउन नहुने, भेदभाव, अन्याय, अत्याचारका विरुद्धमा आवाज उठाउनु पर्ने, ग्राम विकासका लागि घरेलु उद्योग, खानी उत्खनन्, युवा परिचालन गरी राज्यलाई स्वर्ग समान बनाउनु पर्ने प्रगतिवादी चिन्तनको अभिव्यक्ति दिँदै बलिपाध्याले राजालाई पिता र प्रजालाई पुत्र समान मानेका छन् । समग्रमा राष्ट्रियहित, भलाइ र कल्याणका निम्ति राजा र प्रजा निरन्तर लाग्नुपर्ने उपदेश बलिपाध्याले दिएका छन् । यसका साथै राज्यलाई समृद्ध, सुदृढ र दिगो बनाउन कुटनीतिक

संयन्त्रको पनि चर्चा गरेका छन् । यो सर्ग बलिपाध्याले राजा कीर्तिबमलाई दिएको अर्ती-उपदेशमा आधारित छ ।

सातौँ सर्गमा गोर्खाली राजा पृथ्वीनारायण शाहले पर्वत राज्यलाई घेर्ने नीति र योजना बनाएका छन् भने पहिले हारिसकेकाले पुनः सैनिक सङ्गठन गरी पर्वत राज्यलाई जित्नुपर्ने विचार अघि सारेका छन् । पर्वतका राजगुरु बलिपाध्यालाई पत्रद्वारा ससर्त आत्मसमर्पण गर्न प्रस्ताव गरे पनि स्वाभिमानी बलिपाध्याका लागि यो कुरा स्वीकार्य हुँदैन । राज्य सुरक्षाका निमित्त पाल्पाली राजासँग सल्लाह, विचार, विमर्श लिने बलिपाध्याको निर्णय सँगै यो सर्गको अन्त्य भएको छ । दसौँ सर्गमा गोर्खाराज्यका नायवी बहादुर शाहलाई पाल्पाकी राजकुमारीसँग विवाह गराएर गोर्खा र पर्वत राज्यसँगको समझदारी विकास गर्ने प्रस्ताव भएको देखिन्छ । बलिपाध्याले पाल्पाली राजासँगको सल्लाहअनुसार गोर्खाली राजासँग पर्वते राजाले सन्धी सम्झौता गरेका र उक्त कुरा राजकुमार नरसिंह बम मल्लले पिताको उक्त सम्झौतालाई ठाडै अस्वीकार गरी राज्यको पदमा आफूलाई नियुक्त गरेका छन् । उनले गोर्खालीसँग झुकेको आरोपमा कीर्तिबमलाई नजरबन्द र राजगुरु बलिपाध्यालाई बलेवा कोटको संरक्षणका निम्ति ‘उमराव’ पदमा नियुक्त गरी त्यहाँको कार्यभार सुम्पिएको प्रसङ्गलाई यस सर्गमा समेटिएको छ ।

एघारौँ सर्गमा नरसिंहबम मल्लले राजगुरु बलिपाध्यालाई उमरावमा नियुक्त गरी बलेवा पठाएको प्रसङ्गलाई उल्लेख गरिएको छ । बलिपाध्या बलेवा पुग्दा त्यहाँका ग्रामबासीले उनको भव्य स्वागत गरेका, बलिपाध्या पनि जनताको सेवामा असाध्यै प्रसन्न चित्त भइरहेका र बलेवा राज्यको पुनर्निर्माण र संरचनालाई नयाँ ढङ्गबाट सञ्चालन गर्नुपर्ने प्रस्ताव बलिपाध्याले अघिसारेका छन् । उनले सांस्कृतिक धरोहरको पुनर्निर्माण, सामाजिक समानता, भौगोलिक सुदृढता र नागरिक सम्मानको पक्षमा काम गर्नुपर्ने बताएका छन् । बलेवा क्षेत्रको प्राकृतिक सौन्दर्यको अपूर्व वर्णन गरिएको यस सर्गमा बलिपाध्याले थुमराज्यको नयाँ व्यवस्था र सञ्चालनमा सुधार गरी जनताको मन जित्न सफल भएको प्रसङ्गलाई उल्लेख गरिएको छ । बाह्रौँ सर्गमा गोर्खा राज्यले दक्षिणबाट पर्वतराज्यमाथि आक्रमण गरी विजय हात पारेको प्रसङ्ग उल्लेख छ । पर्वत राज्यमा नरसिंह लगायत अन्य सेनाहरू भागाभाग गरेका, कीर्तिबमलाई यज्ञादि कर्म गर्न लगाएका घटनाहरू यसमा समाविष्ट छन् । पर्वत राज्यलाई

गोर्खा राज्यमा एकीकरण गरी गोर्खाली सेना बलेवा पुगेको, बलेवामा बलिपाध्याले स्वागत गरेका र बहादुर शाहबाट राजगुरु बलिपाध्याको सम्मान गरिएको कथावस्तुलाई यस सर्गमा विस्तार गरिएको छ । नरसिंह भागेर नीसिभूजी बस्न गएका र कीर्तिबम मल्ल बलहरामपुर नवाव बज्जीरको शरणमा पुगेको प्रसङ्ग पनि यसै सर्गमा समेटिएको छ ।

महाकाव्यको अन्तिम सर्गमा बलिपाध्यालाई थुमराज्य सञ्चालनको अधिकार सुम्पिएको प्रसङ्ग उल्लेख छ । उनले आफ्नो शासनकालमा अनेकौं सुधारका कार्यहरू गरेको देखिन्छ । उनले केही समय पश्चात् थुमराज्यको सञ्चालनका लागि छोरा माधवपाध्यालाई उत्तराधिकारी नियुक्त गरी उक्त क्षेत्रको विकास, विस्तार र संरक्षणको अभिभारा सुम्पेका छन् । राज्य र जनताका निमित्त सदैव समर्पित बलिपाध्यालाई नागरिकद्वारा भव्य अभिनन्दन गरी बिदाइ गरेको घटनासँगै यस महाकाव्यको कथावस्तुलाई पूर्णविराम दिइएको छ ।

### ४.४.१ आदिभाग

यस महाकाव्यको कथावस्तुलाई आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध गरिएअनुसार आदि भागमा कथावस्तुको आरम्भ र विकासको अवस्था राखिएको छ । मङ्गलाचरणसँगै प्रारम्भ भएको कथावस्तु विद्यापति पौडेल र हजुरआमा पार्वतीसँगको वार्तालापबाट उठान भएको छ । आत्रेयवंशी राजगुरु बलिपाध्याको जन्म, शिक्षा-दीक्षा, विवाहको वर्णन, पर्वतका आत्रेयगोत्री बम मल्ल राजाहरूको इतिहास र शौर्यको वर्णन, कीर्तिबम मल्लको राज्यारोहण र बलिपाध्यालाई जेठाकाजी पदमा नियुक्त गरिएको घटनासम्मलाई कथावस्तुको आदि भाग मान्न सकिन्छ । यस खण्डमा खास गरी प्रमुख नायक चरित्रको बाल्यकालीन जीवनको ज्यादा वर्णन भएकाले यसमा सङ्घर्ष, उपलब्धीभन्दा प्रारम्भिक जीवनको निर्माण र भविष्यको योजनातर्फ कथानकले मोड लिएको छ । सम्पूर्ण महाकाव्यको कथावस्तुलाई यही आदि भागले नै आधार प्रदान गरेको छ ।

### ४.४.२ मध्यभाग

यस महाकाव्यको कथावस्तुको मध्य भागमा विभिन्न सङ्घर्षहरू, आरोह-अवरोहहरू र घटनाका मोडहरू प्रस्तुत भएका छन् । पर्वत राज्यमाथि गोर्खा राज्यको आक्रमण, गोर्खाराज्य पराजित, पर्वते राजा कीर्तिबम मल्ललाई बलिपाध्याको उपदेश, गोर्खा राज्यसँग

सम्झौता गरेको आरोपमा कीर्तिबम मल्ललाई आफ्नै छोराद्वारा नजरबन्द र बलिपाध्यालाई बलेवा कोटको 'उमराव'मा नियुक्त गरिएको प्रसङ्ग समावेश छ । यसका साथै बलेवा राज्यमा बलिपाध्याको भव्य स्वागत भएको र त्यहाँ थुमराज्यको सञ्चालन गरी बलिपाध्याले नमुना योग्य राज्य सञ्चालन गरेका छन् । गोर्खाली सेनाले पुनः पर्वत राज्यमाथि हमला गरेपछि तत्कालीन राजा नरसिंह राज्य छोडेर पलायन भएका र थुम राज्यका सञ्चालक बलिपाध्यालाई बहादुर शाहबाट सम्मान प्राप्त भएको घटनालाई कथावस्तुको मध्यभागमा प्रस्तुत गरिएको छ । यस भागमा राज्य-राज्य बिचको खिचातानी, शासक-शासकबिचको राजनीतिक र कुटनीतिक सम्बन्धका साथै बलिपाध्याले भोग्नुपरेका यावत् कठिनाइहरूलाई प्रस्तुत गरिएको छ ।

### ४.४.३ अन्त्यभाग

यस महाकाव्यको अन्त्यभाग कथावस्तुको समाप्ति हो । थुमराज्यको सञ्चालनको अधिकार पाएका बलिपाध्याले त्यहाँको सामाजिक, सांस्कृतिक र आर्थिक सुधार गरी सम्पूर्ण जनताको मन जित्न सफल भएका र पछि आफ्नै छोरा माधव पाध्यालाई उत्तराधिकारी नियुक्त गरी त्यहाँको राज्य सञ्चालनको अभिभारा दिएका, नागरिकद्वारा भव्य अभिनन्दनपछि बलिपाध्याको बिदाइसँगै महाकाव्यको कथानकले विश्राम लिएको छ ।

## ४.५ पात्रविधान

**शौर्यगाथा** महाकाव्य पुरुष पात्रप्रधान महाकाव्य हो । यसमा खास गरी राजामहाराजा, मन्त्रीहरू र भाइभारदारहरूको उपस्थिति रहेको छ । इतिहासप्रसिद्ध, सत्चरित्र भएको नायक हुनुपर्ने पूर्वीय महाकाव्यसिद्धान्त अनुरूप यस महाकाव्यका नायक बलिपाध्या पनि एक कुशल शासक, देशप्रेमी, उदार, भावुक र न्यायप्रेमी व्यक्तिका रूपमा देखापरेका छन् । महाकाव्यमा मानवीय र मानवेतर दुवै किसिमको पात्रको प्रयोग देखिन्छ । मानवेतर अन्तर्गत पनि सजीव र निर्जीव दुवै वस्तुलाई चित्रण गरिएको छ तर महाकाव्यमा बलिपाध्या, पृथ्वीनारायण शाह, बहादुर शाह, कीर्तिबम मल्ल, नरसिंहबम मल्ल, प्रियव्रत, महदत्त सेन, सुभद्रा, राजेन्द्रलक्ष्मी, लक्ष्मीपति, अनम्म, चन्द्रम्म, डिम्म, नागबम मल्ल, सुरभी,

तुलराम पाण्डे, दलमर्दन शाह, कालु पाण्डे, विराज बखती, महेश पन्त, केहरसिंह, विद्यापति पौडेल, पार्वती, दीर्घ शाह, देववल्लभ, श्रीधर, वत्सराज, माधव पाध्या, हस्तवीर खड्का, धनञ्जय पाठक, दलसिंह राना, रतन सुवेदी, कुमारदत्त, अवधूत सिंह, वीरमर्दन आदि थुप्रै पात्रहरूको उपस्थिति रहेको छ । यसरी मुख्य, सहायक, गौण र सूच्य पात्रको उपस्थिति हेर्दा यस महाकाव्यमा लगभग ३० भन्दा बढी पात्रहरू भेटिन्छन् ।

### ४.५.१ बलिपाध्या

आत्रेयगोत्री वंशपरम्परामा जन्मिएका बलिपाध्या यस महाकाव्यका धीरोदात्त नायक हुन् । उनको जन्मदेखि शासनव्यवस्थाका सुधारकार्यसम्मको वर्णन महाकाव्यमा गरिएको छ । प्रमुख पुरुषपात्र बलिपाध्या गोपीवल्लभका सुपुत्र हुन् । उनी जन्मँदा बडो हर्षोल्लास छाएको थियो। उनको नामकरण सन्दर्भमा भनिएको छ - बलि नाम महानाम, भद्रहोस् सबको भनी । 'बलिभद्र' रह्यो नाम, अर्को 'सत्यश्रवा' पनि । (२-३७)

संस्कृत शिक्षाको अध्ययनका लागि काशीसम्म पुगेका बलिपाध्या काशीबाट फर्केपछि गृहस्थ जीवनमा प्रवेश गरेको देखिन्छ ।

बलिपाध्या काशी अध्ययनपश्चात् पर्वत राज्यमा फर्केपछि उनलाई जेठाकाजी पदमा नियुक्त गरिएको थियो । राज्यसञ्चालन सम्बन्धी रायसल्लाहकार र कुटनीतिक योद्धा समेत रहेका बलिपाध्याले राज्यको सुरक्षा र सुदृढीकरणसम्बन्धी थुप्रै अर्ती उपदेशहरू कीर्तिबम मल्ललाई सुनाएका छन् । जस्तै :

गरी न्याय आफैँ गई गाउँगाउँ
बुझी फैसला गर्दिने ठाउँठाउँ ।
नियुक्ती गरी थुम राज्यैहरूमा
यि जेठाबुढा भेज गाउँहरूमा । (८ : ५०)

बम मल्ल स्वाभिमानी, राष्ट्रभक्त र न्यायप्रेमी व्यक्तित्व मानिन्छन् । कीर्तिबम मल्लका पालामा जेठाकाजी पदमा नियुक्त भएर उनले पर्वत राज्यको रक्षार्थ ठूलो योगदान दिएका छन् । उनकै नेतृत्वमा रहँदा गोर्खा राज्यले आक्रमण गर्दा पनि पर्वत राज्य बिचलित भएन । सदा अडिग र अविचलित रहने बलिपाध्याको निःस्वार्थ सेवा र त्यागको भावनाले

जनताको मन जितेको देखिन्छ । पछि नरसिंह बम मल्लले उनलाई उमरावमा नियुक्त गरी बलेवा राज्यको (थुमराज्य) सुरक्षार्थ खटाएपछि उनले उक्त थुमराज्यलाई सुधार गरी नमुना राज्यका रूपमा परिणत गरिदिएका छन् । सम्पूर्ण जनताको मन जितेर नागरिक अभिनन्दनसमेत पाएका बलिपाध्याको सम्पूर्ण जीवन भौतिक सुखसयलभन्दा राष्ट्रिय हित र भलाइका निम्ति समर्पित भएको देखिन्छ । कसैको लोभलालच र स्वार्थमा नफँस्ने बलि आफूलाई स्वाभिमानी भन्न रुचाउँछन् । जस्तै :

बली यो सालको लिङ्गो न हो बेत नुँघीकन
आफ्नो शीर झुकाएर बस्ने दास म होइन । (९ : ३८)
म मेरो देहको राजा मेरा इन्द्रिय नार्दछु
सम्झी कर्तव्य जो मेरो त्यही नै कार्य गर्दछु (९ : ३९)

गोर्खा राज्यबाट सशर्त सम्झौताका लागि पत्र आउँदा पनि उनले आफ्नो राष्ट्रिय स्वाभिमानबाट कत्ति पनि विचलित नभई आफ्ना विचारहरू निर्भीक रूपमा प्रस्तुत गरे । असल र कुलीन वंशपरम्परामा हुर्केका बलिपाध्या महाकाव्यभरि नै असल, सत् र अनुकूल चरित्रमा अडिग रहेकाले उनी स्थिर पात्रका रूपमा आएका छन् । त्यसै गरी मञ्चीय, बद्ध र वर्गीय पात्रका रूपमा उनको उपस्थिति देखिन्छ । कसैको दुःख देख्न नसक्ने र सबैको भलाइका निम्ति समर्पित बलिपाध्या सुधारवादी, प्रगतिवादी, न्यायप्रेमी र कुशल नेतृत्वकर्ताका रूपमा महाकाव्यमा देखिएका छन् ।

### ४.५.२ कीर्तिबम मल्ल

कीर्तिबम मल्ल प्रियव्रत राजाका छोरा हुन् । प्रियव्रत राजाले कीर्तिबमलाई राज्यभार सुम्पिई आफू वानप्रस्थी जीवन बिताउन काशी गएका थिए । कीर्तिबमकै पालामा बलिपाध्यालाई जेठाकाजी पदमा नियुक्त गरिएको थियो । उनले पर्वत राज्यको राज्यसत्ता सुदृढ बनाउन वरपरका अन्य राज्यसँग पनि राम्रो सम्बन्ध कायम राखेका थिए । राज्य सञ्चालनका निम्ति बेला-बेलामा बलिपाध्यासँग विशेष राय सल्लाह लिने कीर्तिबम मल्ल यस महाकाव्यका सहायक पुरुष पात्र हुन् । गोर्खा राज्यसँग सम्झौता गरी पर्वत राज्यलाई विखण्डित तुल्याउन खोजेको आरोपमा आफ्नै छोरा नरसिंह बम मल्लद्वारा नजरबन्दमा

परेका कीर्तिबमले अन्त्यमा नबाब बजिजरको शरणमा पुगेका छन् । कीर्तिबम मल्लको शासन समाप्तिपछि पर्वत राज्यमा राजनैतिक हस्तक्षेप, युद्ध, षड्यन्त्र जस्ता विकृतिहरू भित्रिएको देखिन्छ । पर्वत राज्यलाई आदर्श राज्यका रूपमा स्थापित गर्ने चाहना हुँदाहुँदै पनि झुटो आरोपमा आफ्नै छोराद्वारा नजरबन्द परेपछि उक्त चाहना बिचमै दुर्घटित भएको छ । आफ्नो कर्तव्य पथबाट विचलित नभई राज्यका निमित्त जीवन समर्पित गर्ने कीर्तिबम मल्ल महाकाव्यमा सत् र असल चरित्रका राजाका रूपमा देखिएका छन् । पात्रगत भूमिकाका आधारमा यिनलाई सहायक पुरुषपात्र, अनुकूल, स्थिर, बद्ध, मञ्चीय र प्रतिनिधिमूलक पात्रका रूपमा चिनाउन सकिन्छ ।

### ४.५.३ नरसिंह मल्ल

नरसिंह मल्ल कीर्तिबम मल्लका छोरा हुन् । सुरुमा युवराज र पछि उनी राजा पनि भएका छन् । बाबुले गोर्खासँग सम्झौता गरी पर्वतराज्यलाई दुर्घटनामा पार्न खोजेको आरोप लगाई उनले बाबुलाई राज्यच्यूत गरी आफै राज्यसञ्चालनको गद्दीमा बसेका थिए । भक्तपुरका राजकुमार रणजित मल्लका छोरा, लमजुङे राजा वीरमर्दन शाह र तनहुँका राजा हरकुमारदत्त सेन उनका सहयोगी र सल्लाहकार थिए । उनीहरूकै सल्लाह अनुसार राज्य सञ्चालन गरे पनि उनको शासनकाल लामो समयसम्म टिक्न सकेन । गोर्खाराज्यको पटक-पटकको आक्रमणपछि पराजित बेहोरेको पर्वत राज्य अन्त्यमा गोर्खा राज्यमै गाभिन पुग्यो । त्यसपछि नरसिंह त्यहाँबाट भागेर 'निसिभुजी' ठाउँमा गई बसेका थिए । पात्रगत भूमिकाका आधारमा यिनी सहायक पुरुष पात्र, गतिशील, मञ्चीय, प्रतिनिधिमूलक र सुरुमा अनुकूल चरित्रका भए पनि अन्त्यमा प्रतिकूल चरित्रका रूपमा उनको भूमिका रहेको देखिन्छ ।

### ४.५.४ पृथ्वीनारायण शाह

पृथ्वीनारायण शाह गोर्खाराज्यका राजा र नेपाल एकीकरणकै एक कुशल अभियन्ता हुन् । उनले गोर्खा राज्य सञ्चालनसँगै छरिएर रहेका बाइसे-चौबिसे, टुक्रे राज्यहरूलाई एउटै मालामा उनेर सिङ्गो नेपाल निर्माण गर्ने उद्देश्यका साथ अगाडि बढेको देखिन्छ । उनले पर्वत राज्यमा आक्रमण गर्दा सुरुमा हार बेहोर्नु परे पनि अन्त्यमा विजय हाँसिल गरेका

छन् । राष्ट्रिय एकता र एकीकरणका निम्ति जीवनभर समर्पित पृथ्वीनारायण शाहले भनेका छन् -

कि युद्धै जित्नेछौँ कि त अब हुने स्वर्ग गमन
यही हाम्रो बाटो अब पछि फिरी नर्क नभन ।
इतिहास् हाम्रो होस् मगमग फुलेको फुलसरी
यसैको शोभामा चकित बटुवा हाँस्छ जसरी ॥ (९ : १६)

यसरी राष्ट्र निर्माणका लागि बलिदान समेत दिन तयार पृथ्वीनारायण शाह साँच्चिकै पृथ्वीपति बनेर देखापरेका छन् । जगतलाई स्वर्ग बनाउने सपनासँगै उनको जीवनको पनि अन्त्य भएको कुरा महाकाव्यकार यसरी बताउँछन् :

सत्सङ्कल्प थियो नरेश पृथिवी बढ्दै गयो चाह यो
आशा स्वर्ग बनाउने जगतको तारा सरी देश यो ।
लागे ढुक्क भई यकीकरणमा बित्यो ठुलो काल नै
आयो आखिर अन्त्यकाल यिनको चाहेनचाहेर नै ॥ (९ : १८)

पात्रगत भूमिकाका आधारमा पृथ्वीनारायण शाह सहायक पुरुष पात्र, स्थिर, बद्ध, मञ्चीय, अनुकूल र प्रतिनिधिमूलक चरित्रका रूपमा देखिएका छन् ।

### ४.५.५ बहादुर शाह

बहादुर शाह राजा पृथ्वीनारायण शाहका माहिला छोरा र प्रताप शाहका भाइ र राजेन्द्रलक्ष्मीका देवर हुन् । राजेन्द्रलक्ष्मीले नायवी चलाएको बखत यिनले राज्य विस्तारमा महत्त्वपूर्ण योगदान दिएका थिए । यिनकै पालामा गोर्खा राज्यले पर्वत राज्यमाथि विजय प्राप्त गरेको थियो । भाउजु राजेन्द्रलक्ष्मीसँग राजनीतिक रूपमा केही खटपट भए पनि उनले नेपाल एकीकरण अभियानलाई निरन्तरता दिइरहे । सेनासँगै आफू द्रोणजस्तै बनेर एकीकरणको अभियानलाई पूर्णता दिन लागिपरेको कुरालाई महाकाव्यकार बताउँछन् :

सैनीक जस्तरि सँगै छन् 'बादुरै' नि
उन्ले सँगैसँग हिँडी गरदै तयारी ।
राज्यै यकीकरणको अभियान पूर्ण
गर्नाकनै अघिपछी भइ आफु द्रोर्ण ॥ (१२ : २१)

बलिपाध्याको कुशल नेतृत्वबाट प्रभावित भएका बहादुर शाहले बलिपाध्यालाई सम्मान र कदर गरेका छन् । उनले बलिपाध्यालाई काजी समान 'गुरुराज'को पदले सम्मानित गरेका छन् । यसरी बहादुर शाह महाकाव्यमा सहायक पुरुष पात्र, बद्ध, अनुकूल, मञ्चीय, स्थिर र प्रतिनिधिमूलक पात्रका रूपमा देखिएका छन् ।

महाकाव्यमा अन्य गौण पात्रहरूको पनि केही न केही भूमिका रहेको छ । विद्यापति पौडेल र पार्वती महाकाव्यमा सूत्रधार पात्रका रूपमा आएका छन् । विद्यापति पौडेलले आफ्नो आत्रेय वंशको इतिहासका बारेमा जिज्ञासा राखेका र हजुरआमा पार्वतीले उक्त जिज्ञासा मेटाउने क्रममा महाकाव्यकै घटनाक्रमलाई वर्णन गरेकी छन् । सम्पूर्ण कुलको कथा भन्ने र सुन्ने परम्परामा आधारित यस महाकाव्यको घटनाक्रमलाई विद्यापति पौडेल र पार्वतीका माध्यमबाट प्रस्तुत गरिएको छ ।

महदत्त सेन पाल्पाका राजा हुन् । उनले बहादुर शाहलाई छोरी दिएर गोर्खाराज्यसँगको सम्बन्धलाई सुदृढ बनाउने प्रयास गरेका छन् । यसका साथै गोर्खा र पर्वत राज्यका बिचको सन्धी सम्झौतामा साक्षी राजाका रूपमा उनको उपस्थिति देखिन्छ । यसै गरी माधव पाध्या बलिपाध्याका छोरा हुन् । बलिपाध्याले थुम राज्यको सुधार कार्यपछि यिनै छोरालाई राज्यभार सुम्पिएर विदाइ भएको प्रसङ्ग महाकाव्यमा वर्णित छ ।

राजेन्द्रलक्ष्मी प्रतापसिंह शाहकी धर्मपत्नी हुन् । छोरा रणबहादुर शाह सानै भएकाले राज्यको नेतृत्व यिनैले समालेकी थिइन् । एकीकरण अभियानलाई सक्रिय बनाई राष्ट्रप्रेमको नमुना प्रस्तुत गरेकी राजेन्द्रलक्ष्मी नारी भएर पनि त्यागी, सङ्घर्षशील, विराङ्गना र आत्मबलकी धनी नारी चरित्रका रूपमा देखापरेकी छन् । त्यसैगरी सुभद्रा यस महाकाव्यकी अर्की नारी चरित्र हुन् । असल कुल घरानमा जन्मेर हुर्केकी उनी बलिपाध्याकी धर्मपत्नीका रूपमा आएकी छन् । आफ्ना पतिको सत् कार्यमा निरन्तर सहयोग गर्ने र असल गृहस्थ जीवन बिताउने प्रेरणा दिने उनको नारी चरित्र अनुकरण लायक र प्रशंसायोग्य रहेको छ ।

## ४.६ भावविधान

विभिन्न साहित्यिक रचनामध्ये महाकाव्य वृहत्तर रचना हो र यो आस्वादनमूलक हुनुपर्छ । यसमा कविका अनुभूतिहरू प्रस्तुत हुँदा निश्चित वा अनिश्चित भावहरू व्यक्त हुन

पुग्दछन् । कवि अनुभूतिले व्यक्त गरेको आख्यानले निश्चित संरचनाभित्र जीवन-जगतको समग्रतालाई व्यक्त गर्दछ । जीवन-जगतलाई प्रस्तुत गर्दा वस्तुता र विचारलाई जति अँगाले पनि भाव पक्षलाई मुख्य रूपमा लिनुपर्ने हुन्छ । यसरी प्रस्तुत हुने कवि अनुभूति विशाल भावराशिमा प्रकट हुन्छ ।

### ४.६.१ ऐतिहासिक तथ्यको खोजी

प्रस्तुत **शौर्यगाथा** महाकाव्य इतिहास सम्बद्ध विषयवस्तुसँग सम्बन्धित रहेको छ । तत्कालीन पर्वत राज्यको राज्यसत्ता र त्यसकै सेरोफेरोमा घुमेको महाकाव्यको विषयले इतिहासका गर्भमा लुकेका कतिपय घटना-परिघटना र पुरातात्विक स्थलहरूको समेत यथार्थ उद्घाटन गरेको छ । पर्वत राज्यको ऐतिहासिक स्वरूप, भौगोलिक अवस्था, सामाजिक संरचना, प्राकृतिक सुन्दरता, धार्मिक, सांस्कृतिक धरोहर आदि विषयलाई ग्रहण गरी तिनीहरूको वास्तविक पहिचान गराउने काम महाकाव्यले गरेको छ । पर्वत राज्यको ऐतिहासिक महत्तालाई जनसमक्ष पुऱ्याउँदै पुर्खाहरूको गौरवपूर्ण गाथाको गान गर्दै नयाँ पुस्तालाई राष्ट्रहितमा समर्पित हुने प्रेरणा दिनु यसको मुख्य ध्येय रहेको छ ।

यस महाकाव्यमा पुरातात्विक दृष्टिले महत्त्वपूर्ण मानिएका ताकमकोट, जगन्नाथ देवल, ढोलथाना, महारानी थान, ज्यामरुक कोट, मालिकादेवी थान, बाग्लुङ कालिका, सतौं डहरे द्यौराली, बलेवाकोट, भैरवथान, भुमेथान, पाउजाकोट, द्यौराली, बलेवा गार्लुङ, पाङ्गा ग्राम, बरनाथ गुफा, वेणी शिव मन्दिर जस्ता ऐतिहासिक स्थलहरूको वर्णन गरिएको छ । साथै गोर्खा, लमजुङ, तनहुँ, पाल्पा, पर्वत आदि राज्यको समेत चर्चा-परिचर्चा गरिएको छ ।

नेपालको इतिहासमा आधारित यो महाकाव्य कृतिले पर्वतको राजवंश आत्रेयगोत्री बम मल्ल राजाहरू, राजगुरु बलिपाध्या र शाह वंशीय राजाको त्रिपक्षीय विषयवस्तुलाई समन्वित गरेको छ । यस क्रममा पौडेल वंशीय बलिपाध्याको विचार, तर्क, बुद्धि र शौर्यका साथै तत्कालीन पर्वत राज्यको उत्थान र पतन तथा नेपाल एकीकरणको कथालाई पनि यसमा सन्दर्भीकृत गरेर रोचक ढङ्गले प्रस्तुत गरिएको छ (पौडेल, २०७१ : ज) ।

### ४.६.२ राष्ट्रभक्तिको भावना

**शौर्यगाथा** महाकाव्यले पर्वत राज्यको इतिहासलाई समेट्दै तत्कालीन शासक, सेना र सर्वसाधारण जनतामा समेत राष्ट्रभक्तिको भावना भएको तथ्यलाई प्रकट गरेको छ । पन्ध्रौं

शताब्दीदेखि उन्नाइसौँ शताब्दीसम्म आत्रेयी वंशका राजाहरूले पर्वत राज्यको सञ्चालन गरेका थिए । ती राजाहरूले आफ्नो राज्यप्रतिको दायित्व, जिम्मेवारी र कर्तव्यलाई निःस्वार्थ रूपमा पालना गरी देशभक्तिको उत्कृष्ट नमुना प्रस्तुत गरेका थिए । त्यही वंशपरम्परामा बलिपाध्या सामान्य काजी भए पनि उनमा रहेको अटल र निःस्वार्थ देशप्रेमले उनलाई सच्चा र वास्तविक राष्ट्रसेवकका रूपमा महाकाव्यले चित्रण गरेको छ । यसै प्रसङ्गमा बलिपाध्याको राष्ट्रभक्तिको भावनालाई प्रस्तुत कविताांशले स्पष्ट पारेका छन् :

कहीँ केही गर्छौ भने लागिहाल
भरे हैन ऐल्है नया थालिहाल ।
अनी पो अगाडी बढेरै गइन्छ
भई आलसी काँ नयाँ क्यै भइन्छ ? (८ : २४)
प्रजा यी सिपाही सिपाही त लोक
सदा देशसेवी हुने हुन्छ मर्त्य ।
म नै सैनिकै हुँ म नै नागरीक
बली दिन्छु आफैँ म नै देश एक । (८ : २७)

राष्ट्रनायक पृथ्वीनारायण शाहको उदात्त जीवनशैलीबाट राष्ट्रियताको उद्बोधन भएको छ । एकीकरण अभियानद्वारा सिङ्गो राष्ट्र निर्माण गरी प्रत्येक जनमानसमा राष्ट्रप्रेमको उदात्त भावना सञ्चार गराउन सफल शाह राष्ट्रभक्ति र राष्ट्र नवनिर्माणका शीर्षस्थ धरोहर हुन् । राष्ट्रप्रेमको ज्वलन्त उदाहरण दिने बहादुर शाहले पृथ्वीनारायण शाहकै एकीकरण अभियानलाई निरन्तरता दिएर सिङ्गो नेपाल निर्माण गर्न महत्त्वपूर्ण योगदान दिएका थिए । उनको राष्ट्रप्रतिको त्याग, बलिदान र समर्पण भाव निकै उदात्त रहेको देखिन्छ । त्यस्तै राजेन्द्र लक्ष्मीले गोर्खाराज्यको नायवी चलाएर नारी आदर्शलाई राष्ट्रिय हित र कल्याणमा रूपान्तरित गरी देशभक्तिको गतिलो उदाहरण दिएकी छन् ।

काव्यमा कीर्तिबम मल्ल लगायत अन्य बम मल्ल राजाहरू पनि राष्ट्रभक्तिको भावनाले अभिप्रेरित रहेको कुरा चर्चा गरिएको छ । राज्य विस्तारका क्रममा बलिदान दिएका कयौँ वीर वीराङ्गनाहरूको जीवन इतिहासले पनि राष्ट्रप्रेमको पाठ सिकाएको छ ।

### ४.६.३ राजनीतिक अवस्था

**शौर्यगाथा** महाकाव्यमा पर्वत राज्यलाई केन्द्रमानी तनहुँ, गोर्खा, पाल्पा जस्ता राज्यहरूको राजनीतिक अवस्थालाई समेत चित्रण गरिएको छ । राज्य-राज्यका बिचमा हुने द्वन्द्व, संघर्ष, खिचातानी, शासकहरूको मनमुटाव, सीमा विस्तार लगायत शक्ति प्रदर्शनका निम्ति राजनीतिक बाटो रोज्ने तत्कालीन शासन व्यवस्थाको चित्रण महाकाव्यमा गरिएको छ । जुन राज्यमा राजनीतिक अवस्था सही र अनुकूल हुन्छ, त्यस्तो राज्यमा बाहिरी हस्तक्षेपको सम्भावना कम रहन्छ । गोर्खा राज्यमा राजनीतिक अनुकूलताले गर्दा एकीकरण अभियानलाई थप ऊर्जा मिलेको देखिन्छ भने पर्वत राज्यमा यही राजनीतिक षडयन्त्रले गर्दा गोर्खा राज्यसँग पराजित हुनुपरेको छ । राजनीतिसँगै कुटनीति शासन व्यवस्थालाई शिरोधार्य गर्ने प्रयास बलिपाध्याले गरेका भए पनि उनलाई थुमराज्यको जिम्मा दिएपछि पर्वत राज्यको राजनीतिक अवस्था बिग्रिएको देखिन्छ । कुर्सी लोलुपताका कारण सन्धी सम्झौता गरेको आरोपमा छोरा नरसिंह मल्लले बाबु कीर्तिबम मल्ललाई राजनीतिक रूपमा हस्तक्षेप गरी सत्ताच्यूत गरेको देखिन्छ । राजनीतिमा आफन्त, पराइ, टाढा, नजिक आदिको सरोकार हुँदैन, कुर्सी नै सबैलाई प्यारो हुन्छ भन्ने कुरा कवि भन्दछन् -

कुर्सी पियारो जगतै पियार छ
कुर्सी बिना यो मन नै बिमार छ ।
उठे नि कुर्सी सपना नि कूर्सी भो
पागल् सरी हुन्छ नभा त कुर्सि यो ॥ (१० : ४१)
पिता पराई जननी हराइछ
दाज्यू र भाई पनि गैह्र भा र छ ।
सत्ता अगाडी सब यी त क्यै न क्यै
लक्ष्यै रहेको छ त कुर्सि भै नभै ॥ (१० : ४२)

राजनीति षड्यन्त्रबाट राज्यहरूले अन्य राज्यलाई झुक्याएर, फकाएर, फँसाएर र अन्त्यमा युद्धै गरेर भए पनि विजय हातपार्ने काम गरेका हुन्छन् । राजनीतिको चक्रब्यूहमा गोर्खा राज्यले पर्वत राज्यलाई हातपार्नका निमित्त अनेक प्रयास गरेको देखिन्छ । पाल्पाका राजासँगको सल्लाह र सम्झौता अनुसार बहादुर शाहलाई छोरी दिने निर्णय पनि भएको छ ।

ढडिया थापेर माछोलाई बन्दक बनाएभ्रैं राज्यलाई पनि चक्रब्यूहद्वारा जित्न सकिने कुरा महाकाव्यमा यसरी व्यक्त भएको छ :

घेरेर चारैतिरबाट चक्रभ्रैं
ब्यूहै बनाई बिच पारदै कसै ।
माछो ढडीया परने गरी मुख
बगेर आयो अब छैन लौ सुख ॥ (१० : ५)

यसरी महाकाव्यमा राजनीतिक अवस्थाकै कारणले गोर्खा राज्य विस्तारित हुँदै गएको र पर्वतराज्य गोर्खा राज्यमा विलीन भएको घटना-परिघटनालाई चित्रण गरिएको छ ।

## ४.६.४ सामाजिक अवस्था

**शौर्यगाथा** महाकाव्यमा ऐतिहासिक पक्षको सत्य-तथ्य उजागर गर्ने क्रममा तत्कालीन सामाजिक संरचना र व्यवस्थाको पनि चित्रण गरिएको छ । समाजमा जीवित रहेका मूल्य मान्यता, परम्परा, आपसी सहयोग, सद्भाव र सहकार्यलाई महाकाव्यले विषयवस्तुका रूपमा ग्रहण गरेको छ । सामाजिक संस्कारका रूपमा रहेका नामकरण संस्कार, अन्नप्रासन, अक्षरारम्भ, उपनयन, विवाह आदि क्रियाकलाप र पारिवारिक सहसम्बन्धको सामाजिक संरचनालाई समेत महाकाव्यमा प्रस्तुत गरिएको छ । आमाबाबु र सन्तान बीचमा आपसी प्रेम, माया र सद्भाव हुने भए पनि सन्तानहरूको माया अन्यत्रै फैलने सामाजिक तितो यथार्थलाई प्रस्तुत महाकाव्यले यसरी व्यक्त गरेको छ :

आमाको मनमा चिन्ता सन्तानहरूको हुने ।
सन्तानहरूको चिन्ता बरु अन्यत्र फैलने ॥ (३ : ७)

अनादि कालदेखि नै नेपाली समाजमा चल्दै आएको वैवाहिक पद्धतिलाई महाकाव्यमा प्रस्तुत गरिएको छ । अग्निसाक्षी राख्दै र विभिन्न देवीदेवताको अर्चना एवं बन्दना गर्दै सामाजिक रीतिअनुसार गाँसिएको वैवाहिक सम्बन्धलाई कविले उच्च सम्मान गर्दै यसरी व्यक्त गरेका छन् :

जोसँग जीवनै बित्छ सुखदुःख बराबरी ।
आधा शरीर मानिन्छ पतिपत्नी सधैं भरी ॥ (३ : ३०)

तत्कालीन समाजमा शासक वर्गले दासदासी, सुसारे, नोकरचाकर राख्ने परम्परालाई पनि काव्यमा देखाइएको छ :

हेर्चाह गरने दासी, सुसारे अनगिन्ती छन् ।
रुचि इच्छा गरे जत्ती, खाना धेर अनेक छन् ॥ (२ : १३)

यसरी प्रस्तुत महाकाव्यमा ऐतिहासिक विषयको वर्णनसँगै सामाजिक परिवेशको छनक पनि साङ्केतिक रूपमा आएको छ । महाकाव्यको मुख्य उद्देश्य ऐतिहासिक सत्यतथ्यको प्रकटीकरण गर्नु रहेकाले सामाजिक चित्रणमा त्यति ध्यान पुऱ्याएको भने देखिँदैन ।

### ४.६.५ धार्मिक-सांस्कृतिक अवस्था

प्रस्तुत महाकाव्यमा हिन्दु परम्परामा आधारित सामाजिक संस्कार, संस्कृति, धार्मिक उत्सव, आडपर्व, ब्रत-मेला आदिको चित्रण गरिएको छ । हिन्दू परम्पराका नामकरण, अन्नप्रासन, उपनयन आदि संस्कारहरू पूर्णतः पालना गर्ने तत्कालीन नेपाली समाज, मूल्यमान्यताका पक्षमा महाकाव्य उभिएको छ । महाकाव्यमा केही सामाजिक संस्कारलाई यसरी व्यक्त गरिएको छ :

एघारौँ दिनमा फेरि ठूलो उत्सव साथको ।
नामकरण संस्कार वैदिक विधिले भयो ॥ (२ : ३६)
आश्विन शुल्क दशमी, विजया पर्वका दिन ।
अन्न प्राशन भो आज, संस्कार विधिपूर्वक ॥ (२ : ४७)
वसन्त पञ्चमी आयो अक्षरारम्भ कार्य भो ।
काशीबाट झिकाएका गुरु पण्डित विज्ञ जो ॥ (२ : ५७)
यता आभूदिकश्राद्ध गर्दै आरम्भ यज्ञ भो ।
चूडाकर्म भयो साथै यज्ञोपवित पूर्ण भो ॥ (२ : ८७)
न कैल्है अघि भो यस्तो र न कैल्है सुन्न पाइयो ।
सत्यका बलिको जस्तै बलिको यो विवाह भो ॥ (३ : ३७)

विभिनन चाडपर्व र उत्सव विशेषमा विभिन्न श्लोक, कर्खा आदि गाउने परम्परा पनि तत्कालीन पर्वत राज्यमा रहेको थियो । जस्तै :

अनेक सिलकै, गौंडा, कर्खा गाँस्दै दुवै थरी ।
मालश्री गाउँदै राग प्रश्नोत्तर हुँदै गऱ्यो ॥ (३ : ५३)

महाकाव्यमा धार्मिक पक्षलाई पनि महत्त्व दिइएको छ । तीर्थ-व्रत र धार्मिक क्रियाकलापमा बढी सक्रिय आम जनता र शासक वर्गमा पनि धर्मप्रतिको अनुराग र विश्वास रहेको देखिन्छ ।

## ४.६.६ शैक्षिक अवस्था

प्रस्तुत महाकाव्यमा तत्कालीन राज्य व्यवस्थाको चर्चा गरिएको छ । राज्य विस्तार र राज्य सुदृढीकरणका लागि प्रयास भैरहेकाले शिक्षा आर्जनका लागि त्यति धेरै समय दिइएको देखिँदैन, तर पनि गुरुकुलीय शिक्षा प्रणालीबाट तत्कालीन राज्यहरू प्रभावित थिए । बलिपाध्याले पनि विधि र संस्कार पूर्वक अक्षरारम्भ गरी घरमै गुरुराखेर शिक्षा ग्रहण गरेका थिए भने पछि गएर काशीमा पढ्न थालेको देखिन्छ । त्यस समयमा नेपालीहरू पढ्नका लागि काशी जाने तत्कालीन यथार्थको प्रकटीकरण बलिपाध्याको माध्यमबाट गरिएको छ । संस्कृत वाङ्मयसँग सम्बन्धित शैक्षिक योग्यता, सस्त्रअस्त्रको प्रयोग आदिका बारेमा शिक्षा लिने परम्परा अनुसार बलिपाध्या पनि यी कुराहरूमा पारङ्गत थिए भन्ने कुरा महाकाव्यमा यसरी देखाइएको छ :

सात वर्ष हुँदा सम्म चण्डी, अमरकोश ती,
अनेकौं स्तोत्र साहित्य कण्ठस्त गरी भन्दथे ॥ (२ : ७६)
बलि पढ्न पनि थाले वेदादि कर्मकाण्ड र ।
वैयाकरण सिद्धान्त साहित्य, न्याय ज्योतिष ॥ (२ : ९४)
सस्त्र विद्या चल्यो फेरि खुँडा, तर्बार ढालको ।
गोला, कपार्दी र कुस्ती व्यायाम सबलादिको ॥ (३ : १२)

यसरी काव्यमा खास गरी बलिपाध्याको शिक्षा ग्रहणसँग सम्बन्धित गुरुकुलीय परम्परा र शैक्षिक महत्त्वलाई समेत उजागर गरिएको छ ।

### ४.६.७ आर्थिक अवस्था

**शौर्यगाथा** महाकाव्यमा विभिन्न पक्षहरूलाई चित्रण गरेझैँ राज्यको आर्थिक पक्षको पनि चित्रण गरिएको छ । तत्कालीन राज्यहरू आर्थिक रूपमा त्यति सम्पन्न थिएनन् । पर्वतराज्यका राजा कीर्तिबम मल्लले निर्माण गरेका विभिन्न भौतिक वस्तुहरू बलिपाध्याद्वारा संरक्षण गरिएका धरोहरहरू आर्थिक उपलब्धि कै कारण विद्यमान भए पनि पर्वतराज्य आर्थिक रूपमा सम्पन्न भने देखिँदैन । पर्वत राज्यलाई आर्थिक रूपमा सम्पन्न बनाउन आर्थिक सहयोगको अपेक्षा देखिन्छ । राज्यभित्रै रहेका प्राकृतिक सम्पदाहरूको सही सदुपयोग गर्न उद्योग धन्दा खोल्नु पर्ने, उत्खनन् गर्नुपर्ने जस्ता आर्थिक कारोवार सम्बन्धी विषयलाई पनि महाकाव्यमा जोडिएको छ । अर्थद्वारा नै राज्यको विकास गर्न सकिन्छ, त्यसैले अर्थको महत्त्व बुझेर त्यसलाई उपयोग गर्नुपर्ने कुरा काव्यमा यसरी आएको छ :

धनै हो सबको आशा, धनै हो कार्य-कारण ।
पर्दा खर्च गरौँ अर्थ, व्यर्थमा हैन संचय ॥ (२-९३)

सबै गाउँमा गै त्यहाँकोनुसार
नयाँ ग्राम उद्योग खोली प्रचार ।
अरू गाउँमा के गरे हुन्छ काम
भनी खोल उद्योग सञ्चाल थाम ॥ (८-१३)

जहाँ हुन्छ खानी त्यहाँ खन्न लाऊ
नयाँ धातु पत्ता लगाई बताऊ
सुना शुद्ध चाँदी र तामा, सिसाले
धनी लौह द्रव्यादि राज्ये बनाऊ ॥ (८-१४)

राज्य कोषमा पैसा जम्मा गरी राज्यका निम्ति खर्च गर्ने परिपाटीलाई बलि पाध्याले निरन्तरता दिनु पर्ने बताएका छन् । उनका अनुसार राज्य आर्थिक रूपमा जति सबल हुँदै जान्छ त्यति नै बाहिरी झमेला र युद्धबाट मुक्त हुन्छ । त्यसैले राष्ट्रलाई आर्थिक रूपमा सबल हनाउनु पर्ने र त्यसका लागि जनताबाटै कर लिएर जनताकै हितका निमित्त खर्चिनु पर्ने कुरालाई काव्यमा यसरी भनिएको छ :

किसानै समेतै सबैक्षेत्रबाट
उठाई करै अन्न उब्जा विराट ।
दिने दान दातव्य औ वस्तु आदि
भरी कोष रक्षार्थ 'दानी' खटाऊ ॥ (८-४६)

यसरी राज्य सञ्चालनका निम्ति कुशल राजनीतिक नेतृत्व कर्ताको अहं भूमिका भएझैँ आर्थिक अवस्थाले पनि राज्यको फेरबदलमा ठूलो भूमिका खेल्दोरहेछ भन्ने कुरा प्रस्तुत महाकाव्यबाट स्पष्ट हुन्छ ।

### ४.६.८ प्रशासनिक अवस्था

प्रस्तुत महाकाव्यमा पर्वत राज्यको राजनैतिक, ऐतिहासिक र भौगोलिक अवस्थाको चित्रण गरिए पनि राज्य सञ्चालनको प्रमुख निकाय प्रशासनिक अवस्थालाई पनि देखाइएको छ । राजनीतिक रूपमा कार्य विभाजन गर्न साधन र स्रोतको सही बाँडफाँड गर्न प्रशासनिक अवस्थालाई महत्त्वपूर्ण मानिएको छ । पर्वत राज्यको विकास र सुदृढीकरणका लागि बलि पाध्याले प्रशासनिक निकायमा विभिन्न अनुभवी र दक्ष नागरिकलाई खटाएर प्रशासनिक कार्यलाई चुस्त-दुरुस्त बनाउने प्रयास गरेका थिए । उनले प्रशासनका विभिन्न क्षेत्रमा विविध पदमा विभिन्न व्यक्तिहरू खटाएको कुरा काव्यमा यसरी वर्णन गरिएको छ :

कान्छा अम्माल् कर कचहरी हेर्न 'सेतू' 'रमा' औ
'शेर्सिङ् बस्नेत्' प्रतिहर भनी चोपदारी त 'दाने' ।
जेठा बूढा जनपद मुखी 'राधु पाध्ये' 'प्रताप'
'मैदे थापा' र 'जगत' 'पते' जिंमुवाला जमीन ॥ (११-३९)
दानी, द्वारे, खडक पदका सैन्य दस्ता अखेली
कार्की, पन्थी, नवपद तिरे, घाट, माझी, रुचाल
कुम्हाल्, घर्ती, चमर, कटुवाल्, लौहकर्मी, सुचीकार्
सेवा मानी विविधपदका मान्य सम्मान्य व्यक्ति । (११-४०)

यसरी काव्यमा प्रशासनिक कुशल वा व्यवस्थापन र प्रयोग सन्दर्भलाई समेत चित्रण गरिएको छ । राज्यका विभिन्न अङ्गमा प्रशासनिक संयन्त्रको प्रयोग गरी राष्ट्रिय हितमा कार्य गर्नुपर्छ भन्ने विचार महाकाव्यकारको देखिन्छ ।

## ४.६.९ प्राकृतिक चित्रण

**शौर्यगाथा** महाकाव्यमा प्रकृतिको सुन्दरतालाई बढो आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ । खास गरेर पर्वत राज्य, गोर्खाराज्य र पाल्पा राज्यको वरपर रहेका प्राकृतिक दृश्यको वर्णनले काव्यको सौन्दर्य पक्षलाई बढवा दिएको छ । यसमा प्रकृतिको तन्मय र मन्मय दुवै पक्षको चित्रण गरिएको छ । पर्वत राज्यको प्राकृतिक सुन्दरता भित्र अटाउने वन, पाखा, पर्वत, खोला, नाला, लेक-बेसीको समष्टिगत सौन्दर्यलाई कवि यसरी वर्णन गर्दछन् :

कतै उँचा पर्वत शैल शोभा
कतै नदी कलकल वेग जो भा ।
कतै ठूला फाँट बनेर सम्म
नयाँ नयाँ रूप रहेछ रम्य ॥ (५-६)
स्वर्गै कहीँ रै छ भने धरामा
यही भने हुन्छ यिनै गरामा ।
फल्दा रहेछन् फलफूल टम्म
रमौँ रमाऔँ अब सास सम्म ॥ (५-१०)

यसै गरी प्रकृतिको सुन्दर स्थल पाग्जाकोटको वर्णन पनि महाकाव्यमा गरिएको छ । प्रकृतिको चित्रण गर्दा कतिपय ठाउँमा प्रकृतिको मानवीकरण समेत गरिएको छ :

पाग्लाकोटै यस मुलुकको शीर हो थूम राज्य
बाहु जस्तै वितत परछन् उच्च डाँडा विभाज्य ।
ठूला स्वाँरा, वन, चउर ती ढाड छाती बलीया
खुट्टा टेकी दमुक जमिरे हेर्छ पूर्वै बलेवा ॥ (११-१३)
चौँरी डाँफे पनि रनवनै बुक्कि गुराँस फुल्ने
माथी खास्टो सरि धनघटा मेघ गर्जेर डुल्ने
ध्यूसो चाँदी गधुलि पखमा स्वर्ण आभा चुलीमा
गाई बाच्छा लहर लहरी उठिभए झैँ धुलीमा ॥ (११-१७)

यसरी महाकाव्यमा ऐतिहासिक तथा पुरातात्विक महत्त्वका स्थलहरूको वर्णन गर्नुका साथै त्यहाँ प्राप्त भएका प्रकृति जन्य सौन्दर्यतालाई पनि कविले चित्रण गरेका छन् । प्रकृतिको चित्रणमा कविले दृश्यात्मक भाषाको प्रयोग समेत गरेका छन् ।

## ४.६.१० नारी आदर्शको प्रस्तुति

प्रस्तुत महाकाव्यमा आदर्शमय नारी चरित्रको भूमिका देखिएको छ । स्त्री पात्रको कम प्रयोग भए पनि ती पात्रहरू असल चरित्र र उदात्त स्वभावका रहेका छन् । महाकाव्यमा राजेन्द्रलक्ष्मी, पार्वती र सुभद्राले नारी आदर्श र कर्तव्यको परिपालना गरेको देखिन्छ । राजेन्द्रलक्ष्मीले राज्यको सङ्कटापन्न अवस्थामा पनि राज्यसत्ता हातमा लिएर नारीमा अन्तर्निहित वीरताको परिचय दिएकी छन् भने सुभद्राले बलि पाध्याको जीवनसँग गाँसिएर असल पत्नीका साथै आदर्श नारी पात्रको भूमिकालाई प्रष्ट पारेकी छन् । यसैगरी पार्वती आवोइले आफ्नो वंशपरम्पराको योगदानको चर्चा नाति विद्यापति पौडेललाई सुनाएकी छन् । यी तिनै जना नारीपात्रहरू तत्कालीन परिस्थिति अनुसार आ-आफ्नो कर्तव्यमा अडिग रहँदै आदर्श नारी पात्रको परिचय दिएका छन् । सुभद्राको रूप र गुणको प्रशंसा गर्दै महाकाव्यकार भन्दछन् :

भयो विमर्श आफूमा निष्कर्ष 'हुन्छ' को भयो ।
सुभद्रा नामकी कन्या रूपगुण सबै थियो ॥ (३-१८)
सुभद्रा पनि राम्री झन् श्रृङ्गार रासले गरी ।
उज्याली चन्द्रमा जस्ता कृष्णकी बहिनी सरी ॥ (३-४७)

यसरी प्रस्तुत महाकाव्यमा उदात्त स्वभावका नारी चरित्रको चित्रण गरिएको छ ।

## ४.६.११ युद्ध वर्णन

**शौर्यगाथा** महाकाव्य इतिहासका वीरपुरुषहरूको वीरता, शौर्यता र बलिदानसँग सम्बन्धित छ । पृथ्वीनारायण शाहको एकीकरण अभियान, पर्वतराज्यको स्वतन्त्र अस्तित्वकाविच पटक-पटक द्वन्द्व र संघर्ष उत्पन्न भएको छ । गोर्खा राज्यले पर्वत राज्यलाई हात पार्नका निम्ति सेना सहित आक्रमण गर्दा पहिलो पटक हार बेहोरेको थियो । भने दोस्रो युद्धमा उसले विजय प्राप्त गरेको थियो । तत्कालीन सैनिकहरू र शासकहरू समेत सशस्त्र युद्धमा होमिने परिस्थितिको चित्रण महाकाव्यमा गरिएको छ । युद्धका समयमा गोर्खातर्फबाट

स्वयं पृथ्वीनारायण शाहले नै नेतृत्व गरेका भए पनि उक्त युद्धमा तुलराम पाण्डे जस्ता वीर पुरुषहरूले साहदत प्राप्त गरेको कुरालाई कृतिमा यसरी व्यक्त गरिएको छ :

नारायणै समरका भइ पृथ्वि आफ्नै
नेतृत्वमा विजित भो छलि कान्तिपुर् नै ।
यो युद्धमा सहिद थे 'तुलराम पाण्डे'
कार्की सरूप पनि सादत पाट नै थे ॥ (७ : १८)

शक्ति प्रदर्शनद्वारा साना र कमजोर राज्यलाई युद्धका माध्यमबाट पराजित गरी शक्तिशाली राज्यमा गाभ्ने तत्कालीन राज्यको राजनीतिक प्रणालीले राज्य विस्तार गर्न युद्धलाई नै एक बलियो हतियार मानेको थियो । स-साना टुक्रेराज्यहरू विच आपसमा सानातिना युद्धहरू भैरहने र वीरपुरुषहरूले जीवन समर्पण गर्ने त्यस बेलाको युद्धग्रस्त परिवेशमा अन्य क्रियाकलापभन्दा हात हतियार निर्माण र सैनिक तालिमलाई महत्त्व दिएको देखिन्छ । बुद्धिले भन्दा बलले बहादुर बन्न चाहने त्यति बेलाका राज्यहरू साम, दाम, दण्ड, भेद मध्ये दण्ड र भेदद्वारा आफूलाई शक्तिशाली प्रमाणित गर्दथे । गोर्खा र पर्वतकै युद्ध प्रसङ्गमा पर्वत राज्यले जम्मा गरेको सैन्यबलका सन्दर्भमा कवि भन्दछन् :

सेनापती र सब सैन्य गरेर भेला
उर्दी गरे अब तयार भएछ बेला ।
गोर्खालि सैन्य सित लड्नु परेनि लड्ने
बाहादुरै परवतै भनि नाम राख्ने ॥ (१२-९)

यसरी यस महाकाव्यमा राज्यराज्यका बिचको युद्ध वर्णन गरिएको छ । युद्धमा धेरै वीर सैनिकहरूको मृत्यु भएको, कतिपय घाइते भएको घटनाले कथावस्तुलाई मार्मिक र कारुणिक समेत बनाएको छ ।

## ४.६.१२ कर्तव्यपरायणता

**शौर्यगाथा** महाकाव्यमा पूर्वीय आर्यसमाज र तिनीहरूको जीवन पद्धतिलाई राजनीतिक रूपमा रूपान्तरित गरी पर्वतराज्यको इतिहाससँग सम्बद्ध गरी प्रस्तुत गरिएको

छ । काव्यमा प्रयुक्त पात्रहरूको कर्तव्य परायणताले राज्यको सुख भोग गर्ने सुअवसर मिलेको छ भने जनताहरूमा पनि खुसी छाएको छ । शासकहरूले निःस्वार्थ रूपमा आफ्नो कर्तव्य पूरा गरिदिने हो भने राज्य र जनता समृद्ध मार्गतर्फ प्रेरित हुन्छन् भन्ने कुरा पर्वत राज्यको इतिहासले सिकाएको छ । राजगुरु बलिपाध्याको कर्तव्य निष्ठाले पर्वतराज्य र ‘थुम’ राज्यमा निकै परिवर्तन, विकास र चेतना विकास भएको देखिन्छ भने गोर्खा राज्यमा एकीकरणका अभिकर्ता पृथ्वीनारायण शाह, बहादुर शाह, राजेन्द्र लक्ष्मी जस्ता शासकहरूले पनि देश र जनतालाई एउटै सूत्रमा आबद्ध गर्ने सत् सङ्कल्पको परिपूर्तिका निम्ति आ-आफ्नो कर्तव्य पालना गरेको देखिन्छ । बलि पाध्याले राजा कीर्तिबम मल्ललाई राज्य सञ्चालन गर्दा स्वकर्तव्य पूरा गरेमा सधैँ विजय प्राप्त गर्न सकिन्छ भन्ने कुरा यसरी व्यक्त गरेका छन् :

स्वकर्तव्य आफ्नो बुझेरै चलेमा
अरू चल्छ राजा जसो गर्छ जेमा ।
त्यसैले सतर्कै भएको सुनेता
सदा हुन्छ चाहा पुगेको विजेता ॥ (८-५)

काव्यमा कर्तव्यको पालनासँगै न्याय, समानता, आध्यात्मिक चेतना, सत्यानुसन्धान जस्ता पक्षहरूमा पनि कर्तव्यकै पाठलाई महत्त्व दिइएको छ । कर्तव्य र सत् सङ्कल्प बिना कुनै कुरा सिद्ध गर्न सकिँदैन भन्ने ठम्याई महाकाव्यमा देखिन्छ । यसै सन्दर्भमा कवि भन्दछन् :

चाहन्छ जे जन यहीँ उपलब्ध हुन्छ
सङ्कल्प सिद्ध गरनै पछि लाग्नु पर्छ ।
बढ्दै अगाडि अझ जान सके सुसिद्ध
अल्छी गरे हुँदि सदा भइने असिद्ध । (१२-३४)

यसरी महाकाव्य भित्रका सम्पूर्ण पात्रहरूले आ-आफ्नो क्षेत्रबाट कर्तव्य निष्ठालाई आत्मसाथ गरी कर्तव्यको परिपालना गरेको देखिन्छ । गोर्खा, पर्वत र पाल्पाराज्यका शासकहरूको कर्तव्यपरायणतालाई प्रस्तुत गरी आजका मानवलाई पनि त्यस्तै कर्तव्यनिष्ठ बनाउने पवित्र लक्ष्यतर्फ महाकाव्य उन्मुख रहेको देखिन्छ ।

### ४.६.१३ जातीय पहिचानको प्रस्तुति

**शौर्यगाथा** महाकाव्यमा आत्रेय गोत्री बम मल्ल राजाहरूको वर्णन र बलिपाध्याको शौर्य र पराक्रमको गाथा गाइएको छ । पर्वत राज्यमा पन्ध्रौं शताब्दीदेखि नै आत्रेय वंशका राजाहरूले शासन सत्ता संहाल्दै आएका र राजगुरु बलिपाध्या पनि आत्रेय वंश परम्पराकै भएकाले पर्वत राज्यको सञ्चालनमा आत्रेय वंशको विशेष योगदान थियो भन्ने स्पष्ट हुन्छ । पर्वत राज्यको केन्द्र मानिने पाङ्गा ग्राममा आत्रेय वंशीहरूको वस्ति रहेको र बलिपाध्या जस्ता वीर पुरुषहरूले जन्मलिएको कुरा र जातीय गौरवको प्रस्तुतिलाई यसरी व्यक्त गरिएको छ :

आत्रेय गोत्रको वंश, पौडेल कुलको थर ।
पर्वत राज्यको केन्द्र, पाङ्गा ग्राम छ सुन्दर ॥ (२-१)
पर्वते हुँ म ता वीरको जातक
धर्मका निम्तिमा दुष्टको घातक
सन्तका दुःखको भेदको भञ्जक
मित्रको मीत हूँ शत्रुको नाशक ॥ (६-२३)

प्रस्तुत महाकाव्यमा नेपालमा बसोबास गर्ने विभिन्न वंश परम्पराका शासक र जनताहरू मध्ये आत्रेय वंशका शासकहरूको ऐतिहासिक तथ्यको खोजी गर्ने प्रयास गरिएको छ । पर्वत राज्यमा आत्रेय वंशका राजाहरूको योगदान उल्लेख गरेर राज्य सञ्चालनका निम्ति आत्रेय वंशहरूको ज्ञान, अनुभव र व्यवहारलाई प्रस्तुत गरी वंशपरम्पराको महिमा र योगदानको चर्चा गर्नु कृतिको अभीष्ट रहेको देखिन्छ ।

## ४.७ परिवेश चित्रण

**शौर्यगाथा** महाकाव्यमा पर्वतराज्य, गोर्खा राज्य र पाल्पा राज्यको परिवेशलाई समेटिएको छ । स्थान, काल र वातावरणको पारिवेशिक वर्णन महाकाव्यमा गरिएको छ । समयका हिसाबले हेर्दा महाकाव्यमा वि.सं. १४९३-१८४३ सम्मका घटनाहरूलाई समावेश गरिएको छ । काव्यमा आन्तरिक र बाह्य दुवै परिवेशको सफल चित्रण भेटिन्छ । यस महाकाव्यमा भौगोलिक हिसाबले विस्तृत क्षेत्रलाई समेटेको छ ।

महाकाव्यमा पर्वत, गोर्खा, पाल्पा, काठमाडौं, तनहूँ, लमजुङ आदि राज्यका विभिन्न क्षेत्रको उल्लेख गरिएको छ । पर्वत राज्यका पाङ्गा ग्राम, बलेवा, ज्यामरुङकोट, ढोलथाना जस्ता ठाउँहरूको वर्णन छ भने पञ्चासेको, मनोरम दृश्यलाई पनि काव्यमा वर्णन गरिएको छ :

उत्तर् हेर्दा हिमशिखरले दीप्त यो पूर्णधाम
पूर्वै हेर्दा अझ गहकिला शैलशोभाभिराम ।
पञ्चासेको हरित चुचुरादेखि द्यौरालि पैँयौं
अग्ला होचा अति मनहरा दृश्य देखिन्छ कैयौं ॥ (११-२०)

महाकाव्यमा स्थानगत परिवेशका रूपमा पहाड, पर्वत, भन्ज्याङ्, द्यौराली, कोट, नदीनाला, बनजङ्गल, बाटोघाटो आदिलाई चित्रण गरिएको छ भने वनारस सम्मको यात्रालाई वर्णन गरिएको छ ।

काव्यको आन्तरिक परिवेश अन्तर्गत विभिन्न चाडपर्व, उत्सव, संस्कार र राजनैतिक खिचातानी, द्वन्द्व, युद्ध, षड्यन्त्रलाई प्रस्तुत गरिएको छ । काव्यमा आध्यात्मिक चिन्तनको पनि प्रस्तुति रहेको छ । आत्रेय वंशी राजाहरूको शासन सत्तालाई वर्णन गरिएकाले जातीय परिवेशको पनि चित्रण भेटिन्छ । नेपाल एकीकरणको अभियानसम्म देखा परेका बाइसे चौबिसे राज्यहरूको सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक, जनजीवन र पद्धतिको चित्रण यस काव्यमा गरिएको छ । समयगत हिसाबले हेर्दा काव्यमा विहान, साँझ, रात, महिना, वर्ष, वर्षा, हिउाद जस्ता समयको पनि स्पष्ट किटान गरिएको छ । जस्तै :

बिहानैमा उठी जन्ती सौच स्नान पनि गरी ।
सन्ध्या बन्दनका साथै नित्यकर्म सकी जन ॥ (३-३९)
माना पाथी मुसिर दिनमा रास धानै भरेर
साना ठूला विविध चुचुरा बाँड अंशै गरेर ।
झर्ना साना नगकप भरी झुण्डिए पीङ जस्ता
थुम्काथुम्की तरुणयुवती स्तन्य गोला प्रसूता ॥ (११-१९)

यसरी प्रस्तुत काव्यमा देशकाल वातावरणका साथै सामाजिक, धार्मिक र प्राकृतिक परिवेशको चित्रणलाई विषयवस्तुको घटनाक्रमसँगै प्रस्तुत गरिएको छ । प्राचीन कालखण्डको

ऐतिहासिक तथ्यको खोजी गर्ने महाकाव्य भएकाले यसमा प्रयुक्त परिवेशगत चित्रणले पनि इतिहास पक्षलाई प्रमाणित गर्न थप सहयोग पुऱ्याएको छ ।

## ४.८ उद्देश्य

प्रस्तुत महाकाव्यमा ऐतिहासिक सत्यतथ्यको उत्खनन गर्नु मुख्य उद्देश्य रहेको छ । पर्वत राज्यको ऐतिहासिक पक्ष र नेपाल एकीकरणको अभियानसँग सम्बन्धित विभिन्न घटना-परिघटनाहरूलाई यथार्थरूपमा प्रस्तुत गर्नु यस महाकाव्यको मुख्य ध्येय हो । पर्वतराज्यमा आत्रेय वंशी पुर्खाहरूको संलग्नता र कार्यकुशलताको वर्णन गर्दै तत्कालीन शासक र नेतृत्ववर्गको शौर्यको गाथा गाउनु पनि यस काव्यको उद्देश्य भित्र पर्दछ ।

महाकाव्यमा थुप्रै उद्देश्यहरू अन्तर्निहित छन् । प्रमुख रूपमा पर्वत राज्यको इतिहासलाई छर्लङ्ग पार्ने काव्यको उद्देश्य भए पनि न्याय, सत्य, समानता, सहयोग जस्ता मानवीय पक्षमाथि जोड दिनु कर्तव्यको पाठ सिकाउनु, आदर्श र असल शासन व्यवस्थाको समर्थन गर्नु, स्वार्थ, लुच्याइँ, घमण्ड र मूर्खताले मानवजीवनलाई अधोगतितर्फ उन्मुख गराउँछ भने सत्चेतना, ज्ञान र समर्पण भावले मानिस प्रगतितर्फ उन्मुख भई वास्तविक शान्ति र खुसी प्राप्त गर्न सक्छ भन्ने उद्देश्य पनि महाकाव्यमा व्यक्त भएको छ । काव्यभित्र नारीका आदर्शहरू प्रस्तुत गरी आजका नारीहरूलाई सुभद्रा र राजेन्द्रलक्ष्मी जस्तै साहसिक र सर्वगुण सम्पन्न बनाउने उद्देश्यलाई पनि काव्यले प्रस्तुत गरेको छ ।

पिता पुर्खाको योगदानको मूल्याङ्कन गर्दै उनीहरूप्रति सम्मान प्रकट गर्नु र उनीहरूले देखाएको बाटो र दिएको सत् प्रेरणामा अग्रसर हुन सबैलाई आग्रह र प्रेरणा दिनु पनि महाकाव्यकै उद्देश्यभित्र पर्दछ ।

## ४.९ लयविधान

**शौर्यगाथा** महाकाव्यमा शास्त्रीय छन्दको प्रयोग गरी बाह्यलयलाई प्रयोग गरिएको छ । छन्द प्रयोगका हिसाबले यो महाकाव्य सफल र सार्थक बनेको छ । यस महाकाव्यमा २० ओटा छन्दको प्रयोग गरिएको छ । यसमा सर्गान्तमा 'स्रग्धरा' छन्दको प्रयोग गरिएको

छ । महाकाव्यभित्र थोरैमा दिक्पाल छन्दको १ श्लोक रहेको छ भने बढीमा अनुष्टुप छन्दका २१४ ओटा श्लोकहरू रहेका छन् । महाकाव्यमा प्रयोग गरिएका विभिन्न छन्दहरूको लयविधानलाई हेर्दा कवि छन्दप्रति रुचि राख्ने र प्रयोग कुशलतालाई निर्वादरूपमा अङ्गिकार गर्ने छन्देली कविका रूपमा देखा परेका छन् । विशुद्ध शास्त्रीय छन्दको प्रयोग गरिएको यस महाकाव्यमा लेखकको छन्द प्रयोगको सफलता वा सिद्धिलाई निम्न लिखित श्लोकहरूमा यसरी हेर्न सकिन्छ :

**क) शार्दूलविक्रीडित**

मान्छे मर्दछ सत्य हो तरपनि जोकाम राम्रो गरे
तीता जल्दि नमर्दिए पनि हुने भन्ने सबैको छ रे !
इच्छा मात्र गरेर बस्नु दुनियाँ आँसु नयन्मा भरे
आत्मा अन्तमहाँ अनन्त नपुगी बाटो कहाँ हुन्छ रे ? (९-१९)

यस उदाहरणमा प्रत्येक पाउमा १९-१९ वर्ण भएका पङ्क्ति देखिन्छन् । यसको ६ र १२ अक्षरमा विश्राम हुन्छ भने म, स, ज, स, त, त गण र एक गुरु वर्ण हुन्छ ।

**ख) मन्दाक्रान्ता**

सेतो सारी धवलतर छन् केशपासादि नाना
शुक्ला वर्णा मुदितवदना स्वेत दन्तादिमाला ।
ओड्ने सेतो पनि छ सुकिलो फट्टिमाला सुवर्णा
'पाऊ लागी' अवतरित यी शारदा तुल्य आमा ॥ (१-१)

यस छन्दमा १७ अक्षर रहन्छन् । यसमा म, भ, न, त, त गण र अन्त्यमा २ दीर्घ वर्ण रहन्छन् । यसको ४ र १० अक्षरमा विश्राम हुन्छ ।

**ग) शिखरिणी**

कि युद्धै जित्ने छौं कि त अब हुने स्वर्ग गमन
यही हाम्रो बाटो अबपछि फिरी नर्क नभन ।

इतिहास् हाम्रो होस् मगमग फुलेको फुलसरी

यसैको शोभामा चकित बटुवा हाँस्छ जसरी ॥ (९-१६)

यस छन्दमा १७ अक्षर रहन्छन् । यसमा य, म, न, स, भ गण र अन्त्यमा १ लघु र १ गुरु वर्ण रहन्छन् । यसको ६ र ११ अक्षरमा विश्राम हुन्छ ।

**घ) वसन्त तिलका**

यस्तो स्थिती बुझिकनै भइ दूरदर्शी

पृथ्वी नरेश कसिए नभनेर पर्खी ।

गोर्खा भनेर चिनिने खुप शक्तिशाली

सेना र कूटनितिका रण कौशली यी ॥ (७-४)

यस छन्दमा १४ अक्षर हुन्छन् । त, भ, ज , ज गण र अन्त्यमा २ गुरु वर्ण रहन्छन् । यसमा ८ औं अक्षरमा विश्राम हुन्छ ।

**ङ) मालिनी**

जनमन छ सबैको आर्य संस्कृति हाम्रो

युगयुग चलिराको नित्यकार्यै छ राम्रो ।

जनम समय देखि मृत्यु पर्यन्त हामी

किन किन सकिँदैनन् धर्म-संस्कार थामी ॥ (२-९९)

यस छन्दमा १५ अक्षर हुन्छन् । यसमा न, न, म, य, य गण रहन्छन् । यसको ८ अक्षरमा विश्राम हुन्छ ।

**च) स्रग्धरा**

धेरै लामो छ गाथा परवत अझ यो राज राज्यै विशेष

यहाँ आएर को के कति गरन सके कार्य बाधा नि के छ ?

जिज्ञासा यै छ विद्यापति अति चतुरा प्रश्नका यी निदान

दिन्छिन् सम्झेर केही विगत हजुरआमा खुसीले तमाम ॥ (३-८५)

यस छन्दमा २१ अक्षर हुन्छन् । म, र भ, न, य, य, य गण हुने यस छन्दमा ७ औँ र १४ औँ अक्षरमा विश्राम हुन्छ ।

यी बाहेक यस महाकाव्यमा अनुष्टुप, उपजाति, इन्द्रबज्रा, उपेन्द्रबज्रा, इन्द्रवंशा, वंशस्थ, भुजङ्गप्रयात, स्रग्विणी, पञ्चचामर, वासन्ती, कुसुमविचित्रा, चम्पकमाला, दिक्पाल छन्दको प्रयोग गरिएको छ ।

## ४.१० उक्तिढाँचा

प्रस्तुत महाकाव्य तृतीय पुरुष उक्तिढाँचामा संरचित छ । यसमा पूर्वदीप्ति कथनलाई प्रयोग गरिएको छ । यसको घटनालाई कवि स्वयमले वर्णन गरेको नभई पार्वतीले नाति विद्यापति पौडेललाई आफ्ना पुर्खाहरूको गौरवगाथा वर्णन गरी सुनाएकाले यसमा कवि निबद्धवक्तृ प्रौढोक्तिको प्रयोग भएको छ ।

विद्यापति पौडेलले विभिन्न प्रश्नहरू सोध्ने र हजुरआमा पार्वतीले त्यसको उत्तर दिएकीले यसमा केही मात्रामा संवादशैलीको पनि प्रयोग गरिएको छ । महाकाव्यकारले पार्वती र विद्यापतिका माध्यमबाट आत्रेय वंशी बम मल्ल राजा र बलिपाध्याको वर्णन गरेकाले महाकाव्यमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ भन्न सकिन्छ ।

नाति विद्यापति पौडेललाई पार्वती हजुरआमाले आफ्ना वंशको कीर्तिगाथा सुनाएको प्रसङ्ग यसरी व्यक्त भएको छ :

हाम्रो श्रद्धा जससित सदा रक्तनाता रहन्छ
बोई आमा सकल जनकी स्नेह माया कहन्छ ।
छोरा नाती वरिपरि सबै 'पार्वती' प्रेमसाथ
भन्छिन् आफ्नो सकल पुरखा वंशका कीर्तिगाथा ॥ (१-६)

त्यसै गरी नाति विद्यापतिले आफ्ना पितापुर्खाका बारेमा यस्तो जिज्ञासा राखेका छन् :

नाती यौटा सब विषयको ज्ञातपारी विवेकी
नामै जस्तो सकलविद 'विद्यापती' नामधारी ।

सोध्छन् यिन्ले स्वजन सबको वंश वृक्षादि नाना

आफ्ना पुर्खा कुन पथ गरी को कति छन् सुनामा ॥ (१-५)

## ४.११ भाषाशैली

प्रस्तुत महाकाव्यमा सामान्य र बोलिचालीमा प्रयुक्त भाषाको छनोट गरिएको छ र पूर्वदीप्ति ढाँचामा वर्णनात्मक शैलीलाई अँगालिएको छ । शास्त्रीय छन्दमा रचित यो काव्य भाषिक प्रयोगका हिसाबले संस्कृत, नेपाली र आगन्तुक भाषाका शब्द प्रयोगलाई जोड दिइएको छ भने छन्द मिलाउने क्रममा शब्दको वर्णविन्यासलाई विचलित गर्ने काम पनि देखिन्छ । यसमा तत्कालीन समाजमा प्रयोग हुने कथ्य तथा गाउँले स्थानीय भाषाको पनि सफल प्रयोग गरिएको छ । कवितामा कतिपय शब्दहरू साङ्केतिक र सूत्रात्मक रूपमा व्यक्त गरेर त्यसको पूर्ण जानकारी पाठ टिप्पणीका रूपमा प्रस्तुत गरिएकाले काव्यको भावबोधमा सहजता र बोधगम्यता रहेको देखिन्छ । काव्यभित्र आलङ्कारिक भाषा, बिम्ब, प्रतीक र दृश्यात्मक भाषाको पनि प्रयोग भेटिन्छ ।

संस्कृत उक्तिहरूको प्रयोग :

'सर्वनाश समुत्पन्ने अर्धं त्यजति पण्डित'

भन्ने यो मान्यतामाथि विचार गरिबक्सियोस् ॥ (९-४८)

प्रार्थनापछि यो श्लोक उच्चारण गराइयो

'मा निषादः' भनी पैह्ला वाल्मीकि पहिला कवि ॥ (२-६९)

## ४.१२ रस

**शौर्यगाथा** महाकाव्यमा वीररसको सघनता भए पनि यसमा शृङ्गार, करुण, शान्त रसको पनि प्रयोग भएको पाइन्छ । काव्यमा रसको अभिव्यक्तिद्वारा नै भावबोध र कलात्मक मूल्यको पहिचान गर्न सकिने भएकाले काव्यमा यसको महत्त्व रहन्छ । पूर्वीय काव्य सिद्धान्त अनुसार महाकाव्यमा शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एकको प्रधानता हुनुपर्ने मान्यता अनुरूप नै यस महाकाव्यमा वीर रसलाई प्रधान रसका रूपमा प्रयोग गरिएको छ ।

### ४.१२.१ वीर रस

अजङ्ग गर्जेर भुजङ्ग जस्तै
फुङ्कार भर्थे रणसिंह जस्तै ।
थुरुङ्ग काँप्दै रिपु वक्क हुन्थे
गल्र्याम्म भूमिकन चुम्न पुग्थे ॥ (५-३२)

यस श्लोकमा अजङ्गको गर्जन गर्नु, भुजङ्ग जस्तै फुङ्कार भर्नु, शत्रु डरले काँप्नु, भुइँमा पछारिनु जस्ता क्रियाकलापले वीररसको अभिव्यक्ति दिएका छन् ।

### ४.१२.२ शृङ्गार रस

दोहोरी गीतले हाने घोचपेच र व्यङ्ग्यका ।
यस्तै यस्तो चल्यो ठट्टा तन्नेरी तरुनीसँग ॥ (३-५५)

यस श्लोकमा तन्नेरी र तरुनीका बिच दोहोरी गीतले घोचपेच र व्यङ्ग्य गर्नु, हाँसो ठट्टा चल्नु जस्ता क्रियाकलापले शृङ्गार रसको उद्बोधन भएको छ ।

### ४.१२.३ करुण रस

'काशी जान्छन्' भनी आमा चिन्ताग्रस्त भईकन ।
स्वयं बलि गई थामे आमाको कलिलो मन ॥ (३-२)
छोरी रोदनले गर्दा आमाले रोक्न मुस्किल ।
पऱ्यो दुवै जना भन्दा बाबुको अझ रोदन ॥ (३-७५)

माथिको पहिलो पङ्क्तिमा बलिपाध्या अध्ययनार्थ काशीजान लाग्दा आमाको मनमा वियोगको पीडाले सताएको र बलिले आमाको मन थामिदिएको कारुणिक प्रसङ्ग छ भने दोस्रो पङ्क्तिमा छोरीको विवाह समाप्ति पश्चात् छोरी र आमा-बाबुको वियोगको रोदन कारुणिक पक्ष बनेर देखा परेको छ ।

### ४.१२.४ शान्त रस

सन्मार्ग चिन्तन गरी परमार्थ के हो ?
तेस्को विशेष पथको पद चिह्न जो हो

खोजी गरीकन बढेर अगाडि धेर

अध्यात्म चिन्तन नयाँ विधिले गरेर । (१३-१२)

प्रस्तुत श्लोकमा परमार्थ चिन्तनद्वारा सत्मार्गको अवलम्बन गर्न आध्यात्मिक मार्ग अवलम्बन गरी वास्तविक सुख र शान्तिको अनुभव गर्न सकिने भाव व्यक्त भएकाले यसमा शान्त रसको अभिव्यक्ति रहेको छ ।

## ४.१३ अलङ्कार

अलङ्कार काव्यको गहना हो । यसले काव्यमा सौन्दर्यको चमत्कार बढाउने काम गर्दछ । अलङ्कार शब्द र अर्थका तहमा प्रयुक्त हुन्छ । महाकाव्यमा कवितात्मक प्रस्तुति हुने भएकाले यसभित्र थुप्रै शब्दालङ्कार र अर्थालङ्कार प्रयोग भएका छन् । अलङ्कार प्रयोगका दृष्टिले **शौर्यगाथा** महाकाव्य उत्कृष्ट ठहरिएको छ ।

### ४.१३.१ शब्दालङ्कार

प्रस्तुत महाकाव्यमा अनुप्रास, यमक जस्ता शब्दालङ्कारको प्रयोग भएको छ :

**अनुप्रास अलङ्कार**

व्यञ्जन वर्णको पुनरावृत्ति हुने अलङ्कारलाई अनुप्रास अलङ्कार भनिन्छ । प्रस्तुत काव्यमा छेकानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको देखिन्छ ।

**वृत्यनुप्रास**

देश सारा भयो पुष्प उद्यानझैँ

वासना फूलका धूलका जालझैँ ।

सन्त यो शान्त यो मुग्ध वासन्त यो

रङ्गले मङ्गले रागले सङ्ग भो ॥ (६-३०)

**अन्त्यानुप्रास**

बोली मीठो सुनिरहनुझैँ मिष्ट संगीत जस्तो

हाँस्दा खस्ने मुदित कुसुमै भाव सौन्दर्य कस्तो !

यिन्ले बोल्दा चकित नहुने क्वै पनी भेटिँदैन
भेट्दा फेरी पनि अझ मनै प्यास यो मेटिँदैन ॥ (१-२)

माथिका कवितांशमा सन्त, शान्त, वासन्त शब्दका 'त' र रङ्गले, मङ्गले, सङ्गले शब्दका 'ले' वर्णले अनेक पटक आवृत्त भई वृत्यनुप्रासको सिर्जना गरेका छन् भने अर्को पङ्क्तिमा जस्तो, कस्तो, भेटिँदैन, मेटिँदैन शब्दले अन्त्यानुप्रासको सिर्जना गरेका छन् ।

## ४.१३.२ अर्थालङ्कार

अर्थका तहमा चमत्कार प्रदान गर्ने काव्य-सौन्दर्य तत्त्वलाई अर्थालङ्कार भनिन्छ । यस काव्यमा उपमा, रूपक, दृष्टान्त, सन्देह आदि अलङ्कारको प्रयोग भएको छ ।

**उपमा अलङ्कार**

आज बलि बनेका छन् धपक्कै रूपका धनी ।
अझै शृङ्गारले गर्दा इन्द्रतुल्य थिए उनी ॥ (३-४६)
सुभद्रा पनि राम्री झन् शृङ्गार रासले गरी ।
उज्याली चन्द्रमा जस्ती कृष्णकी बहिनी सरी ॥ (३-४७)

माथिको पहिलो श्लोकमा बलिलाई इन्द्रको रूप सौन्दर्यसँग तुलना गरिएको छ भने दोस्रो श्लोकमा सुभद्रालाई उज्यालो चन्द्रमा र कृष्णकी बहिनीसँग तुलना गरिएकोले यसमा उपमा अलङ्कारको प्रयोग भएको छ ।

**रूपक अलङ्कार**

आत्मीयहरूको मेल विचारहरूको फल ।
यथार्थहरूको मन्थ नौनी निष्कर्ष सार छ ॥ (९-६४)
अन्नापूर्णा अब भरखरै चूलि टौवा पराल,
धौलासेतै वितत शिरको वृद्धको हो कपाल ।
माछापुच्छ्रे नवघर धुरी गाडिएको खमा हो
सप्पै जोडी सकल विधिले बास आफ्नो बना हो ॥ (११-१८)

माथिको पहिलो श्लोकमा विचारलाई फल, यथार्थलाई मन्थन र निष्कर्षलाई नौनीमा आरोप गरिएकाले रूपक अलङ्कारको प्रयोग भएको देखिन्छ । त्यस्तै दोस्रो श्लोकमा अन्नपूर्णालाई टौवा परालसँग, धौलागिरीलाई वृद्धको कपालसँग र माछापुच्छ्रेलाई धुरी गाडिएको खम्बासँग आरोप गरिएकाले यो पनि रूपक अलङ्कारभित्रै पर्दछ ।

**सन्देहालङ्कार**

आएका अर्जुनै हुन् वा कामदेव नयाँ थिए ।

सुभद्रा सव्यसाचीको संझना यसले दियो ॥ (३-४८)

प्रस्तुत श्लोकमा बेहुला बनेर आएका बलिलाई अर्जुन वा कामदेव को हुन् भन्ने शङ्का सुभद्रामा पर्न गएकाले यसमा सन्देहालङ्कारको प्रयोग भएको छ ।

**अर्थान्तरन्यास अलङ्कार**

पाएर ज्ञानको ज्योति खाएर उखुको रस ।

लाएर मनको माया सन्तुष्टि नहुने रछ ॥ (२-९८)

प्रस्तुत श्लोकमा ज्ञानको ज्योति, उखुको रस र मनको मायाले सन्तुष्टि नहुने कुरालाई एक अर्थपछि अर्को अर्थमा पुष्टि गर्दै लगिएकाले यसमा अर्थान्तरन्यास अलङ्कारको प्रयोग भएको छ ।

**दृष्टान्तालङ्कार**

ज्ञान जति बढी जान्छ उत्ती लोभ हुने र छ ।

कैह्लै नभरिने घ्याम्पो यो देह रै छ निर्मित ॥ (२-९७)

प्रस्तुत श्लोकमा ज्ञान जति बढ्यो उति नै झन् आवश्यक पर्ने कुरालाई देहरूपी घैंटोको उदाहरण दिएकाले यो दृष्टान्तालङ्कारको नमुना हो ।

## ४.१४ शीर्षकीकरण

इतिहासमा सुपरिचित पर्वत राज्यका आत्रेय गोत्री बम मल्ल राजाहरूको वर्णन, आत्रेयवंशी बलिपाध्याको शौर्यको वर्णन र नेपाल एकीकरण अभियानमा राष्ट्रनिर्माताहरूले देखाएको बहादुरी र पराक्रमसँग यो महाकाव्य सम्बन्धित छ । तत्कालीन शासकहरू र पुर्खाहरूको शौर्यको गाथा वर्णन गरिएकाले यसको शीर्षक **शौर्यगाथा** राख्नु उपयुक्त र सार्थक देखिन्छ ।

यो काव्यको शीर्षक विषयसँग सम्बन्धित रहेको छ । ‘शौर्यको गाथा’ विग्रहबाट शौर्यगाथा बनेको यस समस्त शब्दले वीर-पुर्खाहरूको ऐतिहासिक योगदानको चर्चा गरेकोले कृतिको शीर्षक **शौर्यगाथा** रहनु सान्दर्भिक देखिएको छ ।

## ४.१५ निष्कर्ष

लकाश पौडेलद्वारा लिखित **शौर्यगाथा** महाकाव्य १३ सर्ग र उपसंहार खण्डमा विस्तारित ऐतिहासिक महाकाव्य हो । शास्त्रीय छन्दको प्रयोग गरी लेखिएको यस महाकाव्यमा जम्माजम्मी ७३३ वटा श्लोकहरू रहेका छन् भने २० वटा छन्दको प्रयोग गरिएको छ । पर्वत राज्य र यसको सेरोफेरोमा आधारित कथावस्तुलाई वर्णनात्मक र पूर्वदीप्ति ढाँचामा प्रस्तुत गरिएको छ । विस्तृत कथावस्तुलाई अँगालेको यो महाकाव्य आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध रहेको छ । शासक वर्गको उदात्त चरित्रलाई विश्लेषण गर्ने यो काव्य वीरहरूको शौर्यगाथामा आधारित छ ।

यस महाकाव्यमा आत्रेय वंशी मल्लराजाहरू, राजगुरु बलिपाध्या र गोर्खाली राजाहरूको ऐतिहासिक योगदानको चर्चा गरिएको छ । बलिपाध्याको देशभक्ति, त्याग र समर्पण भावलाई गाथाका रूपमा प्रस्तुत गर्ने यस महाकाव्यले देशभक्तिको भावना, प्राकृतिक, राजनैतिक, सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक, शैक्षिक र प्रशासनिक अवस्थालाई चित्रण गरेको छ । यसका साथै नारी अस्तित्व र आदर्श, युद्धको वर्णन, कर्तव्य परायणता र जातीय पहिचानको प्रस्तुतिलाई मुख्य भावविन्दु बनाएको छ । काव्यले पर्वत, पाल्पा र गोर्खाराज्यको भौगोलिक, सामाजिक र राजनीतिक परिवेशलाई समेटेको छ । प्रस्तुत महाकाव्यको मुख्य उद्देश्य भनेको पर्वत राज्यको ऐतिहासिक पक्षको उत्खनन नै हो । संस्कृत शब्द र स्थानीय भाषाको प्रयोगलाई बढी महत्त्व दिएको यस काव्यमा वीर, करुण र शान्त रसको अभिव्यक्ति पाइन्छ । यसमा शब्दालङ्कार र अर्थालङ्कारको सुन्दर प्रयोग गरिएको छ । तृतीय पुरुष कथनात्मक ढाँचामा लेखिएको यस महाकाव्यले वीर शासकहरूको पराक्रम र शौर्यको गाथा गाएकाले यसको शीर्षक **शौर्यगाथा** उपयुक्त र सार्थक देखिएको छ ।

# पञ्चम परिच्छेद

# निष्कर्ष तथा उपसंहार

# पञ्चम परिच्छेद

# निष्कर्ष तथा उपसंहार

## ५.१ परिचय

यस परिच्छेदमा **शौर्यगाथा** महाकाव्यको अध्ययनका सन्दर्भमा प्रत्येक परिच्छेदको छुट्टाछुट्टै निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ प्रथम परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा शौर्यगाथा महाकाव्यको अध्ययन शीर्षक अन्तर्गत शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । यसमा विषय परिचय, शोध समस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधको सैद्धान्तिक ढाँचा, शोधपत्रको रूपरेखा सम्बन्धी शीर्षकहरू प्रस्तुत गरिएको छ ।

## ५.३ द्वितीय परिच्छेदको निष्कर्ष

द्वितीय परिच्छेदमा महाकाव्यको सैद्धान्तिक स्वरूपलाई प्रस्तुत गरिएको छ । महाकाव्यका बारेमा सामान्य परिचय दिँदै महाकाव्यसम्बन्धी पूर्वीय र पाश्चात्य मान्यताहरूलाई प्रस्तुत गरिएको छ । यसै क्रममा विभिन्न विद्वानका महाकाव्य सम्बन्धी भनाइहरू पनि राखिएको छ । यसै परिच्छेदमा महाकाव्य सम्बन्धी आधुनिक चिन्तन र धारणालाई समेट्दै पूर्वीय र पाश्चात्य महाकाव्य मान्यताको तुलनात्मक समीक्षा गरिएको छ । यसमा कथानक, चरित्र, परिवेश, उद्देश्य, रस, छन्द र भाषाशैलीलाई महाकाव्यका तत्त्व अन्तर्गत विश्लेषण प्रस्तुत गरी समग्रमा महाकाव्यसम्बन्धी सैद्धान्तिक पक्षको निष्कर्ष दिइएको छ ।

## ५.४ तृतीय परिच्छेदको निष्कर्ष

तृतीय परिच्छेदमा लकाश पौडेलको जीवनवृत्त र उनको महाकाव्यकारितालाई प्रस्तुत गरिएको छ । बाग्लुङ, बलेवामा जन्मिएर चितवनमा स्थायी बसोबास गर्दै आएका लकाश पौडेलको जीवनवृत्त अन्तर्गत जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक जीवन र पारिवारिक अवस्था, प्रेरणा र प्रभाव, भ्रमण, सम्मान तथा पुरस्कार, पेसा तथा संलग्नता, बसाइँ सराइँ र विविध व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । यसका साथै कवि पौडेलको महाकाव्यकारिता र निष्कर्षलाई पनि उल्लेख गरिएको छ ।

नेपाली साहित्यका विविध विधामा कलम चलाउने पौडेल मुख्य रूपमा भने कवि नै हुन् । कविता विधामा पनि कविता, महाकाव्य, गजल, मुक्तक आदि लेखेका उनले काव्यको उत्कर्ष भने महाकाव्यबाटै प्राप्त गरेको देखिन्छ । साहित्य सेवाका साथै सामाजिक सेवामा पनि समर्पित लकाश पौडेलले **शौर्यगाथा** महाकाव्य नेपाली साहित्यमा समर्पित गरेका छन् । ऐतिहासिक पक्षको उद्घाटन गर्दै सत्य, न्याय र आदर्शमा जोड दिनु, आञ्चलिकताको प्रयोग गर्नु, पूर्वीय काव्य सिद्धान्त र शास्त्रीयतावादी चिन्तनको अनुशरण गर्नु, विविध छन्द र अलङ्कारको प्रयोगका साथै बोधगम्य सरल भाषाको प्रयोग गर्नु उनको मुख्य महाकाव्यकारिता हो ।

## ५.५ चतुर्थ परिच्छेदको निष्कर्ष

चतुर्थ परिच्छेद **शौर्यगाथा** महाकाव्यको अध्ययनसँग सम्बन्धित रहेको छ । यसमा ऐतिहासिक पर्वत राज्य र त्यसका शासकहरूको योगदानको चर्चा गर्नु यस परिच्छेदको मुख्य कार्य हो । **शौर्यगाथा** महाकाव्यमा इतिहास प्रसिद्ध कथावस्तुलाई वर्णनात्मक तरिकाले पूर्वदीप्ति ढाँचामा प्रस्तुत गरिएको छ । यसमा तत्कालीन पर्वत राज्यको सामाजिक, धार्मिक एवं सांस्कृतिक, शैक्षिक, आर्थिक, प्रशासनिक, प्राकृतिक पक्षको चित्रणलाई महत्त्व दिइएको छ । वीर शासकहरूको त्याग र समर्पण भावको प्रशंसा गर्नु, देशभक्तिको महिमागान गर्नु, नारी आदर्शको प्रस्तुति दिनु, कर्तव्य परायणता र जातीय अस्तित्वको पहिचान गर्नु पनि महाकाव्यभित्र कथ्य विषयवस्तु बनेर आएका छन् । यसमा शास्त्रीय छन्दको प्रयोग गरी

तत्कालीन पर्वत, गोर्खा र पाल्पा राज्यका विभिन्न क्षेत्रलाई परिवेशका रूपमा चित्रण गरिएको छ । आलङ्कारिक भाषा र सरल शैलीले महाकाव्यको बोधपक्षलाई सबल तुल्याएको देखिन्छ ।

## ५.६ पञ्चम परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा शौर्यगाथा महाकाव्यको अध्ययनसँग सम्बन्धित प्रत्येक परिच्छेदको निष्कर्ष र उपसंहार प्रस्तुत गरिएको छ ।

## ५.७ उपसंहार

बाग्लुङ बलेवामा जन्मिएर चितवनमा स्थायी बसोबास गर्दै आएका लकाश पौडेल आधुनिक साहित्य सर्जक एवं महाकाव्यकार हुन् । उनले फुटकर कविता, गजल र मुक्तकसङ्ग्रह समेत प्रकाशन गरेका छन् । विभिन्न साहित्यिक र सामाजिक संस्थाका सदस्य समेत रहेका पौडेलले **पद्याञ्जलि** (२०७०), **भावाञ्जलि** (२०७०) कवितासङ्ग्रह, **गीताञ्जली** ( २०७०) सूक्तिकाव्य, **शौर्यगाथा** (२०७१) महाकाव्य, **बहरका लहरहरू** (२०७१) बहरबद्ध गजलसङ्ग्रह र **फेसबुक सन्देश** (२०७१) मुक्तकसङ्ग्रह गरी ६ वटा कृतिहरू प्रकाशनमा ल्याएका छन् भने उनको लेखनी अझै पनि सिर्जन कार्यमा क्रियाशील रहेको देखिन्छ ।

लकाश पौडेलद्वारा रचित **शौर्यगाथा** महाकाव्य इतिहास सम्बद्ध विषयवस्तुमा आधारित छ । पूर्वीय महाकाव्य सिद्धान्त अनुरूप लेखिएको यो महाकाव्य चरित्रलाई महत्त्व दिएर लेखिएको काव्य हो । आत्रेयवंशी बम मल्ल राजाहरूको शासन व्यवस्था र राजगुरु बलिपाध्याको त्याग, बलिदान र समर्पण भावलाई प्रस्तुत गरिएको यस महाकाव्यमा पर्वत राज्यको संस्कृति, सामाजिक, आर्थिक, शैक्षिक, प्राकृतिक, राजनैतिक भावभूमिलाई समेत विश्लेषण गरिएको छ । १५औं शताब्दीदेखि १९औँ शताब्दीसम्मको ४०० वर्ष लामो ऐतिहासिक गाथालाई विषय बनाएर आदर्श र असल राज्य सञ्चालनमा विश्वास राख्ने यस महाकाव्यले नेपाल एकीकरणको अभियान प्रसङ्गलाई पनि छोएको छ ।

यसप्रकार **शौर्यगाथा** महाकाव्यको अध्ययन गर्ने क्रममा महाकाव्यकारको जीवनवृत्त, महाकाव्यकारिता, महाकाव्यको सैद्धान्तिक स्वरूपको परिचय दिँदै महाकाव्यगत तत्त्वलाई महत्त्वपूर्ण आधार मानी महाकाव्यको भावभूमि केलाइएको छ ।

## सम्भावित शोधशीर्षकहरू

**शौर्यगाथा** महाकाव्यमा प्रस्तुत गर्न सकिने शोधशीर्षकहरू :

१) **शौर्यगाथा** महाकाव्यको इतिहासपरक अध्ययन ।

२) **शौर्यगाथा** महाकाव्यको समस्यापरक अध्ययन ।

३) आञ्चलिकताका आधारमा **शौर्यगाथा** महाकाव्य ।

४) **शौर्यगाथा** महाकाव्यको भाषाशैलीगत अध्ययन ।

५) राष्ट्रवादी चिन्तनका आधारमा **शौर्यगाथा** महाकाव्य ।

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची

## क) पुस्तकसूची


**अ ग्लोसरी अफ लिटरेरी टर्म** (१९९३), सिक्स एडिसन, बैङ्लोर : प्रिज्म बुक प्रा.लि. ।

अवस्थी, महादेव (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,** काठमाडौं : इन्टेलेक्च्युअल बुक प्यालेस त्रि.वि. ।

आचार्य, कृष्णप्रसाद (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** काठमाडौं : क्षितिज प्रकाशन ।

उपाध्याय, बलदेव (सम्पा.) (१९६३), **अग्निपुराण,** वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस ।

क्रम्बे, एबर (सन् १९६०), **द इपिक सम एस्से,** फोर्थ इडिसन ।

गौतम, कृष्ण (२०५५), **पाश्चात्य महाकाव्य,** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

गौतम, नारायणप्रसाद (२०६६), **नेपाली महाकाव्य : सिद्धान्त र विवेचना,** काठमाडौं : दीक्षान्त प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०७२), **चितवनको साहित्यिक रूपरेखा,** काठमाडौं : दोभान प्रकाशन ।

चतुर्वेदी, हेमचन्द्र (सन् १९८१), **अरस्तुका काव्यशास्त्र,** दिल्ली : हिन्दी अनुसन्धान परिषद् ।

चापागाईं, नरेन्द्र (२०५१), **केही सिद्धान्त : केही विश्लेषण,** विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

———————— (२०५२), **काव्यसमालोचना,** विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०५३), *भूमिका,* **देवकोटा र उनका महाकाव्य,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (२०४८), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन ।

थापा, मोहन हिमांशु (२०३६), **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन ।

दण्डी (२०२८), **काव्यादर्श,** द्वितीय संस्करण, वाराणसी : चौखम्बा विद्या भवन ।

देवकोटा, लक्ष्मीप्रसाद (२००३), *भूमिका,* **सुलोचना** महाकाव्य, काठमाडौं : ने.भा.प्र.स. ।

नागेन्द्र (सन् १९८१), **अरस्तुका काव्यशास्त्र,** दिल्ली : हिन्दी अनुसन्धान परिषद् ।

नेपाल, देवी (२०६२), **छन्द-पराग,** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०५२), **बृहत् नेपाली शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, लकाश (२०७०), **पद्याञ्जलि,** अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

———————— (२०७०), **गीताञ्जली,** चितवन : चितवन साहित्य परिषद् ।

———————— (२०७०), **भावाञ्जलि,** अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

———————— (२०७१), **शौर्यगाथा,** नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

बराल, ईश्वर (२०५५), **नेपाली साहित्य कोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भामह (२०३८), **काव्यालङ्कार,** द्वितीय संस्करण, वाराणसी : चौखम्बा संस्कृत सदन ।

मिश्र, भागीरथ (२०४७), **काव्यशास्त्र,** वाराणसी : विश्वविद्यालय प्रकाशन ।

रुद्रट (२०३२), **काव्यालङ्कार,** द्वितीय संस्करण, वाराणसी : चौखम्बा विद्या भवन ।

विनोदी, गोविन्दराज (२०५९), **छन्द-विनोद,** चितवन : चितवन साहित्य परिषद् ।

विश्वनाथ (सन् १९६३), **साहित्यदर्पण,** वाराणसी : चौखम्बा विद्या भवन ।

विश्वम्भर 'मानव' (सन् १९६२), **प्रसाद और उनकी कविता,** इलाहवाद : किताब महल प्रा.लि. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** दोस्रो संस्करण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वरकुमार (२०५१), **पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना, प्रमुख मान्यता, वाद र प्रणाली,** ललितपुर : साझा प्रकाशन ।

सी.एम्. बाबरा (सन् १९४५), **फ्रम भर्जिल टु मिल्टन,** लण्डन ।

सुवेदी, अभि (२०३०), **पाश्चात्य काव्य सिद्धान्त,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

स्टिनवर्ग (सन् १९९५), **इन्साइक्लोपेडिया अफ लिटरेरी टर्म** ।

हेमचन्द्र (सन् १९३४), **काव्यानुशासन,** वाराणसी : संस्कृत काव्यमाला ७० ।

## ख) पत्रपत्रिकासूची


ढकाल, मतिप्रसाद (२०७१), *लकाशको फेसबुक सन्देश,* **पारदर्शी** राष्ट्रिय दैनिक, वर्ष १९, अङ्क २९६, पृ. ख ।

त्रिपाठी, वासुदेव (२०२७), *महाकाव्य बुढो पुरानो साहित्यिक विधा,* **प्रज्ञा** वर्ष १, अङ्क १, पृ. १०९ ।

पारदर्शी, संवाददाता (२०७१), *लकाश परिवारद्वारा अक्षयकोष स्थापना,* **पारदर्शी** राष्ट्रिय दैनिक, वर्ष १९, अङ्क २९०, पृ. १ ।

पौडेल, लकाश (२०७१), *बर्दघाटमा कवि गोष्ठी : एक दृष्टि,* **चितवन पोष्ट** दैनिक, वर्ष १७, अङ्क १०५, पृ. २ ।

पौडेल, लक्ष्मीकान्त (२०६७), *परिचयात्मक विवरण,* **ऐतिहासिक तथा वैयक्तिक परिचय सङ्ग्रह** भाग १, पृ. १-६ ।

मुक्तिक्षेत्र, संवाददाता (२०७१), *शौर्यगाथाको लोकार्पण,* **मुक्तिक्षेत्र** राष्ट्रिय दैनिक, वर्ष ४, अङ्क २७१, पृ. १ ।


## ग) शोधपत्रसूची


उप्रेती, बालकृष्ण (२०५९), **पृथ्वीराज चौहान महाकाव्यको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., केन्द्रीय नेपाली विभाग, कीर्तिपुर ।

गजुरेल, हरिप्रसाद (२०७१), **अभिभारा महाकाव्यको विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन ।

ढकाल, दुर्गाकुमारी (२०७१), **कुमार गौरव महाकाव्यको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन ।

सापकोटा, मुक्ति (२०५७), **महाकवि देवकोटाको प्रमिथस महाकाव्यको विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

# परिशिष्ट

## परिशिष्ट

## शोधनायकको छायाँचित्र



**कवि लकाश पौडेल**

(जन्म वि.सं. २००४ माघ ६ गते)